# इलाम जिल्लामा प्रचलित "बालुन लोकनाच" को संकलन, वर्गीकरण र विश्लेषण

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय महेन्द्ररत्न

बहुमुखी क्याम्पस, इलाम नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह

द्वितीय वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत

शोधपत्र

शोधार्थी

देउकुमारी सुवेदी

परीक्षा नं. ३३३९

नेपाली विभाग

महेन्द्ररत्न बहुमुनी क्याम्पस,

इलाम २०६८

## शोध निर्देशकको मन्तव्य

इलाम जिल्लाका लोक नाचहरुको खोजी गर्ने क्रममा ***इलाम जिल्लामा प्रचलित बालुन लोकनाचको संकलन, वर्गीकरण र विश्लेषण*** शीर्षकको यो शोधपत्र ***देउकुमारी सुवेदी***ले मेरो निर्देशनमा रही तयार गरी प्रस्तुत गर्नुभएको हो । निरन्तरको प्रयत्न गरी परिश्रमपूर्वक शोधखोज गरी तयार पारिएको यस शोधपत्रप्रति म पूर्ण सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय महेन्द्ररत्न बहुमुखी क्याम्पस, नेपाली विभाग इलाम समक्ष सिफारिस गर्दछ ।

शोधनिर्देशक

.........................................

(सह-प्रा. बुद्धिप्रसाद घिमिरे)

महेन्द्ररत्न बहुमुखी क्याम्पस

नेपाली विभाग

इलाम

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली विभाग महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम स्नातकोत्तर तह, दोस्रो वर्षको नेपाली विषयको दसौं पत्रको प्रयोजनको लागि **देउकुमारी सुवेदी** द्वारा तयार परिएको प्रस्तुत इलाम जिल्लामा प्रचलित **"बालुन लोकनाच"** को संकलन, वर्गीकरण र विश्लेषण शीर्षकको शोध पत्रलाई नेपाली विषयमा स्नातकोत्तर उपाधिको प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

| | | |
|---|---|---|
| ............................ | ........................................ | ........................................ |
| (सह-प्रा. बुद्धिप्रसाद घिरिमे) | (सह-प्रा चुडामणि वाशिष्ट) | (सह-प्रा बुद्धिप्रसाद घिमिरे) |
| विभागीय प्रमुख | बाह्य परीक्षक | शोध निर्देशक |
| म.र.ब. क्याम्पस | मेची बहुमुखी क्याम्पस | म.र.ब. क्याम्पस |
| इलाम | भद्रपुर | इलाम |

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र आदरणीय गुरु सह-प्रा. श्री बुद्धिप्रसाद घिमिरेको कुशल निर्देशनमा तयार भएको हो । विविध कठिनाईलाई समेत वेवास्ता गरी मलाई शोधकार्यमा अभिप्रेरित गर्नुका साथै उहाँले दिनुभएको अमूल्य सुझाव र उचित सल्लाहका लागि शोध निर्देशक श्रद्धेय गुरुलाई हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

यस शोधकार्य गर्ने सन्दर्भमा मलाई विभिनन सल्लाह दिनुहुने नेपाली विभागमा अध्यापनरत मेरा आदरणीय गुरुहरुप्रति पनि म हार्दिक आभार प्रकट गर्दछु । मेरा पिता र माताप्रति सधै ऋणी छु । साथै शैक्षिक उन्नतिको यस तहसम्म पुग्न बाटो देखाउनुहुने मेरो घरपरिवारका सम्पूर्ण सदस्यहरुलाई हार्दिक आभार व्यक्त गर्दछु ।

शोधपत्र लेनका सन्दर्भमा आवश्यक कृति र सामग्रीहरु उपलब्ध गराउन सहयोग पुऱ्याउनहुने सम्पूर्ण माननीय गुरुहरु र मित्र शरद तिम्सीनाप्रति कृतज्ञताज्ञापन गर्दछु । त्यसैगरी शोधपत्र लेखनकै क्रममा विभिन्न तहबाट सहयोग पुऱ्याउने अन्य महानुभावहरु पनि धन्यवादका पात्र हुनुहुन्छ । साथै टङ्कण गर्न सहयोग गर्नुहुने डबलसिंह बलम्पाकी मगरलाई पनि धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनको लागि त्रिभुवन विश्वविद्यालय मेहन्द्ररत्न बहुमुखी क्याम्पस, नेपाली विभाग, इलाम समक्ष प्रस्तुत गर्दछु ।

शैक्षिक सत्रः २०६३-०६५

मितिः २०६८/५/५

.........................................

देउकुमारी सुवेदी

रोल नं. ३३३९

महेन्द्ररत्न बहुमुखी क्याम्पस,

नेपाली विभाग, इलाम

## सङ्क्षेपीकरण र चिन्ह प्रयोग

क. सङ्क्षिप्त रुप

| सङ्क्षिप्त रुप | पूर्ण रुप |
|---|---|
| वि.सं. | विक्रम सम्वत् |
| गा.वि.स. | गाउँ विकास समिति |
| मा.वि. | माध्यमिक विद्यालय |
| पृ. | पृष्ठ |
| सं | संवत् |

ख. चिन्ह प्रयोग

| चिन्हहरु | अर्थ |
|---|---|
| ... | केही अंश छाडिएको |
| ...... | क्रमशः |
| / | वा, र |
| ० | केही अंश दोहोर्‍याउने |

## पहिलो परिच्छेद

इलाम जिल्लामा प्रचलिन “बालुन लोकनाच” को संकलन, वर्गीकरण र विश्लेषण

## १. शोधपत्रको परिचय

### १.१ शोधशीर्षक

यस शोधको शीर्षक इलाम जिल्लामा प्रचलित “बालुन लोकनाटक” को संकलन, वर्गीकरण र विश्लेषण रहेको छ ।

### १.२. शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिकशास्त्र संकाय अन्तर्गत महेन्द्ररत्न बहुमुखी क्याम्पस नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

### १.३. विषय परिचय

हाम्रो देश नेपाल एक बहुभाषि,क बहुजातीय मात्र नभएर बहुसांस्कृतिक देश हो । नेपालको पूर्वी पहाडदेखि तराई भेगमा साथै पश्चिम महाकालीसम्म भौगोलिक बनौटका आधारमा विभिन्न ठाउँविशेषमा विभिन्न सांस्कृतिक गाथाहरू प्रचलित पाइन्छन् । त्यस्तै प्रचलित गाथाहरू मध्ये नेपालको पहाडी भागमा बस्ने बाहुन, क्षेत्रीहरूको समाजमा प्रचलित “बालुन” एक प्रकारको नृत्यगाथा हो, यसमा रामायण र महाभारतका कथाहरूको प्रदर्शन हुन्छ । नृत्य, अभिनय र लयात्मक संवादका साथ पुरुषहरूद्वारा प्रस्तुत गरिने बालुनको प्रदर्शन कुनै धार्मिक अनुष्ठान, चाडपर्व, उत्सव वा संस्कारको अवसर पारी विशेष गरी शुक्लपक्षको रात्रीमा गरिन्छ ।

### १.४.शोध समस्या

लोकसाहित्यको अभिन्न अङ्गका रूपमा रहेको लोकनाटक बालुन नृत्यगाथाका रूपमा प्रचलित छ । प्राचीन समयदेखि नै परम्परागत रूपमा चल्दै आएको लोकनाटक अन्तर्गत पर्ने मध्यपहाडी भेगमा प्रचलित बालुन विभिन्न धार्मिक अनुष्ठान र संस्कारको अवसर पारेर प्रस्तुत गरिन्छ । बालुनभित्र रामायण र महाभारतको कथाको विषयवस्तु झल्किएको पाइन्छ

। लोकसाहित्यमा धनी मानिने नेपाल अधिराज्यमा पनि लोकसाहित्यका विभिन्न विधाहरू छरिएर रहेका छन् । इलाम जिल्ला पनि लोकसाहित्यमा धनी छ । लोकसाहित्य मध्येको एउटा प्रमुख हाँगो लोकनाटकको रूपमा रहेको बालुनको हालसम्म छुट्टै संकलन वर्गीकरण र विश्लेषण गर्ने काम भएको छैन । केही बालुनका गीतहरू छिटफुट रूपमा कुनै प्रसंगवश कुनै पुस्तकहरूमा संङ्कलित रूपमा देखा परेका छन् तापनि शोधको प्रमुख समस्या इलाम जिल्लामा प्रचलित बालुनको छुट्टै अध्ययन अनुसन्धान नहुनु र सङ्कलित रूप वा एकैठाउँमा नपाइनु हो । मूल समस्यासँग सम्बन्धित अन्य समस्याहरू यस प्रकार छन् ।

१. इलाम जिल्लामा प्रचलित लोकनाटक बालुन छुट्टै संकलन गरी जिज्ञासुहरूका निम्ति पुस्तकको रूपमा प्रकाशित नहुनु ।

२. इलाम जिल्लाको जनजीवनमा प्रचलित लोकनाटक बालुनको परिचय दिने काम नहुनु ।

३. इलाम जिल्लामा प्रचलित बालुनको वर्गीकरण र विश्लेषण नहुनु ।

४. लोकसाहित्यको विधा बालुनको अध्ययन नहुनु र उपेक्षित जस्तो देखिनु ।

## १.५. शोध कार्यका उद्देश्य

लोकसाहित्यको अभिन्न विधा अन्तर्गत पर्ने लोकनाटक बालुनका माध्यमबाट बोद्धिक श्रेष्ठता देखाउने अवसर प्राप्त हुन्छ । लोकका निरक्षर सीधासाधा मानिसको कला र गलामा रूपमा सुरक्षित रहँदै आएको लोकनाटक बालुनमा रामायण र महाभारतका कथाहरूको साथै लोकसंस्कार, संकृति सामाजिक पक्ष आदि प्रदर्शन हुन्छ भने नृत्य, अभिनय र लयात्मक संवादका साथमा प्रस्तुत गरिनु र कुनै धार्मिक अनुष्ठान अथवा संस्कारको अवसर पारी प्रस्तुत गरिनु यसको विशेषता हो । इलाम जिल्लाका प्रचलित लोकनाटक बालुनको संकलन वर्गीकरण र विश्लेषण गर्ने निम्न उद्देश्य राखिएको छ :

१. लोकनाटक बालुनको परिचय दिनु ।

२. इलाम जिल्लामा प्रचलित लोकनाटक बालुनको संकलन र अध्ययन गर्नु ।

३. इलाम जिल्लामा प्रचलित लोकनाटक बालुनको वर्गीकरण र विश्लेषण गर्नु ।

४. लोकसाहित्यमा यसको स्थान निर्धारण गर्नु ।

५. इलाम जिल्लामा भएको बालुनको सङ्कलन गर्नु ।

६. लोकसंस्कृति संरक्षणमा इलाम जिल्लाको योगदानको चर्चा गर्नु ।

## १.६. पूर्व कार्यको समीक्षा

इलाम जिल्लामा प्रचलित लोकनाटक बालुनको बारेमा छुट्टै अध्ययन अनुसन्धान अहिलेसम्म भएको छैन तापनि नेपाली भाषा तथा लोकसाहित्यका अन्य क्षेत्रमा भएका कार्यहरू निम्नलिखित छन् ।

क. काजीमान कन्दङ्वा 'नेपाली जनसाहित्य' काठमाडौं रोयल नेपाली एकेडेमी वि.सं. २०२० मा लोकसाहित्य सम्बन्धी चर्चा गरिए पनि बालुनको चर्चा भने गरिएको पाइदैन ।

ख. लोकसाहित्य पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक निबन्धमा ईश्वरीप्रसाद गैरेको संकरण २०६० मा लोकगीत सम्बन्धी जानकारी भएपनि छुट्टै लोकनाटक बालुनको चर्चा गरेको छैन । अझ इलाम जिल्लाको परिवेशमा भने केही चर्चा नै गरेको छैन ।

ग. लोकसाहित्य अन्तर्गत धर्मराज थापा र हंसपुरे सुवेदीको नेपाली लोकसाहित्यको विवेचना नामक पुस्तक प्रकाशित भएको पाइन्छ । यो पुस्तकमा लोकसाहित्यको अथाह भण्डार हुनुका साथै केही जिल्लामा प्रचलित लोककथा, गाउँखाने कथाहरू भने आएको देखिन्छन् तर इलाम क्षेत्रमा प्रस्तुत बालुनको छुट्टै परिचयात्मक रूपमा प्रस्तुत हुने लोकनाटक बालुन अध्ययन र विश्लेषण भएको छैन ।

घ. लोकसाहित्य अन्तर्गत म.र.ब. क्याम्पस इलामबाट एम.ए नेपाली द्वितीय वर्षको शोधपत्र २०६३ मा प्रेमसागर अधिकारीले इलाम जिल्लाको संगिनी गीतको संकलन र विश्लेषण गरेपनि लोकनाटक बालुनको चर्चा पाइदैन । त्यसैले इलाम जिल्लाको लोकनाटक बालुन उपेक्षित जस्तो देखिएकोले संकलन वर्गीकरण र विश्लेषण गर्ने यहाँ प्रयास गरिएको छ ।

ङ. लोकसाहित्य विशेष चर्चा चूणामणि बन्धुले बालुनको परिचय दिए पनि संकलन र विश्लेषणको तहसम्म बालुनको चर्चा गरेको पाँइदैन, इलाम जिल्ला त अझ अछुतो नै देखिन्छ ।

## १.७. शोधकार्यको औचित्य र उपयोगिता

इलाम प्रचलित लोकनाटक बालुन विस्तृत रूपमा अध्ययन विश्लेषण गर्ने काम अहिलेसम्म नभएको हुनाले यस शोधको महत्व र उपयोगिता स्पष्ट रूपमा देखिन्छ । यो कार्य प्राज्ञिक वा अनुसन्धानात्म दृष्टिले पनि औचित्यपूर्ण छ । इलाम जिल्लाको विस्तृत जानकारी लिने र खोज्ने पाठकहरूका लागि प्रस्तुत शोध कार्य बढी लाभदायक हुनेछ भन्ने विश्वास लिएकी छु । इलाम बाहेक अन्य क्षेत्रमा प्रस्तुत गरिने लोकनाटक बालुन र यस जिल्लामा प्रचलित लोकनाटक बालुनको तुलनात्मक अध्ययन गर्ने स्रोतलाई पनि ठूलो सहयोग पुग्ने देखिन्छ । यी संकलित बालुनको इलामको सामाजिक, भौगोकि, सांस्कृतिक र भाषिक प्रतिविम्ब समेत प्रस्तुत गरेका छन् । यसले बालुन खेल्ने रूची भएका सबै वर्गमा यो औचित्यपूर्ण र उपयोगी हुने देखिन्छ ।

## १.८. प्राक्कल्पना

१. लोकनाच बालुन एक आर्य संस्कृतिको धरोहर हो, यो कतिको संरक्षित छ ?

२. इलाममा प्रचलित लोक नाच बालुनहरू मध्ये श्रीराम चरित्र र श्रीकृष्ण चरित्र प्रमुख रूपमा रहनुको कारण के हो ?

३. इलाम जिल्लाका कुन-कुन स्थानमा बालुन नाचको प्रचलन थियो र हाल कस्तो अवस्थामा छ ?

## १.९. अध्ययनको सीमा

### (क) भौगोलिक सीमा

पहाडकी रानी भनेर चिनिने इलाम जिल्ला अन्य क्षेत्रमा जत्तिकै लोकसाहित्यमा पनि धनी छ । लोकसाहित्यको प्रमुख अङ्ग लोकनाटकको एक अंशको रूपमा रहेको बालुन विभिन्न पर्व, सांस्कृतिक अनुष्ठान आदिमा गाँइने नृत्यगाथा हो, लोकनाटक विधामा पर्ने बालुन सीमाङ्कन गर्न कठिन छ तापनि इलाम जिल्लाको भौगोलिक सीमाभित्र रहेर यथासम्भव यहाँ अध्ययन विश्लेषण गरिएको छ ।

### (ख) विषयगत सीमा

लोकसाहित्य अन्तर्गत पर्ने लोकनाटक बालुन श्रव्य-दृश्य काव्यको रूपमा परिचित छ र लोकसाहित्यका ज्ञाताहरूले यसको थोरै मात्र परिचय गराएकाले यसको विस्तृत अध्ययन र विश्लेषण गर्नु यसको विषयगत सीमा रहेको छ । स्थानीय बोलीमा नै यहाँ प्रचलित लोकनाटक बालुनको सङ्कलन गरी प्रमुख रूपमा वर्गीकरण र विश्लेषण गरिनेछ र इलाम जिल्लाको बालुनको सङ्कलन गरी स्थान समेत निर्धारण गरिएको छ ।

## १.९. सामाग्री सङ्कलन विधि

यस शोध कार्यलाई पूरा गर्ने क्रममा मुख्यतः क्षेत्रीय अनुसन्धान विधिको प्रयोग गरिनेछ । संकलनको क्रममा क्षेत्रीय सर्वेक्षण पद्धति अपनाई विभिन्न ठाउँमा पुगेर स्थानीय बासिन्दा र बालुन सम्बन्धी चासो राख्ने जानकार व्यक्तिहरूसँग सोधपुछ गरी बालुन गाउँन र नाच्न लगाई यस सम्बन्धी कुराकानी, पत्रव्यवहार आदिबाट बालुन सम्बन्धी जानकारी लिने कार्य गरिएको छ । लोकसाहित्यसँग सम्बन्धित प्राध्यापक, शिक्षक, ज्ञाताहरूको सहयोग लिएर तयार गरिएको छ । क्षेत्रीय सामाग्री सङ्कलन र पुस्तकालय विधिबाट सामग्री सङ्कलन गरिएको छ ।

## १.१०. शोधपत्रको रूपरेखा

१. पहिलो परिच्छेद : - शोधको परिचय

२. दोस्रो परिच्छेद : - लोकसाहित्यको सैद्धान्तिक स्वरूप

३. तेस्रो परिच्छेद : - नेपाली लोकनाटकको सामाजिक सैद्धान्तिक परिचय र बालुन लोकनाचको स्थान

४. चौथो परिच्छेद : - इलाम जिल्लामा प्रचलित बालुनको सङ्कलन, वर्गीकरण र विश्लेषण

५. पाचौ परिच्छेद : - उपसंहार

**दोस्रो परिच्छेद**

## लोकसाहित्यको सैद्धान्तिक स्वरूप

### २.१. लोकसाहित्यको चिनारी

हेर्नु वा देख्नु भन्ने अर्थ प्रदान गर्ने संस्कृतको 'लोकृ' धातुमा 'घञ्' प्रत्यय लागेर 'लोक' शब्दको निर्माण भएको पाइन्छ । संस्कृत साहित्यमा वेद र वेदसंग सम्बन्धित भन्दा भिन्न साहित्यलाई लोक संग सम्बन्धित मानेर लौकिक भनिएको छ । शब्दकोषहरूमा संसार, जगत्, दुनियाँ भनेर 'लोक' शब्दलाई अर्थ्याइएको छ । यसरी हेर्दा लोक शब्दको अर्थ सर्वसाधारण वा जनसामान्य भनेर बुझिन आउँदछ ।

'साहित्य' शब्दको अर्थ केलाउदा 'हितेन सह' अर्थात 'हितले साहित' भन्ने हुन्छ । यसबाट लोककल्याण र लोक रञ्जनाको भाव भएको लिखित वा मौखिक रचना नै साहित्य हो भन्ने अर्थ लाग्छ । त्यसैले लोकजीवनको साहित्य नै लोकसाहित्य हो भन्न सकिन्छ । लोक शब्दको अङ्ग्रेजी समानार्थी शब्दका रूपमा 'फोक' (Flok) शब्द प्रचलित छ । पूर्वीय साहित्यमा जुन अर्थ लोकसाहित्यलाई दिएको छ त्यही अर्थमा पश्चिमा साहित्यमा 'फोक लिटरेचर' (Floklitarature) शब्द प्रचलनमा रहेको छ ।

लोकसाहित्य जनसाधारणको सहज स्वभाविक अभिव्यक्ति हो । यसको स्रष्टा अज्ञात हुन्छ । यो सुन्ने सुनाउने परम्पराका माध्यमबाट एक पुस्तादेखि अर्को पुस्तासम्म सर्दै बाँचेको साहित्य नै लोकसाहित्य हो । श्रुतिपरम्परा जीवित रहने हुँदा यो लिखित साहित्य जस्तो कुनै व्यक्तिको रचना नभई सम्पूर्ण लोकको साझा सम्पत्तिका रूपमा विकसित भएको छ ।[१]

### २.२. लोकसाहित्यको व्युत्पत्तिगत अर्थ

लोकसाहित्य 'लोक' र 'साहित्य' को समासबाट बनेको शब्द हो । यसको अर्थ 'लोकको साहित्य' भन्ने हुन्छ । 'लोक' शब्दले सहर-गाउँ, पठित-अपठित, उच्च-निम्न, धनी-गरीब भन्ने कुनै भेदभाव राख्दैन बरू सबैलाई एउटै छातामुनी राख्दछ । लोक शब्दले सम्पूर्ण जनतालाई नै बुझाउँदछ । त्यसैले लोकसाहित्य भनेको सम्पूर्ण जनताको हृदयको धुकधुकी हो र हजारौं वर्षको मौखिक परम्परामा सुरक्षित रहेको भाषिक अभिव्यक्ति हो । "पुस्तौं

---

१. यादव भण्डारी र राजन भट्टराई, नेपाली साहित्य र समालोचना, काठःहजुरको प्रकाशन २०६२ पृ १ ।

पुस्ताका खारिएका र माझिएका, भोगेका भोगाइएका वास्तविक अनुभवबाट सिर्जित र निर्मित भई जीवित भएका मौखिक रागात्मक अभिव्यक्तिहरू नै जसलाई सङ्कलित र संग्रहित गरी लिखित भाषामा लिपिबद्ध गरिन्छ । तब त्यसले 'लोकसाहित्य' को पगरी पाउन सक्छ ।"[२] "संस्कृत वाङ्मयमा 'लोक' शब्दको प्रयोग खास गरी २ अर्थमा भएको पाइन्छ । १. स्थानका रूपमा र २. सामान्य जनताका रूपमा ।" स्थानवाचक शब्दका रूपमा स्वर्ग, मर्त्यलोक जस्ता शब्दहरू प्रचलित छन् । 'जन' शब्दको अर्थ पनि सामान्य जनता हो ।"[३] यसकारण केही नेपाली र भारतीय विद्वानहरूले 'जनसाहित्य' शब्दको प्रयोग गर्ने गरेका छन् । काजीमान कन्दङ्वाको नेपाली जनसाहित्यमा 'जन' शब्दको प्रयोग भएको छ । तर जन शब्दको प्रयोग संस्कृत भाषामा सर्वसाधारण जनताका लागि भए पनि अचेल औद्योगिक समाजको श्रमिक वर्गको रूपमा बढी मात्रामा प्रयोग भएकाले जनसाहित्य जनवादी साहित्य तथा श्रमिक वर्गका लागि लेखिएको साहित्य भन्ने अर्थ दिएको पाइन्छ । यसै कारण 'जन' भन्दा 'लोक' शब्द नै लोकसाहित्यको लागि उपयुक्त छ र 'लोक' शब्दकै बढी मात्रामा प्रयोग भएको पाइन्छ ।

लोकसाहित्य सम्पूर्ण जनताहरूको साहित्य हो । अङ्ग्रेजी भाषाको "फोक" (Folk) को उत्पत्ति एङ्लोसेक्सन भाषाको फोक (Folc) बाट भएको हो । जर्मन भाषामा यो शब्द Volk भएको छ । अङ्ग्रेजी भाषाको फोक (Folk) को सामान्य अर्थ ग्रामीण, असंस्कृत, अशिक्षित जाति हो । 'लोर' (Lore) को सम्बन्ध पनि एङ्लोसेक्सन लार (Lar) सँग छ । यसको अर्थ हो- ज्ञान अथवा सिक्नु पर्ने कुरा । यसरी Folk र Lore मिलेर Folklore शब्दको अर्थ भयो ग्रामीण समाजको ज्ञान अर्थात असंस्कृत जातिको ज्ञान ।"[४]

अङ्ग्रेजी भाषामा प्रयोग हुने फोक (Flok) को समानार्थी शब्द 'लोक' शब्दको प्रयोग गरिएको छ । यसैकारण 'लोक' लाई कतिले अशिषित अपठित तथा असभ्य जनसमुदाय पनि भनेका छन् । लोक शब्दले गाउँ र शहर दुबै समेटेको हुनछ । 'लोक' शब्दले अघिको जनसमुदाय भन्ने अर्थ मात्र पनि दिदैन । "यसले कुनै भू-भागमा अघिदेखि बसोबास गर्दै

---

२. कृष्णप्रसाद आचार्य, पुर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध, काठः क्षितिज प्रकाशन २०६३ ।

३. चुणामणि बन्धु, नेपाली लोक साहित्य, काठः एकता बुक्स, २०५८ पृ. १३ ।

४. ऐजन

आएका सबै प्रकारका जनसमुदायलाई समेटेको छ । तर लोक अभिजात्य संस्कार, शास्त्रीयता र पण्डित्यका चेतनाले रहित भई परम्पराको प्रवाहमा जीवित रहन्छ ।"[५]

लोकसाहित्य शब्द अङ्ग्रेजी भाषाको Floklore को लागि प्रचलित शब्द हो । नेपालीमा लोकसाहित्यका लागि लोकवार्ता लोकसंस्कृति जस्ता शब्दहरू प्रयोग भएको पाइन्छ भने अङ्ग्रेजीमा भने फोकलोर , फोकलिटरेचर, फोककल्चर आदि प्रयोग गर्ने गरेको पाइन्छ । कतै मौखिक आख्यान, कतै श्रुतिपरम्परा कतै लोकाख्यान जस्ता नेपाली शब्दहरूद्वारा यो लोकसाहित्यलाई नामाकरण गर्ने गरिएको पाइन्छ । यो अङ्ग्रेजी शब्द फोकलोर (Folklore) अन्तर्गत लोकसाहित्य, लोकगीत, लोककथा, लोकनाटक, लोककाव्य, उखानटुक्का आदि मात्रै पर्दैनन् लोकव्यवहार, लोकरीति, लोकधर्म, लोककला आदि विषय पनि समेटिन्छन् । यसकारण फोकलोरको समानार्थी शब्द लोकसाहित्य हुन सक्दैन भन्ने केही विद्वानहरूको धारणा रहेको छ । उनीहरू फोकलोरलाई 'लोकवार्ता' भन्न रूचाउँदछन् ।

त्यस्तै गरेर फोकलोरलाई लोकवार्ता नभनेर लोक स्कृति भन्नु पर्छ भन्ने विद्वानहरू पाइन्छन् । "कृष्णदेव उपाध्यायले फोकलोरका लागि लोकसंस्कृति शब्दको प्रयोग गर्नुपर्छ भनि जोडदार वकालत गरेका छन् । तर वासुदेवशरण अग्रवालले भने लोकवार्ता शब्दलाई उपयुक्त ठहऱ्याएका छन् ।"[६]

अहिले हिन्दी भाषामा फोकलोरका लागि लोकवार्ता शब्द नै बढि चलेको शब्द हो । नेपाली विद्वानहरूले भने लोकसंस्कृति शब्द मनपराएको देखिन्छ ।[७] सत्यमोहन जोशी, धर्मराज थापा, कालीभक्त पन्त आदि विद्वानहरूले लोकसंस्कृति शब्दको व्यापक प्रयोग गरेका छन् । तर लोक संस्कृति शब्दको समानार्थी अङ्ग्रेजी शब्द फोककल्चर (Folkcalture) हुन्छ । 'फोकलोर' र 'फोककल्चर' ले उही विषयवस्तुलाई समेटे पनि यो दुवैमा तात्विक अन्तर छ ।

लोकवार्ता, लोकवार्ता-विज्ञान जे भने पनि लोकमा चलन चल्तीमा आएको अलिलित साहित्य नै लोकसाहित्य भएकाले लोकसंस्कृति साहित्य भन्दा उपयुक्त हुने देखिन्छ । जेहोस्

---

५. सत्यन्द्र, लोक साहित्य विज्ञान, आगराः शिवलाल अग्रवाल एण्ड कम्पनी, भारत १९७१ ई ।

६. कृष्णदेव उपाध्याय, लोक संस्कृतिकी रूपरेखा, इलाहावादः लोक भारती प्रकाशन, १९८८ ई ।

७. चुणमणि बन्धु, पूर्ववत् ।

हामी लोकमा चलेको परम्परागत साहित्य नै लोकसाहित्य भएकाले हामीले लोकसाहित्य शब्द नै उपयुक्त मान्नु पर्दछ ।

लोक साहित्यका विषयमा विभिन्न विद्वानहरूले विभिन्न समयमा आफ्नो-आफ्नो ढङ्गले मत प्रस्तुत गरेका छन् । जतिसुकै भिन्न विज्ञहरूले लोकसाहित्यको परिभाष गरे पनि सबैको मत, सबैको आसयलाई हेर्दा लोकसाहित्यका विषयमा पर्याप्त ज्ञान हासिल गर्न सकिन्छ । लोकसाहित्यलाई मौखिक परम्परामा आधारित साहित्य भन्ने गरिन्छ । ग्रामीण, असभ्य, अशिष्ट, अलिखित र बोलीचालीको परम्परित मौखिक साहित्यका रूपमा विद्वानहरूले लिने गरेको पाइन्छ । तर "यस भनाईप्रति असहमति जनाउने धेरै विद्वानहरू छन् । बरू अहिले के कुरा स्वीकार गरिएको छ भने गाउँ वा सहर जहाँसुकै रहेको भएपनि शास्त्रीय जटिलतामा नजेलिएको आदिम मानव युक्त सरल र सामान्य मान्छे नै लोक हो ।"[८] "त्यही लोकद्वारा सृजित मौखिक परम्परामा सुरक्षित साहित्यिक अभिव्यक्ति नै लोकसाहित्य हो ।"[९] भन्ने सन्दर्भमा सबै विद्वनहरू सहमत रहेको पाइन्छ ।

## २.३. परिभाषा

लोकसाहित्य मौखिक परम्परामा हुर्किएको जनश्रुति हो । यो साहित्यले जनसमाजमा लोकव्यवहार, मनोरञ्जन, मनोभावना आदिको आदान-प्रदानका क्रममा स्वभाविक, स्वच्छन्दता साथै सरल पाराले गायन अथवा वाचन र श्रवण गरिन्छ । त्यसैले यो साहित्यमा लोकजीवनको सलबलाई हुन्छ । अलिखित काव्यकुञ्ज नै लोकसाहित्य हो । लोकसाहित्य साझा सिर्जनाको रूपमा हुर्कदै आएको छ । त्यसैले ग्राम साहित्य र जनसाहित्य भन्दा व्यापक, विष्तृत गरिमामय छुट्टै र पृथक साहित्यका रूपमा स्थापित भएको पाइन्छ । लोकसाहित्यलाई पूर्वी तथा पाश्चात्य साहित्यका अध्येता तथा अन्वेषकहरूले आ-आफ्नो किसिमले परिभाषित गरी चिनाउने प्रयत्न गरेका छन् । विभिन्न विद्वानहरूले दिएका सारगर्भित परिभाषाहरूबाट लोकसाहित्यको स्वरूप र महत्वबारे बुझ्न सजिलो पर्दछ । केही पाश्चात्य एवम् पूर्वीय विद्वानहरूको लोकसाहित्य सम्बन्धी मतलाई यस प्रकार प्रस्तुत गरिन्छ ।

---

८. जिवेन्द्र गीरि, लोक साहित्यको अवलोकन, काठः एकता प्रकाशन २०५७ ।

९. कृष्णप्रसाद आचार्य, पूर्ववत् ।

१. डाडमोन्सन - सर्वसाधारण लोकका बोद्धिक प्रयत्नहरूबाट निष्पन्न लोक अभिव्यक्ति लोकसाहित्य हो ।[१०]

२. जे.ए. कडन - लोकसाहित्य भनेको मुख्यतः अपठित समुदायको मौखिक रूपमा व्यक्त लोकज्ञान हो ।[११]

३. फ्यान्स बोआस - लोकसाहित्य लोकको आत्मजीवनी हो ।[१२]

४. कृष्णदेव उपाध्याय - लोकसाहित्य समाजको दर्पण तथा जनताको हृदयको उद्गार हो ।[१३]

५. धीरेन्द्र वर्मा - वास्तवमा लोकसाहित्य त्यो मौखिक अभिव्यक्ति हो, जो भलै कुनै व्यक्तले रचना गरेको हुन्छ तापनि त्यसलाई सर्वसाधारण जनसमुदायले आफ्नो ठान्दछन् ।[१४]

६. धर्मराज थापा र हंसपुरे सुवेदी - लोकले सजिलै बुझ्नै र अनुभव गर्न सक्ने भाषा र भावना निर्मित मानव मुटुको स्पन्दनबाट निष्केको मीठो आकर्षमय मौखिक साहित्य नै लोकसाहित्य हो ।[१५]

७. योगी नरहरिनाथ - लोक व्यवहारमा लोकसाहित्यका निम्ति, लोकभाषामा, लोकविचारलाई प्रवाहमय शैलीमा लोकले प्रस्तुत गर्ने साहित्यलाई लोकसाहित्य भनिन्छ ।[१६]

८. शिवकुमार राई - लोकसाहित्यको सिर्जना कुनै विशेष व्यक्तिद्वारा भएन । कसले भने, कसले कथे, कसैलाई थाहा छैन तर परम्परादेखि बाजेले बाबुलाई बाबुले छोरालाई छोराले नातिलाई भनेर आएका छन् । औं आजसम्म हामीले जे जस्तो सुन्यौ त्यही कुरोलाई

---

१०. चूणमणि बन्धु, नेपाली लोकसाहित्यबाट उद्धत ।

११. कृष्णप्रसाद आचार्य पूर्व आधुनिक नेपाली साहित्य, लोक साहित्य र आधुनिक नेपाली निबन्ध, २०६३ बाट उद्धत ।

१२. ऐजन ।

१३. ऐजन ।

१४. यादव भण्डारी र अन्य नेपाल साहित्य र समालोचना २०६२ बाट उद्धेत ।

१५. यादव भण्डारी पूर्ववत् ।

१६. ऐजन ।

दोहोऱ्याएर आएका छौं । त्यसकारण लोकसाहित्य छापामा किचिएरबसेको छैन, तर कानको सहायताले स्मृतिजालोमा बुनिएर जीवित भएर आएको छ ।[१७]

९. वासुदेव त्रिपाठी - भावुक र कल्पनाशील व्यक्तिहरूको द्रबिभूत यथार्थ व्यञ्जना नै लोकसाहित्यको पहिचान हो ।[१८]

१०. जीवेन्द्रदेव गिरी - लोकसाहित्यका निर्माता अज्ञात छन् । धर्तीका अनेकौं व्यक्तिहरूको लगानी यसमा सञ्चित छ । सामुहिक भाववना र सरल अभिव्यक्तिले गर्दा व्यापक जनतालई आफूतिर खिच्न लोकसाहित्य सक्षम छ । यसमा न औपचारिकताको झन्झट छ न परिमार्जनको चक्कर छ न पाण्डित्यको क्लिष्टता नै । सहजता, सजीवता र प्रवाहमयता लोकसाहित्यका विशिष्ट गुण हुन् ।[१९]

उपर्युक्त परिभाषाहरूबाट लोकसाहित्य मानव समाजको सुख दुःखको सहज अभिव्यक्ति हो । प्रकृतिका स्वस्फूर्त भावनाहरूले ओतप्रोत वरदानबाट सुसोभित देशको वातावरणले सुगान्धित झपक्क झ्यामिरहने विधा नै लोकसाहित्य हो । लोक भावनाको निश्च्छल अभिव्यक्त बनेर लोक मानसमा यो झुण्डिएको छ । मौखिक रूपमा व्यक्त हुने र तत्काल सुनेर शिक्षा र मनोरञ्जन प्राप्त गर्ने लोकसाहित्य सामाजिक परम्परामा अविच्छिन्न रूपले प्रवाहित हुँदै आएको लोकको जीवनन्त सम्पत्ति हो ।

## २.४.लोकसाहित्यका विधाहरूको वर्गीकरण

लोकसाहित्यमा हरेक क्षेत्र र समूहका आफ्नै मौलिक विशेषताहरू अभिव्यक्त भएका हुन्छन् । भिन्न-भिन्न भौगोलिक परिवेशमा बाँचेका जाति तथा समुदायका स्थानीय बोलिचाली रहनसहन, भेषभूषा, संस्कार, संस्कृति आदिको गहिरो छाप लोकसाहित्यमा लोकजीवनका अनेक भाव, विचार, आस्था र विश्वासको अभिव्यक्ति पाइन्छ । विभिन्न अवसरहरूमा गीत नृत्य, अभिनय तथा वौद्धिक विकासका माध्यमबाट आफ्ना मनका भावना प्रकाशित गर्ने अनि मनोरञ्जन लिने लोकरूचीले गर्दा लोकसाहित्य अनेकौ स्वरूप र आयाममा विभाजित हुनुपुग्छ । यसो हुँदा विषय, प्रस्तुति र शैलीको भिन्नताका कारण

---

१७. चूणमणि बन्धु, पूर्ववत् ।

१८. ऐजन ।

१९. ऐजन ।

लोकसाहित्यका विधाहरू छुटिन्छन् । लोकसाहित्यलाई विद्वानहरूले विभिन्न आधारमा वर्गीकरण गर्ने गरेको पाइए पनि यहाँ विषयवस्तुका आधारमा बहुप्रचलित विधाहरूको परिचय प्रस्तुत गरिएको छ ।

### २.४.१. लोकगीत

लोकसाहित्यका विधा लोकगीत सर्वाधिक प्रसिद्ध एवं प्रभावशाली विधाको रूपमा स्वीकृत छ । लोकजीवनमा खुसी वा उमङग र शोक वा पीडा दुवै अवस्थामा लोकगीतका भाकाहरू सुसेलिन्छन् । वर्षाको भेलले फोहोर बगाएर लगे जसरी लोक गीतका भाकाहरूले मानिसका व्यथा र असन्तुष्टिको मयल हटाएर मानसिक स्वस्थता प्रदान गर्दछ । श्रुतिमधुर एवम् मर्मस्पर्शी लोकगीतका भाकाहरूमा भुलेर जनमानसमा केही क्षण भए पनि आफूलाई प्रसन्नताको मिठो अनुभूतिमा भूलाउँछ ।

मेलापमत, चाडपर्व, संस्कार, पूजाआजा, खेतवारी, चौतारी, भीरपाखा, वनजंगलमा लोकगीत मानिसका सुख दुःखको साथी बनेको हुन्छ । यसमा पाइने रसभाव, कर्णप्रियता, लयात्मकता तथा मार्मिकताका कारण लोकसमाज यसको आकर्षणमा भूलेको हुन्छ ।

लयको गुञ्जनले मानिसलाई चाडै आकर्षित गर्दछ । त्यसैले लोकगीतको प्रारम्भविन्दु ठम्याउन खोज्दा आदिम मानिसले भाषा र बाणी प्राप्त गरेदेखि नै लोकगीतले लोकका हृदयमा स्थान पायो होला भन्न सकिन्छ । लोकगीतलाई सर्वप्राचीन, समृद्ध, लोकप्रिय र समसामयिक युगमा पनि मानव हृदयलाई तत्कालै छुनसक्ने अत्यन्त लोकप्रिय भई सम्प्रेषणीय विधाकारूपमा लिन सकिन्छ ।

आजको समयमा रेडियो, टेलिभिजन, टेलीफिल्म र चलचित्रहरूमा गाइएका लोक शैलीका गीत र आधुनिक विषयका भए पनि लोकलयमा गाइएका गीतले जनसमुदायमा पारेको प्रभावलाई हेर्दा लोकसाहित्यका सम्पूर्ण विधाहरू मध्ये यो अत्यन्त लोकप्रिय, गतिशील र संवेदनशील र जनप्रिय विधाका रूपमा देखा पर्दछ ।

लोकगीतलाई परिभाषा गर्ने विभिन्न विद्वानहरूको फरकफरक मत देखा परेको पाइन्छ । "लोकभावना वा विचारको मौखिक एवं श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने लयात्मक र गेय अवैयक्तिक भाषिक संरचनालाई लोकगीत भनिन्नछ ।"[२०]

लोकगीत एक्लै गुनगुनाउन सकिने दोहोरी रूपमा गाउन सकिने तथा नृत्य र वाद्यवादनका सहयोगमा प्रस्तुत गर्न सकिने विधा हो । आ-आफ्नो उमेर अनुसार बालक, युवा, बृद्ध सबैले लोकगीत गाएर सन्तुष्टि लिन सकिने हुनाले सबैको प्रिय हुन्छ । केही परिभाषाहरू :

पर्सी - आदिम उल्लासमय सङगीतलाई नै लोकगीत भनिन्छ ।[२१]

सत्यमोहन जोशी - लोकगीत भनेको त्यो सङगीत वा गीत हो जुन मातृभाषाका नाताले मानव समाजमा नैसर्गिक रूपले सुख-दुःखका अभावमा दया, माया, प्रेमभाव अभिव्यक्तिहरू हुँदा स्वयम्मेव उद्‌गारको रूपमा निस्केर लयदार तराजुमा काव्यमयी शैली भै सृजना हुन्छ ।[२२]

पूर्णप्रकाश नेपाल यात्री - लोकसाहित्यरूपी पारिजातमा कुसुमित फूलको वरदान भनौ पैचुर गुदी भएको स्वादिलो, मधुरो र रसिलो फल हो लोकगीत ।[२३]

रामनरेश त्रिपाठी - ग्रामगीत प्रकृतिका उद्‌गार हुन् । यिनमा अङकार होइन केवल रस छ । छन्द होइन केवल लय छ । लालित्य होइन केवल माधुर्य छ । ग्रामीण मनुष्यका स्त्री, पूरूषका बीचमा हृदय नामको आसनमा बसेर प्रकृति गान गर्दछ । प्राकृतिको त्यही गीत ग्राम गीत हो ।[२४]

**लोकगीतका प्रकारहरू**

२०. मोहनराज शर्मा र खगेन्द्र लुइटेल, लोक वार्ता विज्ञान र लोक साहित्य, काठः विद्यार्थी पुस्तक भण्डार २०६३ ।

२१ . ऐजन ।

२२. चूणामणि, बन्धु पूर्ववत्‌बाट उद्धत ।

२३. ऐजन ।

२४. चूणामणि बन्धु पूर्ववत् ।

बाह्रमासे, घरगीत, रोदीघर, कौरा, सैरेली, ख्याली झ्याउरे, देउडा, रसिया, रोइला, संगीनी, सेलो, टुङ्ना, सोरठी, हापारे, दोहोरी, जुहारी, हुर्रा, भाकाहरू आदि लोकगीतहरू चलन चल्तिमा रहेका छन् । लोकगीतहरू धार्मिक गीत, भजन, संस्कार गीत, पर्वगीत, श्रमगीत आदि गीतका रूपमा रहेका छन् ।[२५]

### २.४.२. लोककविता

लोकगीतका सन्दर्भमा नै लोककविताको अध्ययन हुने गरेको छ । काजीमान कन्दङ्वाका अनुसार जनकविता त्यसलाई भनिन्छ जहाँ जनसमूहका दैनन्दिनका भावनाहरू लयदार भाषामा खुलुलु बगेका हुन्छन् । भाट चन्दन र चाम बलायरका कविताहरू भलाउलोका रूपमा गायन गर्ने परम्पराले लोकजीवनलाई कविताबारे जानकारी हुन आएको हो । नेपाली साहित्यको मध्यकालमा नेपाली लोककविताका केही नमुना प्रकाशित भएको पाइन्छ । यसवेला निकै सवाइहरू रचिए र प्रकाशित भएका थिए । काजीमान कन्दङ्वाले लोकगीत र लोककवितालाई जनसाहित्य भनेपनि त्यो शब्द चलेन र लोकसाहित्य शब्द नै व्यापक बन्यो र ‘आशिका और सीता भारत सन् १९२८ मा र खाँडो जगाउने कविता सन् १९१७ प्रकाशित भएको देखिन्छ । लोककविताका सन्दर्भमा कविता, दोहा, सिलोक आदिको चर्चा कन्दङ्वा ’[२६] सं २०२० मा पाइन्छ । थापा र सुवेदी[२७] २०४१ ले लोककविताका विविध रूपको चर्चा गरेका छन् । केही बालकविता, कविता, दोहा र सिलोकहरूलाई लोक कविताका रूपमा लिन सकिन्छ ।

नेपाली साहित्यमा रहेको कविता विधाले प्राचीनकालदेखि नै महत्व पाएको छ । डोटी क्षेत्रमा प्रचलित गणेशको धमारीलाई भाट चन्दनले बनाएको, गणेशको भोलाउलोलाई बलायर चामले बनाएको कविता भनिएको छ । वि.सं. १८५०-१९०० तिरका यी कविताहरू प्रथमपल्ट भेटिएका लोक कविताहरू हुन् ।[२८]

नेपाली लोकसाहित्यमा लोकगीत र लोककविता बेग्लाबेग्लै विधाका रूपमा परिचित छन् । आकारका हिसाबले लोककविता लघु र वृहद रूप देखा पर्दछन् । यो कविता र

---

२५. ऐजन ।

२६. काजीमान कन्द्ङवा, नेपाली जनसाहित्य, काठः रोयल नेपाल एकेडेमी, २०२० ।

२७ . धर्मराज थापा, हंशपुरे सुवेदी, नेपाली लोक साहित्यको विवेचना, काठः पा.वि.के. २०४१ ।

२८. चूणामणि बन्धु, पूर्ववत् ।

काव्यका रूपमा प्राप्त गर्न सकिन्छ । कविता, खाँडो, बालकविता, दोहा, सिलोक यस विधाका प्रकारहरू हुन्/भेद हुन् ।

### २.४.३. लोकगाथा र लोककाव्य

लोकगाथाको परिचय दिने सन्दर्भमा विभिन्न मतावलम्बीहरूको थुप्रै धारणा रहेको पाइन्छ । लोकका जनमानसमा कथाहरू रहेको रचना लोकगाथा हो । कुनै पनि प्रवन्ध काव्य, खण्ड वा महाकाव्यलाई गाथासँग तुलना गर्न सकिन्छ । कुनै गीतले बाँधिउको कथालाई गाथा भनिन्छ । नेपाली बृहद शब्दकोषले "लोकगाथा भनेको परम्परादेखि लोकको मुखमुखै गाउँदै आएको नृत्य कथात्मकता समेत विद्यमान रहेको राष्ट्रिय गौरव वा वीर चरित्र र महत्वपूर्ण घटनाको बखान गर्ने श्रृङखलावद्ध विशेष गीत (नेपाली वृहद शब्दकोष, पृ ११८८) हो भन्ने उल्लेख गरेको पाइन्छ ।"

पूर्वीय वाङ्मयमा 'गाथा' शब्दको सर्वप्रथम प्रयोग ऋग्वेदमा भएको थियो र वैदिककालमा यज्ञका अवसरमा गाथा गाइन्थ्यो र गाउनेलाई गाथिन भनेको पाइन्छ । लोकगाथाहरू लोकनृत्यमा परिणत हुन्छन् त्यति खेरनै तिनै लोकगाथा लोकनाटकका रूपमा देखा पर्छन् । लोकगाथा सङ्गीतमा आधारित हुन्छन् । लोककाव्यहरू छन्दोमय हुनाले लोगाथाहरू गाइन्छन् भने लोककाव्य वाचन गरिन्छन् । त्यसकारण लोगाथा गेय र गीतात्मक हुन्छन् भने लोककाव्य पद्यमय कवितात्मक हुन्छन् भन्न सकिन्छ । "कुनै प्रसंगवश घटनावलीको मौखिक अथवा श्रुतिपरम्पराद्वारा एकपुस्ताबाट अर्को पुस्तामा सर्दै जाने अज्ञात रचनाकारको आख्यानात्मक गीति संरचनालाई लोकगाथा भनिन्छ ।"[२९]

लोकगाथाको यो परिभाषाबाट लोकगाथाको स्पष्ट स्वरूपको निक्यौल गरेको छ । लोगाथा मध्ये काव्य र गाथा रहेका छन् । नेपालमा प्रचलित गाथाहरू "मैनी, दुस्को, धमारी, चाँचरी, ओहाली, चैत, सवाई विभिन्न भारत"।[३०] आदि प्रचलनमा रहेका छन् ।

### २.४.४. लोकनाटक

गीत सङ्गीत, नृत्य संयोजन भएको विधा लोक नाटक हो । यो श्रव्यदृश्य विधा हो । लोकसाहित्यमा पुराना मान्यताहरू मौखिक रूपमा हस्तान्तरित भएका हुन्छन् । पूर्वीय

---

२९. मोहनराज शर्मा र अन्य, पूर्ववत पृ १५६ ।

३०. चूणामणि बन्धु पूर्ववत पृ.२०९ ।

नाट्यशास्त्रका आचार्य भरतमुनिले ऋग्वेदबाट पाठ, सामवेदबाट सङ्गीत, यजुर्वेदबाट अभियान, र अथर्वबेदबाट रस लिएर शास्त्रीय नाटक निर्माण गरेका हुन् भन्ने मान्यता रहेको छ। त्यसकारण नाटकलाई पाँचौ वेदका रूपमा लिइन्छ।

लोकनाटकलाई लोकगीत र लोककथा जस्ता जहाँतही प्रस्तुत गर्न मिल्दैन । यसका लासग देखाउने ठाउँ, पात्र, भेषभूषा आदिको तोकिए बमोजिम आवश्यकता पर्दछ । "स्वभाविक, शुद्ध र विकार रहित, लोकप्रचलित कार्य संग सम्बद्ध अङ्गलीला रहित, सहज अभिनययुक्त विभिन्न प्रकारका स्त्री र पुरूषद्वारा अभिनित नाटक नै लोकधर्मी नाटक हो भनी भरतमुनिले लोकनाटकको मान्यता प्रस्तुत गरेका छन् ।" जनसिद्धान्तले परिष्कृत नाटकको मूल्याङ्कन गरिन्छ तिनै सिद्धान्तहरूलाई लोकनाटकको अध्ययनका निमित्त आधार बनाउनु हुन्न । विशिष्ट शिक्षित समाजसँग विशेष सम्बन्ध नभई ग्रामिण वस्तीका सर्वसाधारणको श्रुतिपरम्पराबाट आफ्ना क्षेत्रका जनसमुदायले मनोरञ्जनको साधनका रूपमा प्रयोग गर्ने साहित्य हो र यसमा गुरूपरम्परा, विधिविधान, कथानक, मञ्च मङ्गलाचरण आदिको संयोजन हुन्छ । लोकजीवनका गरिदै आएका पूजाआजा माङ्गलिक कार्य धामीझाँक्री, टुनामुना, तन्त्रमन्त्र आदिका अवसरमा गरिने विविध प्रकारका अनौठा हाउभाउले लोकलाई नाटक गर्ने प्रेरणा प्रदान गरेको चर्चा पाइन्छ। जेहोस् लोकनाटकको अलिखित इतिहास रहेको विज्ञहरूको धारणा छ।

सोरठी, घाटु, नचरी, लीला, चरित्र, गोपीचन, बालुन, कार्तिकनाच आदि लोकनाटकका प्रकारहरू हुन्।

### २.४.५. लोककथा

लोकसमाजमा परम्परादेखिनै सुन्ने र सुनाउने क्रममा जीवित रहेका कथाहरूलाई नै लोककथा भनिन्छ । यो लोककथा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएको हुन्छ । एउटाले भन्ने र अरूले सुन्ने चलन भएकाले यस्ता कथालाई भन्ने कथा दन्त्यकथा, कथा कुथुङग्री जस्ता नामले चिन्न सकिन्छ। हिन्दी भाषामा कहानी भनिएको छ। लोककथालाई परिभाषा गर्ने क्रममा लोककथामा मानवको अतीत मात्र होइन वर्तमान पनि निहित र प्रतिध्वनित हुने गर्छ भन्न सकिन्छ।

लोकजीवनमा मौखिक परम्परा हस्तान्तरित हुँदै आएका कथा नै लोककथा हुन् । एउटाले भन्ने र अरूले सुन्ने चलन भएकाले यस्ता कथालाई भन्ने कथा पनि भनिन्छ । ‘लोककथा’ शब्दको प्रारम्भ लोकसाहित्यका धारणाको विकास पछि भएको छ ।

‘लोककथा’ शब्द अङ्ग्रेजीको ‘फोकटेलस्’ (Folk tales), नीतिकथा (Fables) र परीकथा (Fairy tals) मा पनि भेद गरिन्छ । पूर्वमा लोककथाको प्राचीनता खोज्दै जाँदा ऋग्वेदमा भएको सृष्टिको वर्णनसम्म पुग्न सकिन्छ । लोकसमाजले जीवनका अनुभवलाई सम्झदै, भन्दै दोहोऱ्याउँदै जाँदा लोककथाहरूको उत्पत्ति भएको हो ।

लोककथाहरू एकादेशमा भनेर थालिन्छन् र भन्नेलाई फूलको माला सुन्नेलाई सुनकोमाल भन्ने वेलामा खुरूरू आउला भनेर टुङ्ग्याइन्छ । लोककथामा वक्ता र स्रोता रहनु आवश्यक छ । व्यापक विषयक्षेत्र समेटिएको हुन्छ । पुराण, धर्म, इतिहास, संस्कृति, समाज, भूगोल जस्ता सबै विषयको अभिव्यक्ति लोककथामा हुन्छ । लोककथाहरू मनोरञ्जन पूर्ण र शिक्षामूलक हुन्छन् ।

### २.४.६. उखान

लोकसमाजको सारगर्भित उक्ति नै उखान हो र लोकसाहित्यको लोकोक्ति अन्तर्गत पर्ने उखानलाई अङ्ग्रेजीमा Proverb भनिन्छ । उखानको प्रारम्भ धेरै पहिला भएको कुरा लौकिक कथनलाई शास्त्र र साहित्यले पनि अङ्कित गरेबाट अनुमान गर्न सकिन्छ । वैदिक साहित्यका साथै संस्कृतका ग्रन्थहरूमा पनि सुक्तीहरू भेटिन्छन् । ती सुक्तीहरू मध्ये कति लौकिक उखानका छाया हुन् भने कति चाहिँ व्यक्ति विशेषका आफ्नै ज्ञान वा अनुभवका विचार पनि हुन् र जीवनका अनुभव समेटेर सङ्कलित गरेका उखाहरू संस्कृत साहित्यका ग्रन्थहरूमा भरिएका छन् । विशेष गरी पञ्चतन्त्र, तन्त्रख्यान, पाज्ञाहरूको वचन आदिसँग सम्बन्धित रहेका उखान दृष्टान्तका रूपमा रहेका छन् ।

अरिष्टोटलले उखानलनई  अवशेष मानेका छन् र सेल्सका भनाइमा उखान भनेको एकको वृद्धि अनेकको समझदारी हो । सामान्य, सत्य, परिपक्क ज्ञान वा साझा अनुभवमा आधारित सारगर्भित र सूत्रात्मक उक्तिलाई उखान भनिन्छ भनि उखानको परिभाषा गरेको पाइन्छ । उखानहरू मानिसका ज्ञान, अनुभव, व्यवहारका सार हुन् । उखानमा लोकसमाजको बौद्धिक क्षमताको सामर्थ्य प्रकट भएको हुन्छ । उखानले भाषालाई चमत्कारपूर्ण र लेखाइलाई

प्रभावशाली बनाएको हुन्छ । उखानको प्रयोगले वार्तालाप रसिलो र लेखाइ प्रभावशाली बन्दछ ।

उदाहरण : - बाबु आमाको मन छोराछोरी माथि, छोराछोरीको मन ढुङ्गामाथि ।

### २.४.७. टुक्का

दुई वा दुई भन्दा बढी पदहरूको समूहबाट टुक्का बन्दछ । टुक्काले वाच्यार्थ नभई लक्षार्थ प्रंकटगरेको हुन्नछ । संसारका भाषामा उखान भए झैं अधिकांश भाषामा टुक्का पनि रहेको हुन्छ । अङ्ग्रेजीमा टुक्कालाई Idom भनिन्छ । भाषिक अभिव्यक्तिलाई यसले चमत्कृत पार्दछ । नेपालीमा टुक्कालाई वाक्यांश, वाक्यपद्धति वा वाक्यधारा भनेको पाइन्छ । नेपालीमा टुक्कालाई मुहावरा, टुक्का, आसद भन्ने गरेको पनि छ ।

टुक्कालाई चिनाउँदा "एक भन्दा बढी खास शब्द वा पदको सहप्रयोगबाट निर्मित एउटा पदसमूह एकाईलाई टुक्का" भन्न सकिन्छ । टुक्कालाई बालकृष्ण पोखरेलले एकपदीय र बहुपदीय भनि वर्गीकरण गरेका छन् । स्थान विशेषमा प्रचलित टुक्काहरूका आधारमा यिनको नाम राख्ने गरेको पाइन्छ । क्रियापद सहित र क्रियापद रहित टुक्काहरू हुने गर्दछन् । जस्तै क्रियापद युक्त / रहित टुक्का - आकाशको फल, परालको आगो..................। क्रियापद युक्त / सहित - आँखा खुल्नु, खाल्टामा पर्नु, बचनले हान्नु न्वारानदेखिको बल झिक्नु अीद ।

### २.४.८. गाउँखाने कथा / पहेली

गाउँखाने कथा उत्तरलाई रहस्यमय बनाएर राखिने एक प्रकारको लोकप्रचलित विधा हो । कुनै प्रश्नात्मक उक्तिबाट उत्तरात्मक उक्तिकै अपेक्षा गरिने विधि अनुरूप नेपालीमा प्रचलित जित्नेले गाउँ लिने र हार्नेले दिने परम्परामा हुर्किएको कथालाई गाउँखाने कथा भनिएको पाइन्छ । गाउँ खाने कथाको प्रयोग अङ्ग्रेजी भाषा Riddlex रिडल्स्का निम्ति गरिएको छ । यो गाउँखाने कथालाई नेपालका पूर्वीभागतिर अड्को वा अत्तो भन्ने गरेको पाइन्छ भने पश्चिमतिर साइतर भनिन्छ । हिन्दी र संस्कृतमा पहेली शब्दको प्रयोग भएको पाइन्छ । आचार्य दण्डीले मुख्य रहस्य लुकाउने रमाइलो रचना प्रहेलिका हो भोका थिए ( बन्धुः ऐजन) । नेपालको सुदुर पश्चिमतिर गेय खालका गाउँखाने कथालाई झ्यागा, झिउटा, घमउटा भन्ने गरिन्छ । केटाकेटी बुढाबुढी, पठित-अपठित, सबैका लागि उत्तिकै मन पर्ने र

प्रयोग गर्न रूचाउने लोक साहित्यिक विधा हो लोकसाहित्य जुन सबैलाई आफ्नो अनुकुल मनोरञ्जन पाउने खालको हुन्छ ।

## २.५. नेपाली लोकसाहित्यको वर्तमान स्थिति

नेपाली भाषाको स्वरूप नेपाल भित्रिए पछि नेपाली लोकसाहित्यको उदय भएको मानिन्छ । भारतमा पहिलो शताब्दीको थालनीतिर "मुसलमानहरूको अत्याचार खप्न नसकि सीधासाधा राजस्थानी ब्राहमणहरू (खसजातिहरू) नेपालको पश्चिमी पहाडतर्फ आइरहेका थिए ।" सामान्य हिन्दूहरू भने कुमाउँ गढवालतिर आएका । विभिन्न तरिका र कारणबाट बसाइसराईका कारण आफ्नो आफ्नो संस्कार, चालचलन उनीहरूले सँगै लिएर नेपाल पसे । त्यही आफ्नो चालचलन र संस्कारलाई आफू रहेको समूह, जमात, समाज आदिसँग मिल्दोजुले रूपमा समायोजन गर्दै गए । यसरी विभिन्न जाति, समाजहरूले प्रयोगमा ल्याइरहेको संस्कार (लोकसंस्कार) एकठाउँबाट अर्को ठाउँमा सर्दै गयो । पश्चिमबाट पूर्वतर्फ बसाई सर्दै समायोजन हुँदै जाने क्रम बढिरह्यो । एक ठाउँमा प्रचलित लोकसंस्कार अर्को क्षेत्रमा प्रचार प्रसार हुँदै गयो र त्यसै प्रचलनबाट विकास र विस्तार हुँदै लोकसाहित्य अहिलेको अवस्थासम्म आइपुगेको छ ।

नेपालको एकीकरणले नेपाली लोकसाहित्य परम्परालाई प्रचार प्रसार गर्न महत्वपूर्ण योगदान पुऱ्यायो । राष्ट्रिय अभियानमा जनतालाई सक्रिय पार्न वीररसले भरिपूर्ण वीर गाथा र लोकगीतहरू गाएर राष्ट्रिय एकताको प्रचार प्रसार गरियो । एकीकरण अवधिभरीका लोकसाहित्यहरू वीरधारासँग सम्बन्धित रहेका थिए । वि.सं. १८७१ मा भएको अपमानपूर्ण सुगौलीसन्धीमा नेपालले हस्ताक्षर गर्नु परेकाले अधिकांश विधाहरू निराशजनक अभिव्यक्तिले भरिपूर्ण रहे यसको प्रभाव लोकसाहित्यमा पनि पऱ्यो । भारतमा वृटिसको विजय अनि नेपालमा राष्ट्रियताप्रति असचेत राणाको उदय पाश्चात्य कुसंस्कारको प्रवेशले नेपाली लोकसंस्कृतिले पनि आङनो स्वरूप फेर्न विवश बन्यो । स्वतन्त्रता विरोधी राणाहरूका कारणले मौलिक संस्कारहरूले खुम्चिनु पऱ्यो । लोकसाहित्यले पनि वास्तविकतातिर नभै मनोरञ्जन र विलासिताकै पृष्ठपोषण गर्न पुग्यो । तथापि वि.सं. १९६० बाट लोकसाहित्यका विभिन्न विधाहरूको सङ्कलन कार्य प्रारम्भ भएको पाइन्छ । विश्वराज हरिहर शर्माको "राग सङ्ग्रह (१९६०)", गंगाप्रसाद प्रधानको नेपाली उखानको पोस्तक (१९६५), महाबीरसिंह गडेतौलाको उखान बखानको प्रवाह (१९७४), बोधविक्रम अधिकारीको, 'नेपाली दन्त्यकथा (

१९९६)', पुष्कर समशेरको नेपाली उखान र टुक्काको कोश खण्ड १२ (१९९८) जस्ता लोकगीत उखान, लोककथा, टुक्काका कृतिहरूबाट लोकसाहित्यलाई लिपिबद्ध गर्ने काम प्रारम्भ भएको पाइन्छ ।[३१]

महानन्द सापकोटा लोकसाहित्यको चर्चा गर्ने प्रथम व्यक्ति र उनको 'नौलो कुरा १९८३' नामक कृति गोर्खा संसारमा छापिएको पहिलो कृति/रचना मानिएको छ । त्यसपछि लोकसाहित्यको चर्चा गर्ने क्रमको थालनी भयो । सूर्यविक्रम ज्ञवालीको रसमय नेपाली जीवन (१९८९), बाबुराम आचार्यको 'पुराना कवि र कविता २००३ मा लोकगीतको चर्चा र महत्व दर्शाएका छन् ।'[३२]

यसैगरी २००७ सालको राजनैतिक परिवर्तन पछि साहित्यका विभिन्न क्षेत्रमा आएको परिवर्तनले साहित्यका नव नव ढनेकाहरू खुल्न थाले । लोकसाहित्यका विधाहरूपनि सङ्कलन र अध्ययन परम्परामा तीब्रता आएको पाइन्छ । वि.सं. २००८ सालमा रेडियो नेपाल २०१० सालमा लोकगीत सङ्ग्राहालयको स्थापनाले लोकसाहित्यको संरक्षणमा सहयोग पुग्यो । नेपाल एकेडेमी, नेपाली राष्ट्रिय विद्यापीठ, मदनपुरस्कार पुस्तकालय संस्कृति विभाग र त्रि.वि.वि. नेपाली विभाग अन्तर्गत लोकसाहित्यको सङ्कलन, अध्ययन भइ आएका छन् । निजी तबरबाट पनि लोकसाहित्यको खोजीमा व्यापकता आएको छ ।

रेडियो, टेलिभिजन र विद्यालयहरू बालबालिकाहरूलाई लोकगीत गाउने, लोकनृत्य नाच्ने, लोककथा सुन्ने सुनाउने अवसर मिल्नाले लोकगीत, लोककथा, उखानटुक्काको हस्तान्तरण केही मात्रामा भए पनि संवर्द्धनका लागि योजनावद्ध कार्यक्रमका अभावमा बाह्य प्रभाव बढी नै रहेको छ । विद्यालयका बालबालिकाहरूलाई आफ्ना परम्परागत गीत, नृत्य, लोककथा आदिप्रति विशेष रूपले आकर्षित गर्ने कार्यक्रमको कमिले नयाँ पुस्तालाई आफ्नो पनको पहिचानका आधारहरू यथोचित मात्रामा दिन सकिएको देखिदैन । नेपाली लोकसाहित्यको पठन पाठनमा रूची बढेकोले आवश्यक पाठ्य सामग्री र सन्दर्भ स्रोतहरूको माग पनि बढीरहेको छ । तर अहिलेसम्म पनि लोकसाहित्यको अध्ययनका निमित्त उपयोगी ग्रन्थहरूको अभाव देखिन्छ ।

---

३१. मोहनराज शर्मा र अन्य, पूर्ववत् पृ. १६२ ।

३२. चूणमणि बन्धु, पूर्ववत् पृ.२१२

नेपाली लोकसाहित्य नेपालको पहिचान हो । लोकसाहित्यका क्षेत्रमा अनुसन्धान गर्न चाहनेहरूको संख्या बढ्दो छ । स्थानीय, क्षेत्रीय, अध्ययनहरू व्यक्तिगत रूपमै थालनी भएका छन् । अवश्यक प्रशिक्षण दिई चाहिने सुविधाको व्यवस्था मिलाएर अनुसन्धानलाई अझ पूर्ण, प्रामाणिक र स्तरीय बनाउनु आवश्यक देखिन्छ ।

लोकसाहित्यका सामग्रीहरूको प्रकाशन गरी लोकसाहित्यका विविध विधाहरूको अध्ययनका परिणामलाई सर्वोपयोगी र सर्वसुलभ बनाउनु आवश्यक छ । लोकसाहित्यसँग सम्बन्धित पत्रिकासम्म प्रकाशित भएको पाइदैन । विभिन्न महोत्सवहरूको माहोल चलेको छ । यस अवसरमा झाँकी प्रदर्शन गर्ने क्रमले त्यस भेगका लोकसंस्कृतिको केहीहदसम्म उजागर गर्ने प्रक्रिया भए पनि यो काम संस्थागत हुन भने सकेको देखिन्न र रेडियो नेपालबाट बेला मौकामा लोकगीत सङ्कलनको कामबाट लोकगीत केहीहदसम्म सङ्कलित भएको पाइन्छ तर यो पर्याप्त छैन । फेरि लोकसाहित्यका अन्य विधाहरूको पनि सङ्कलनको खाँचो छ ।

मेला तथा महोत्सव आदि पर्यटन प्रर्वद्धनका दृष्टिबाट गर्ने गरिएपनि संस्कृतिको रक्षा र विकासका लागि गर्नु आवश्यक छ । बालुन, सङ्गीनी जस्ता मौलिक संस्कार र धार्मिक संस्कारसँग सम्बन्धित लोकसाहित्यको त अहिले कति पनि काम भएको छैन । यति की बालुनको खेल्ने तरिका के हो ? कति प्रकारका बालुन भेटिएका छन् ? जसताकुरा लिपिबद्ध हुन सकेको छैनन् । यहाँ यस अध्ययनपत्रलाई बालुन खेल्ने पद्धति वा लोकनाच बालुनको तौरतारिका र बालुनको सङ्कलनको केन्द्रीयतामा रहेर प्रस्तुत गरिएको छ ।

अहिले आएर त्रि.वि.वि. लगायत नीजि क्षेत्रहरूले अध्ययन कर्ताहरूलाई लोकसाहित्यको अध्ययनमा संलग्न गराएको पाइएको छ । यसलाई व्यवस्थित गर्न सम्बन्धित निकायहरूको ध्यान जानु आवश्यक देखिन्छ ।

## तेस्रो परिच्छेद

लोकनाटकको सामाजिक सैद्धान्तिक स्वरूप

### ३.१. लोकनाटकको व्युत्पत्ति र अर्थ

लोकनाटकको चर्चा गर्नु पूर्व यसको व्युत्पत्तिगत अर्थ खुट्याउनु उपयुक्त हुने हुनाले यहाँ लोकनाटक शब्दलाई लो+नाटक गरी दुई शब्दमा छुट्याउन सकिन्छ । लोक शब्दको अर्थ 'जन' वा 'संसार' भनि लगाईएको छ । ऋग्वेदमा पार्थिव र दिव्य गरेर लोकका दुई भिन्न अवस्था जनाइएको छ । आर्यको आगमनपछि आर्येतर जातिसंग दुई भिन्न संस्कृतिको सङ्घर्षका रूपमा व्यक्त भयो । फलस्वरूप वेद वेदोत्तर स्थिति देखापऱ्यो । जसअनुसार लोकको अर्को वेदको अर्थ पनि भिन्न भयो ।[३३]

लोक शब्दको अङ्ग्रेजी प्रयोग हुने शब्द Folk हो । Folk शब्दको उत्पति Volk बाट भएको हो । यो अङ्ग्रेजी शब्द हो । जर्मनीमा यो Volk का रूपमा प्रचलित छ । अङ्ग्रेजी भाषी प्रयोगका दृष्टिमा 'फोक' असंस्कृत र मूढ समाज अथवा जातिको द्योतक हो । तर सर्व साधारण र राष्ट्रका सवैजनताकालागि पनि यसको प्रयोग गरिन्छ । यसरी लोक Folk शब्दका सङ्कुचित र विष्तृत दुवै अर्थ पाइन्छन् । जन वा ग्राम शब्दलाई 'फोक' (Folk) शब्दका अर्थमा प्रयोग गरिन्छ । किन्तु सीमित अर्थवोध हुने हुनाले तिनलाई 'फोक' को समानथी मानिदैन । 'जन' प्राचीन शब्द हो । संस्कृत एवं पाली ग्रन्थमा मानव समाजको बोध 'जन' शब्दले गराएको छ । यस दृष्टिबाट 'जन' र 'लोक' शब्दमा धेरै समानता भएपनि प्रयोग र परम्पराका दृष्टिमा 'फोक' का लागि 'लोक' शब्द नै उपयुक्त ठहर्दछ ।

संस्कृतको 'नट्' धातु बाट नाटक शब्दको व्युत्पत्ति भएको हो भन्ने धारणा आर्चाय भरतको रहेको छ । पूर्वीय नाट्यशास्त्रको विद्वान नाट्यशास्त्रको विद्वान भरतले भने अनुसार नै रामानन्द, गुणचन्द्र आदि आचार्यहरूको मत रहेको छ । यसको विपरित पश्चिमी विद्वानहरूको 'मूल धातु' 'नुट' हो भनेका छन् । बेबर मोनियर विलियम्सले मूल धानु 'नृत' धातुका विकारी रूपहुन भनेका छन् ।[३४] नृत्य, ताल र लय अनुसार नाटक आश्रित हुन्छ । 'नृत' लाई भाव आश्रित र नाट्यलाई रसाश्रित स्वीकारिएको छ । नृत्य सहितको अभिनय

---

३३. पामर, ई १९५४:९, चूणामणि बन्धु, पूर्ववतबाट उद्धत ।

३४. ईश्वरीप्रसाद गैर, पूर्व आधुनिक नेपाली लोकसाहित्य, क्षितिज प्रकाशन, २०५९, पृ ७० ।

नाटक हो । नाटक विधामा कला भएका कारण नै नाटक शब्द समग्र दृश्य विधानका लागि प्रचलित एवं प्रसिद्ध छ । अव लोक+नाटक भन्ने दुई शब्दको योग बाट यो लोकनाटक शब्दको व्युत्पत्ति भएको हो । यस किसिमको व्युत्पत्ति लक्ष्य अर्थका आधारमा लोकनाटकलाई परिभाषा गर्ने प्रयास अनेक विद्वानहरूले गरेका छन् ।

## ३.२. लोकनाटकको परिभाषा

क. स्वभाविक शुद्ध र विकार रहित लोकप्रचलित कार्यसंग सम्बद्ध अङ्गलीला रहित सहज अभिनययुक्त विभिन्न प्रकारका स्त्री र पुरूषद्वारा अभिनीत नाटक नै लोकधर्मी नाटक हो - भरतमुनि (नाट्यशास्त्र) ।

ख. जुन सिद्धान्तले परिस्कृत नाटकहरूको मूल्याङ्कन गरिन्छ । तिनै सिद्धान्तहरूलाई लोकनाटकको अध्ययनका निम्ति आधार बनाउनु हुदैन ।[३५]

ग. लोकधर्मी रूढीहरूको अनुकरणात्मक अभिव्यक्तिको त्यो नाट्यरूप जसले आ-आफ्नै क्षेत्रका लोकमानसलाई आल्हादित उल्लसित एवं अनुप्राणित गर्छ, त्यो लोकनाटक कहलाउँछ । श्रीराम शर्मा [३६]

घ. रङ्गमञ्चमा ओर्ली अभिनय गर्नुपर्ने 'ब्याले' बलडान्स अपेरा र नृत्यनाट्य सबैलाई हामी एउटै साझा शब्द नाचको प्रयोग गर्छौं । मदरकाली नाच, देवीनाच, भावप्रधान नृत्य हुन् । ज्यापु नाटक पक्का नाटक हो तर हामी दुवैलाई नाच भन्छौं । प्रेमबहादुर कंसाकार ।[३७]

ङ. लोकजीवनले उत्सव, पर्व तथा मनोरञ्जनका क्रममा जीवनका आशा उमङ्ग तथा बह बिलौना, उच्छ्वास विश्वास आदि भोगाईलाई आ-आफ्नै किसिमले व्यक्त गर्दछ । लोक अभिव्यक्तिका यसै क्रममा अभिनय हुनसक्ने विषयवस्तु प्रदर्शित गर्दै गाउँघरका पाटी,

---

३५. श्याम परमार, लोकसाहित्य विमर्श, आगरा १९५४ ई ।

३६. चूणामणि बन्धु पूर्ववत् ।

३७. ऐजन ।

पौवा, चौतारी वा शहरबजारका चोक र डवलीहरूमा मनोरञ्जनका निम्ति देखाइने परम्परागत नाटकलाई लोकनाटक भन्न सकिन्छ ।[३८]

## ३.३. लोकनाटकको वर्गीकरण

लोकनाटकका वर्गीकरणका विभिन्न आधार छन् । विषयका आधारमा, आकारका आधारमा, प्रस्तुतिका आधारमा, भावका आधारमा, प्रभावका आधारमा र सहभागीका आधारमा लोकनाटकलाई वर्गीकरण गर्न सकिन्छ ।

विषयका आधारमा पौराणिक र लोकिक नाटकका रूपमा वर्गीकृत गर्न सकिन्छ । पौराणिक नाटकका विषयवस्तु लोकको परम्परागत विश्वास र मान्यतामा आधाररित हुन्छन् । नेपालीमा नचरी, बालुन, लीला र चरित्र आदि पौराणिक नाटकहरू हुन् । यिनका विषयवस्तु रामायण र महाभारतका कथामा आधारित हुन्छन् । अर्काथरीका लोकनाटकरूमा लौकिक विषयवस्तु हुन्छन् । यिनमा लोक जीवनका घटनाहरूमा आधारित कथानकहरू हुन्छन् । यस्ता लोकनाटकहरू नवनिर्मित पनि हुनसक्छन् । समयको अन्तरालमा त्यस्ता नाटकहरूले पनि पौराणिक नाटककै रूप लिन्छन् । नेपाली सोरठी र घाटु यस्तै लौकिक नाटकहरू हुन्, विस्तारै पौराणिक हुन थालेका छन् ।[३९]

चूडामणि बन्धुले वर्गीकरण गरे अनुसार लोकनाटक पौराणिक र लौकिक, अनुष्ठानमूलक र मनोरञ्जनमूलक, सजीवपात्र र निर्जीपात्र एकालाप र वार्तालाप भनि विषयवस्तु, पात्र, प्रस्तुति आदि रहेको पाइन्छ । प्रयोजनका दृष्टिले लोकनाटक अनुष्ठानमूलक र मनोरञ्जनमूलक हुन्छन् । जीवनका संस्कार र पर्वहरूसँग संबद्ध अनुष्ठानमूलक नाटकहरूको प्रस्तुतीकरण निश्चित अवसर हुन्छन् ।

त्यस्तै मनोरञ्जनात्मक लोकनाटक मनोरञ्जनकै लागि प्रस्तुत हुन्छन् । त्यस्ता लोकनाटकहरूको कुनै खास समय हुदैन, जुन सकै समयमा पनि प्रस्तुत गर्न सकिन्छ । आभिनेता वा प्रस्तुतकर्ताका आधारमा पनि लोकनाटकको वर्गीकरण गरिन्छ । सजीव र निर्जीव पात्र त्यसमा पनि मानवीय र मानवेतर गरी विभाजन गरेको पाइन्छ । विभिन्न

३८. ऐजन ।

३९. चूणामणि बन्धु, पूर्ववत् पृ.२६५ ।

उमेरका स्त्री र पुरूषका साथै बाँदर, भालु, आदिले पनि अभिनय गर्न सक्छन् । कठपुतलीनाच निर्जीव पात्रको नाच हो ।

प्रस्तुतीकरणको शैलीको आधारमा लोकनाटक एकालाप र वार्तालापका रूपमा हुन्छन् । एकालापमा प्रस्तोता एक्लै बोल्छ, एकोहोरो बयान गर्छ तर वार्ताकलापमा संवाद हुन्छ, कुराकानी हुन्छ । नेपालीमा सोरठी, घाटु, नचरी, लीला र चरित्र अभिनय गर्ने पात्र बोल्दैनन् । घटनाको वर्णन गर्ने अरूनै हुन्छन् । हुन त नेपाली लोकसाहित्यका फाँटमा देखिएका लोकनाटक गाइन्छन् । बालुन, घाटु, सोरठी, लीला, नचरी, चरित्र आदि सबै गाइन्छन् । त्यसैले लोकनाटकलाई गीतिनाटक पनि भन्ने गरेको पाइन्छ । [४०]

लोकसाहित्यका विधाहरूको वर्गीकरण गर्नु त्यति सजिलो कार्य होइन । लोकसाहित्य पर्याप्त सङ्कलन नभईरहेको बेला लोकसाहित्यको वर्गीकरणमा कठिनाई आएको हो । विभिन्न विद्वाहरूले आ-आफ्ना किसिमले नेपाली लोकनाटकको वर्गीकरण गरेको पाइन्छ । यहाँ विभिन्न विद्वानहरूको मतलाई समेटेर निम्नलिखित आधारमा लोकनाटकको वर्गीकरण गरिएको छ । जस्तै १. आकारका आधारमा, २. प्रस्तुतीको आधारमा, ३. भावका आधारमा, ४. विषयवस्तुको आधारमा, ५. प्रभावका आधारमा, ६. सहभागीका आधारमा आदि ।

**क. आकारका आधारमा**

यस आधारमा लोकनाटक दुई प्रकारका छन् । लघु आकारका र वृहद आकारका लोकनाटक । छोटा छोटा लोकनाटकलाई लघु आकारका लोकनाटक भनिन्छ । छोटो र संक्षिप्त भए पनि कथानकमा पूर्णता पाइन्छ । यस्ता लोकनाटक निकै प्रकावकारी हुने गर्छन् । घटनाको संक्षिप्तता हुन्छ र पात्र थोरै हुन्छन् ।

व्यापक विषयवस्तु र धैरै पात्रहरूको प्रयोग भएका लोकनाटकहरूलाई वृहत लोकनाटकका रूपमा राखिन्छ । यस्ता नाटकमा वृहत विषय समेटिन्छ । रामायाण, महाभारत जस्ता पौराणिक र धार्मिक विषयवस्तु अङ्गालिएका लोकनाटकहरू यस्तै प्रकारका हुन्छन् ।

---

४०. चूणामणि बन्धु, पूर्ववत् पृ.२६६ ।

### ख. प्रस्तुतीकरणका आधारमा

प्रस्तुतीकरणका आधारमा लोकनाटक प्रहसन प्रधान र नृत्यनाट्य प्रधान गरी दुई प्रकारका मानिन्छन् । आकारमा लामा छोटा जस्तै भएपनि हास्यव्यङ्ग्यालाई नै प्रमुखता दिएर देखाइने नाटक प्रहसनप्रधान लोकनाटक हुन् । बृहदलोनाटक प्रदर्शन भंरहेको बेला दर्शकलाई पट्यार नलागोस् भनेर नाटकका बीचबीचमा पनि यसप्रकारका प्रहसन कार्यक्रम गरिन्छ । छुट्टै अवसरमा पनि हास्यव्यङ्ग्यलाई मात्रै अङ्गालेर मनोविनोदात्मक ढङ्गमा प्रस्तुत गरी लोकबासीलाई मनोरञ्जन दिन यस्ता नाटक प्रस्तुत गरिन्छ । नेपालीमा गाइजात्रा, स्वाँग आदि यस्तै लोकनाटकहरू हुन् । संगीत, नृत्य वा नाचका माध्यमबाट नाटकको विषयवस्तुको अभिव्यक्ति दिने प्रक्रिया अपनाउने लोकनाटकलाई नृत्यनाट्य प्रधान लोकनाटक भनिन्छ । यस प्रकारका नाटकमा कुनै एक पक्षको अन्य दुई पक्षको गौणता रहने स्थिति देखिन्छ । एकपक्षको प्रमुखतत अन्य पक्षको गौणताको अवस्थाले यसका पनि तीन प्रकार देखिन्छन् । त्यसमा नृत्य प्रधान लोकनाटक, सङ्गीतप्रधान लोकनाटक रहेका छन् ।

नृत्यप्रधान लोकनाटकहरूमा मारूनी नाच, बालुननाच, भुडङकाननाच, धान नाच, कीर्तननाच यस्तै यस्तै लोकनाटकहरू नेपालीमा प्रचलित नृत्यप्रधान लोकनाटक हुन् । सङ्गीतप्रधान लोकनाटकमा गीतसंगीतको रूपमा रहने गर्दछ । सङ्गीतको तालमा संवाद र अभिनय हुने र सम्पूर्ण नाटक नै सङ्गीतको सुरतालमा आवद्ध हुने प्रकारका नाटकहरूलाई सङ्गीतप्रधान लोकनाटक भनिन्छ । यस्ता नाटकहरू रामहरी मल्ल र छमर्कोलाई लिन सकिन्छ ।

### ग. भावका आधारमा

नाटकमा देखिने भावको प्रधानताका आधारमा प्रेम, भक्ति, वीर र हास्य भाव प्रधान नाटकहरूको वर्गीकरण गरिएको छ । प्रेम-प्रणय, माया-पिरती तथा सृङ्गारिक भावले ओतप्रोत भएका नाटकहरू प्रेमभाव प्रधान नाटक हुन् ।

देवीदेवताको स्तुति, ईश्वरको प्रार्थना, यशोगान, राम-कृष्ण जस्ता व्यक्तिको गुणगान आदि भक्तिपूर्ण अभिनय नाटकलाई भक्तिभावप्रधान लोकनाटक भनिन्छ ।

प्रेमभाव, हास्यभाव र कतै भक्तिभाव भएपनि नाटकको केन्द्रीयतामा वीरभाव रहेको छ भने त्यस्ता नाटकलाई वीरप्रधान लोकनाटक भनिन्छ । प्रेम भक्ति, वीर जस्ता भावलाई

उपेक्षा गरी लोकबासीलाई जसरी भएपनि हँसाएर आनन्द दिने खालका नाटकलाई हास्यप्रधान लोकनाटक भनिन्छ र अन्य पक्षभन्दा पनि मनोरञ्जनात्मक विषयको प्रधानता रहने नाटक हास्यप्रधान लोकनाटक हुन् ।

### घ. विषयवस्तुका आधारमा

आकार, प्रस्तुत, भाव जस्ता आधारमा नाटकको प्रकार विभाजन गरिए, झैं विषयवस्तुका आधारमा पनि लोकनाटकको वर्गीकरण गर्न सकिन्छ । अरू आधारहरू भन्दा विषयवस्तुका आधारमा लोकनाटकको वर्गीकरण गर्दा सबै नाटकहरू समेटिने अवस्था देखापर्दछ । विषयवस्तुका आधारमा लोकनाटकको वर्गीकरण गर्दा पाँच प्रकारमा विभाजन गर्न सकिन्छ । पौराणिक एवं धार्मिक, सामाजिक, किवदन्तीमूलक, ऐतिहासिक र अतिप्राकृतिक लोकनाटक गरी पाँच प्रकारका लोकनाटकहरू विषयवस्तु अनुसार विभाजन गर्न सकिन्छ ।

पौराणिक एवं धार्मिक विषयवस्तुलाई लिएर नाटकको मञ्चन गरिन्छ भने ती नाटक पौराणिक एवं धार्मिक लोकनाटक हुन् । धार्मिक चाडपर्व, पुराण, अनुष्ठान आदिका अवसरमा देखाइने वा खेलाइने नाच, अभिनयपूर्ण प्रर्दशनहरू यसै कोटीमा पर्दछन् । पुराण वा धर्ममा प्रसिद्ध ठहरिएका विषयवस्तु तथा पात्रहरूको चरित्रलाई चित्रण गर्ने र धार्मिक सदेभाव देखाउने उद्देश्यका नाटकलाई नै पौराणिक एवं धार्मिक लोकनाटक भनिन्छ । कृष्णलीला, रामलीला नाटकहरू पौराणिक एवं धार्मिक दुवै खालका हुन् । मुन्धुम, बालुन, सोरठी, देवीनाच पौराणिक धार्मिक लोकनाटक हुन् ।

इतिहास र पुराणका विषय नलिई आफ्नै लोकले भोगेका देखेका, अनुभव गरेका र दैनिक जीवनसँग सम्बन्धित रहेर जुनसुकै विषयमा पनि आधारित नाटकलाई सामाजिक लोकनाटक भनिन्छ । सामाजिक समस्यालाई उठाउँदै समाजमै देखिने प्रतिनिधिमूलक पात्र वा चरित्रलाई उभ्याएर यथार्थिक तथा संभावित घटनालाई देखाउने प्रयासका नाटक सामाजिक लोकनाटक हुन् । ख्याली, ज्यापू, चाँचरी, पैकेली यस्तै प्रकारका लोकनाटक हुन् ।

इतिहासबाट विषयवस्तु लिइएका र प्रसिद्ध वीरपुरुषका चरित्र साथै प्रसिद्ध ऐतिहासिक घटनालाई अभिनयात्मक रूपमा वर्णन गर्ने तथा प्रस्तुत गर्ने नाटकनै ऐतिहासिक लोकनाटक हुन् । यस्ताखाले नाटकमा वीरभावको उपस्थिति रहन्छ । इतिहासमा प्रसिद्ध रहने वीर पुरूष

र उसका साहसिक कार्यको वर्णन र ऐतिहासिक युद्ध वर्णन गरिने हुँदा वीर रसले ऐतिहासिक लोकनाटक लत्पतिएका हुन्छन् । भाव र रस जे भएपनि ऐतिहासिक विषयवस्तुमा आधारित नाटकलाई ऐतिहासिक लोकनाटक अन्तर्गत राखिन्छ ।

पुराणमा उल्लेख नभएका ऐतिहासिक रूपले पनि अप्रमाणित लोकमा चर्चित र प्रसिद्ध किंवदन्तीलाई विषयवस्तु बनाएर सिर्जिएका, श्रुतिपरम्परामा जीवित रहेका नाटकलाई नै किंवदन्तीमूलक लोकनाटक भनिन्छ । लोकमा विख्यात घटना तथा व्यक्ति सम्बन्धी जनश्रुतिलाई आधार मानेर सिर्जना गरिएका नाटक नै यस अन्तर्गत रहेका छन् । यस प्रकारका विषयवस्तुहरूको समय, स्थान र परिवेश थाहा पाइदैन । यस प्रकारका नाटकमा लिइने व्यक्ति चरित्र न इतिहासमा भेटिन्छ न त पुराणमा नै देखिन्छ । परम्पराले चर्चा परिचर्चा गर्दै आएका घटना र व्यक्तिका बारेमा जनश्रुतिलाई आधार मानेर सिर्जना गरिएका नाटक नै यस प्रकारमा पर्दछन् ।

अति प्राकृतिक लोकनाटकहरू मानवीय शक्ति र सीमा भन्दा अझ बढी अकल्पनीय घटनासँग सम्बन्धित हुन्छन् । मानवेत्तर विषयवस्तुलाई अङ्गालेर रचिएका नाटकलाई अतिप्राकृतिक लोकनाटकमा समेटिन्छ । यस्ता नाटकहरू जासुसी, तिलस्मी, तन्त्रमन्त्र, टुनामुना जस्ता वृत्तिले सजिएका हुन्छन् र पात्र, चरित्र पनि मानवेत्तर भूतप्रेत, पशुपंक्षी, राक्षस, अप्सरा, देव इत्यादि जस्तालाई लिइएको हुन्छ । लौकिक तत्वले भन्दा अलौकिक तत्वले सजिएका काल्पनिक र उपत्यारिला घटनाले ओतप्रोत भएका रोमाञ्चकारी तर अयथार्थिक मनगढन्ते कथावस्तुमा सिर्जिएका नाटक अति प्राकृतिक लोकनाटक हुन् । जहाँ लोकमानसको कतै उपस्थिति हुँदैन, भएपनि देवीशक्तिका आडभरोसाले मात्रै उसको अस्तितव देखिन्छ । मानवेत्तर पात्रको बाहुल्यता र उनीहरूकै केन्द्रीयतामा यस प्रकारका नाटक रहेका हुन्छन् ।

**ङ. प्रभावका आधारमा**

नाटकको अन्तिम परिणतिले नाटकले दर्शकलाई जे जस्तो प्रभाव पार्दैछ त्यसका आधारमा नाटकको प्रकार छुट्याउँदा त्रास र कामद गरी दुई प्रकार देखिन्छन् । यसै त्रासदी र कामदीलाई दुःखान्त र सुखान्त पनि भन्न सकिन्छ । जुन लोकनाटक हेर्नाले दर्शकमा भय र करूणाको भाव उत्पन्न हुन्छ, जुन नाटकका पात्रहरू दुःख र वेदना छटपटाएका हुन्छन् ।

जहाँ पीडा र विछोडको स्थिति देखिन्छ तब ती नाटकलाई त्रासदी/दुःखान्त लोकनाटक भनिन्छ । जुन नाटक हेर्दा दर्शकहरू प्रफुल्लित, खुसी, आनन्छ र उत्तेजक बन्दछन् । उनीहरूमा सन्तुष्टिको भाव उत्पन्न हुन पुग्छ । नाटकका पात्रहरू सुख र मिलनमा दङ्ग पर्छन् र उल्लासमय वातावरणमा नाटक टुङ्गिन्छ । यस प्रकारका नाटकहरूलाई कामदी वा सुखान्त लोकनाटक भनिन्छ ।

### च. सहभागीका आधारमा

सहभागिका आधारमा पनि लोकनाटकलाई वर्गीकरण गर्न सकिन्छ । सजीव पात्र र निर्जीव पात्रको प्रयोग गरिएका आधारमा सजीव र निर्जीव पात्र प्रधान लोकनाटक भनी दुई भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

मानवीय र मानवेत्तर भएपनि सजीन पात्रको प्रयोग गरिएका लोकनाटकलाई सजीवपात्र प्रधान लोकनाटक भनिन्छ । जुन नाटकमा सजीव पात्रको उपस्थिति प्रत्यक्ष वा रङ्गमञ्चमा देखिदैन । प्रदर्शनमा निर्जीव पात्रहरूको मात्रै कार्यव्यापार देखिन्छ ती नाटकहरू निर्जीव पात्र प्रधान लोकनाटक हुन् । कठपुतली, छाया, पुतली जस्ता निर्जीवपात्रहरूको माध्यमबाट नाटक मञ्चन गरिन्छ । यसमा सजीव पात्रले नेपथ्यबाट निर्जीव पात्रहरूलाई चलाई रहेका हुन्छन् । रङ्गमञ्चमा निर्जीव पात्र चलायमान रहन्छन् । तिनको सञ्चालन सजीव पात्रले लुकेर गरिरहेको हुन्छ ।

लोकनाटकलाई विभिन्न आधारमा वर्गीकरण गरिएको छ । माथि वर्णन गरिएका कुरालाई आरेखमा निम्नानुसार देखाउन सकिन्छ । [४१]

DIAGRAM

## ३.३.२. लोकनाटकको विशेषता

### भाषिक सरलता

लोकनाटक शास्त्रीय मानसिकता नभएरका पात्रहरूले खेल्ने, खेलाउने, रच्ने र गाउने, अभिनय गर्ने भएकाले यसमा सरलता र स्वाभाविक भाषाको प्रयोग गरिन्छ । आलङ्कारिक, बौद्धिक र गाम्भीर्यताका झिटी-झाम्टा र सजगदेखि टाढा रहने हुँदा लोकनाटकको भाषा

४१. कृष्णप्रसाद आचार्य, पूर्ववत् ।

सहज सरल र स्वभाविक हुन्छ । स्थानीय भाषिकाको निकै प्रभाव देखिएपनि स्थानीय पात्रका लागि त्यो सरल नै हुन्छ । लोकनाटक सर्वसाधारण जनताको सामूहिक उपज हो । त्यसकारण उनीहरूको सरल हृदय झैं भाषा पनि कोमल वोधगम्य र सरल हुने गर्छ ।

### कथावस्तु

धार्मिक, पौराणिक, ऐतिहासिक विषयवस्तुबाट लिएका कथनहरूले लोकवासीलाई अत्यन्त छिटो प्रभाव पार्ने, बुझ्ने पनि सरल हुने हुँदा लोकनाटकमा यस्तै कथानकको मञ्चन गरिन्छ । लोकको रूची अनुसार लोकजीवनमा रूजेभिजेका कथावस्तु नै लोकनाटकका कथावस्तु हुन् । धार्मिक चाडपर्व तथा अनुष्ठानमा मञ्चन गरिएका नाटकहरूमा खेल्ने पात्रहरू भन्दा पनि खेलाउने पात्रहरूले धर्म बढी प्राप्त गर्ने विश्वासले गर्दा लोकनाटकको लोकप्रियता र रूचि रहन गएको छ ।

### अभिनय र रङ्गमञ्च

नाटक दृश्यविधा हो यो अभिनीत हुन्छ । यसमा सामूहिक अभिनय हुन्छ । लोकनाटकको मञ्चन कुनै भव्य महल वा रङ्गमञ्चमा गरिदैन बरू आँगन, डबली, चौतारी, चोक, मठ-मन्दिर, पाटीपौवा जस्ता खुला मञ्चमा साधारण भेषभुषामा गरिन्छ । त्यसकारण अभिनय र खुलामञ्च हुनु यसको विशेषता हो ।

### सहभागीहरू

लोकनाटकमा पुरूषपात्रकै सहभागिता बढी पाइन्छ । नाटककमा नारी पात्रको भूमिका रहेको ठाउँमा पनि पुरूष पात्रकै प्रयोग गरेको पाइन्छ । नारीका कपडा पहिरिएर नारीकै झैं मसिनो स्वर लजालु स्वभावमा अभिनय गरिन्छ । समाजका रूढ चरित्रलाई नै लोकनाटकका सहभागीहरूले चित्रण गर्दछन् ।

### संवाद अङ्क विभाजन

लोकनाटकमा आउने संवाद एकदमै छोटा, छरिता र सरल पाराका हुन्छन् । मौखिक परम्परामा जीवित रहने संवादहरू संक्षिप्त तर संस्मरण योग्य हुन्छन् । गद्य र पद्य दुवै खाले संवादको प्रयोग गर्ने गरिन्छ । खासगरी लोकनाटकमा पद्य संवादलाई प्राथमिकता दिएको

देखिन्छ । अङ्क । दृश्य विभाजनको सुनियोजित विभाजन गरिएको हुँदैन तापनि कुनै कुनै लोक नाटकमा दृश्य विभाजन गर्ने गरेको पाइन्छ ।

**रूपायोजना र लोकधर्मिता**

शास्त्रीयता नहुनु लोकनाटकको विशेषता हो । लोकजीवनमा प्रचलित सृङ्गारका सामान, भेषभूष र पात्रनुकूल पहिरनको योजना गरिन्छ । शास्त्रीय नाटकमा जस्तो भेषभूषा र रङ्मञ्चको साजसज्जाको कृतिमता लोकनाटकमा पाइदैन । लोकनाटकमा लोकको प्रचलन, मूल्यमान्यता, विश्वास, आस्था रीतिथिति, चालचलन, धर्मसंस्कृति आदिको विशेष भूमिका रहने गर्दछ । यी सम्पूर्ण सामाजिक स्थितिलाई स्पष्ट पार्ने हुँदा लोकनाटक नाट्यधर्मि वा रंगमञ्चधर्मि नभएर लोकधर्मि हुन्छन् भनिएको हो । लोकधर्मी नाटक स्वभाविक र सहज देखिन्छन् ।

**हांस्य र मनोरञ्जन**

समग्र लोकसाहित्यले झैं लोकनाटकको प्रयोगले पनि मनोरञ्जन दिनु हो । मनोरञ्जनका अन्य सामग्रीको अभाव रहेको नेपाली समाजमा परम्परादेखि नै लोकनाटकलाई मनोरञ्जनको साधनको रूपमा प्रयोग गर्ने गरिएको छ । लोकलाई मनोरञ्जन दिनेक्रममा संवाद र अभिनयमा पनि हास्यात्मक विधि अपनाइन्छ । पात्रहरूका वीचमा ख्यालठट्टा गरेर दर्शकलाई हँसाइन्छ । सामाजिक वेथिति र कुरीतिलाई सँस्यौली भाषामा ठट्टापूर्वक देखाउने काम समेत लोकनाटकमा गरिन्छ । लोकनाटकमा पुर्सुङ्गे, लखरपाँडे, मारूनी जस्ता पात्रहरूले जसरी भएपनि दर्शकलाई हँसाउने र दर्शकलाई मनोरञ्जन गराउने गरिन्छ ।

**सामाजिक, धार्मिक र नैतिक प्रवृत्ति ख**

लोकनाटकहरू जीवनका दैनिक व्यवहारसंग तादात्म्य राख्ने खालका हुन्छन् । समाजको वास्तविकरूपलाई चिनाउनुका साथै सामाजिक चालचलन, व्यवहार र रीतिथितिका व्यवहारिकताको समष्टिमानै लोकनाटकले पूर्णता प्राप्त गर्दछ । सामाजिकताको टड्कारी र अनुभवजन्य छाप पाइने हुँदा लोकनाटकमा सामाजिक प्रवृत्ति रहेको हुन्छ भन्न सकिन्छ । धार्मिक उत्सव, अनुष्ठान आदिमा खेल्ने खेलाईने नाटकहरूमा धर्म प्राप्तिको आशा देखिन्छ । लोकनाटकमा राम्रा-नराम्रा, सत-असत, धार्मिक र पापी जस्ता पात्रहरूको चरित्रका

प्रतिक्रिया र व्यवहारबाट लोकबासीलाई नैतिक सन्देश दिइन्छ । जीवनका नकारात्मक पक्षलाई त्याग्दै सकारात्मक पक्षतर्फ लाग्न अभिप्रेरित गर्ने कार्य लोकनाटकबाट भएको देखिन्छ । सामाजिक, धार्मिक र नैतिक आदेश लोकनाटकका आ-आफ्नै विशेषता रहेका हुन्छन् ।

**लोकसंस्कार संस्कृतिको संरक्षण**

नेपाली लोकनाटकहरूले लोकजीवनका विभिन्न जातीय संस्कार, चाडपर्व, रीतिरिवाजहरूलाई सुरक्षित राखेका हुन्छन् । आधुनिक सभ्यताले अभ्र पश्चिमा सभ्यताले आफ्नो संस्कार र संस्कृति लोपहुँदै गएको अवस्थामा हाम्रो पहिचान र संस्कृतिलाई बचाईराख्न लोकनाटकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । नेपाली समाजलाई नेपालीपनको लगाम कसेर मौलिकता र अपनत्वको पहिचानतर्फ अग्रसर गराउने तथा सजग तुल्याउने काम लोकनाटकले गरेका छन् । त्यसकारण आफ्नोपन र पहिचानलाई सुरक्षित राख्नु लोकनाटकको महत्वपूर्ण विशेषता हो । यिनै नाटकका आधारमा हामीले आफ्नो पहिचान, संस्कार, संस्कृति के हो भन्ने कुरको पहिचान राख्दै पूर्व अध्ययनमा लोकनाटक साधन र स्रोत बन्दछन् । त्यस्तै गरी लोकनाटकका अन्य विधागतरूपमा पनि विशेषताहरू उल्लेख गर्न सकिन्छ ।

**अन्य केही विशेषताहरू.....................**

**गुरूपरम्परा**

लोकनाटक प्रर्दशनमा गुरूपरम्परा हुन्छ । लोकनाटकको वाचन गायन वा सञ्चालनमा कुने व्यक्ति विशेषले वा समूहले गर्दै आएको हुन्छ । अर्को ठाउँमा त्यही नाटक प्रर्दशनमा अर्कै तरिका प्रस्तुत गरिएको हुन्छ । कतिपय समयमा पूर्वजबाट भावी पुस्तामा हस्तान्तरण हुँदैजाने लोकनाटक बाबुबाट छोरामा पनि जाने गर्छ । नयाँ पुस्ताले सिक्ने गुरूको चेलो बनेर अभ्यास गर्नुपर्छ । गुरूपरम्परामा व्यवधान भयो भने लोकनाटकको परम्परामा ह्रास आउन सक्दछ ।

**विधिविधान**

लोकनाटक प्रर्दशनको तरिका निश्चित हुने गर्दछ । पुराना मूल्यमान्यताहरू मौखिकरूपमा हस्तान्तरित हुन्छन् र ती समाजमा नाटकहरूको प्रर्दशन अनुष्ठानहरूसँग जोडिएको हुन्छन् । नेपाली समाजमा सोरठी, घाटु, बालुन, चरित्र, लीला आदिको प्रर्दशन अनुष्ठानहरूसंग सम्बन्धित हुन्छन् । यसमा नाटकको आदि, मध्य चयन, पहिरन, आभूषण र प्रसाधन एवं अभिनयका निश्चित पद्धति छन् । पूजा आवाहन र सम्मोहनका नियमहरू आदि ।

### वाद्य

लोकनाटक प्रर्दशनको मौलिक बाजाहरूको प्रयोग गर्ने गरिन्छ । लोकबाजाले लोकनाटकलाई चिनारी गराउँदछ । मादल, सोरठी, लीला जस्ता नाटक प्रर्दशनमा आवश्यक बाजा हो । बालुनका लागि आवश्यक पर्ने अनिवार्य बाजा खैंजडी हो ।

लोकजीवनको आस्था र व्यवहारको सरल प्रर्दशन मूलक अभिव्यक्ति नै लोकनाटक हो । लोकनाटक प्रर्दशनमा नृत्य, गायन, वाद्य आदिको लोकशैलीमा प्रयोग गरिन्छ । आधुनिक रङ्गमञ्च चाहिँदैन । गुरूपरम्परामा र निश्चित विधिविधान हुने गर्दछन् । कुनै घटना मूलक कथानक हुनेगर्छ ।

### लोकनाटक बालुनको परिचय

'बालुन' शब्दको उत्पत्तिको सर्न्दभमा जेजस्ता मतहरू देखिए पनि महाभारत र रामायणका महाआख्यानहरूलाई संक्षिप्त रूपमा प्रस्तुत गर्ने सर्न्दभमानै बालुन शब्दको प्रयोग उपयुक्त देखिन आउँछ । कुनै पनि नाटकको बाललीलाको वर्णन बालुनमा गरिनेहुँदा बालुन बाललीलाबाटनै संचालन हुन पुगेको देखिन्छ ।

नट् धातुमा 'अक' प्रत्यय लागेर आदिवृद्धि भए पछि नाटक शब्दको व्युत्पत्ति हुन्छ । त्यसै नाटक शब्दमा लोक शब्दको योगहुँदा लोकनाटक शब्दको निर्माण भएको छ । अब यहाँ लोकनाटकको एक भेद बालुनको चर्चा गर्न लागिएको छ । नेपालका पूर्व मेची देखि पश्चिम महाकालीमात्र नभई बालुन जहाँ जहाँ नेपाली व्राम्हण क्षेत्रीको बसोबास छ त्यहाँसम्म प्रचलित लोकनाटक मानिन्छ । बालुन एक पौराणिक गाथामा आधारित लोकनाचका रूपमा रहेको छ । पुरूष पात्रहरूले मात्रै नच्ने गरेको बालुन धार्मिक कार्यक्रम, षोडश संस्कारहरूमा विशेष गरी शुक्लपक्षको रात्रीको समयमा प्रस्तुत गरिन्छ ।

बालुनमा रामायण, महाभारत तथा कृष्ण चरित्रमा आधारित गाथा गाइन्छ । घर आँगन लिपपोत गरी बालुन खेल्ने फराकिलो ठाउँतयार पारिन्छ । बालनेहरूलाई बस्नको लागि गुन्द्री, गुन्द्री आच्छ्याइन्छ । परम्परागत पहिरनमा सजिएका प्रौढ पुरूषहरूको समूह बालुन नाच्न तयार हुन्छन् । इलामतिर भने युवाहरू पनि बालुन नाचका लागि सिपालु भइसकेको पाइन्छ । बालुन नृत्य गर्ने बालनेहरू सेतो दौरा, सुरवाल लगाई सेतो पटुका बाँधेका हुन्छन् । सेतो फेटा बाँधेका हुन्छन् । सामान्य रूपमा ४-४ जनाको दुई डम्फा गरी आठ जनाको समूह हुन्छ । यिनको बीचमा कम्तिमा एक एक जना सिपालु र बालुनको कथा राम्ररी लयात्मक रूपमा प्रस्तुत गर्न सक्ने नाइके हुनुपर्दछ । बालुनका लागि कुशल गायक, पाठ गर्ने पण्डित, भजनेहरू, र हँसाउने लखरपाँडेहरू समेत रहन्छन् खैजडी बजाएर घुमी घुमी पाइला अघिपछि सार्दै बालुन नाचिन्छ । हस्तलिखित पुस्तकका सहायताले पण्डितले पाठ गर्छन् र यसै भनाईलाई छोपेर बालनेहरूले लयात्मक रूपमा अभिनयका साथमा दोहोऱ्याउँछन् ।

पौराणिक कथालाई लोकभावनामा ढालेर भजनका माध्यमबाट प्रस्तुत गरिने बालुन नेपाली लोक जीवनमा निकै प्रचलित छ । मनोरञ्जनसँगै नैतिक र आध्यात्मिक सन्देश प्रदान गर्ने बालुनको नेपाली समाजमा गहिरो छाप रहेको पाइन्छ ।

बालुनको प्रारम्भमा बालुन नाच्ने बालने र कन्या केटीलाई घरपतिले टीका लगाइदिएपछि बालुन नाच सुरू हुन्छ । वरिपरि दर्शक बसेका हुन्छन् । मङ्गलाचरण, गुरूप्रार्थना, भजन आदि हुँदै बालुन अघिबढ्छ ।

सर्वप्रथम बालनेहरू आँगनमा आई २-२, ४-४ वा ८-८ को संख्यामा मुखामुख गरी उभिन्छन् । सबभन्दा पहिले उनीहरू इष्टदेवता, कुलदेवतालाई सम्झन्छन् । दियो, कलस र गणेशको पूजा हुन्छ । बालनेहरूको स्वागत गरिन्छ । बालुन नृत्यको प्रारम्भ हुन्छ । बालनेहरू दुवै हात जोडी टाउकोमाथि उठाएर घुम्छन् । आफ्ना आफ्ना समूहमा विभाजित भई बालुन प्रारम्भ गर्छन् । बालुनका सुरूमा कतै कतै त्यसको प्रस्तुतिकरणको प्रसङ्ग पनि देखाउन सकिन्छ ।[४२]

४२. राजेन्द्रप्रसाद पौड्ल, कमला खोचका लोकगीतको संकलन, वर्गीकरण र विश्लेषण, अप्रकाशित सोध प्रवन्ध, त्रि.वि.वि.काठः २०४३ पृ.८१, ८२ ।

मङ्गलाचरणका साथ प्रारम्भ भएको बालुनमा बालनेहरू रामायाण, महाभारत वा लीलाकथाहरूलाई क्रमशः अघि बढाउँछन् भने भजनेहरूले पनि सहयोग पुऱ्याउँछन् । एकै रातमा सकिने गरी महाभारत, रामयणको कथा वा कृष्ण चरित्रलाई प्रमुख घटना मानि प्रस्तुत गरिन्छ । भजनका माध्यमबाट कथानकलाई अघि बढाइन्छ । पौराणिक कथानकलाई लोकिक रङग दिएर प्रस्तुत गरी लोकसंवेद्य बनाइन्छ । लीलाहरूको प्रस्तुलीले वातावरणलाई आर्कषक बनाउन भजनेहरू सिपालु हुन्छन् । त्यस्तै हनुमान कंङस आदि बनेर दर्शकलाई आश्चार्यचकित तुल्याउन पनि उनीहरू उत्तिकै खप्पिस हुन्छन् । बालनेहरूको अभिनयपूर्ण नृत्य, भजनेहरूको लीलावर्णन सहितको भजन र मनोरञ्जनले रात छ्लङग हुन्छ ।[४३]

यसरी लोकनाटक बालुन आर्य समुदायमा धार्मिक अनुष्ठान पुराण, व्रतवन्ध आदिमा बेलुका देखाइने, खेललाइने गरिन्छ र पूर्वमा निकै प्रचलित पनि छ ।

## ३.४. इलाम जिल्लाको साँस्कृतिक र जातीय परिचय

### ३.४.१. पृष्ठभूमि

भौगोलिक तथा जातीय विविधताले भरिएको नेपाल परापूर्वकालदेखि नै स्वतन्त्र राष्ट्रका रूपमा परिचित छ । भूवनौटका दृष्टिले नेपाललाई हिमाली प्रदेश, पहाडी प्रदेश र तराई प्रदेश गरी ३ भागमा विभाजित छ । नेपालको कुल क्षेत्रफलको १५ प्रतिशत भू-भाग हिमाली प्रदेशले, १७ प्रतिशत भू-भाग तराई प्रदेशले र सबभन्दा बढी ६८ प्रतिशत भू-भाग प्रदेशले ओगोटेको छ । हालसम्म राजनैतिक विभाजनमा ५ विकासक्षेत्र भए पनि देश सङ्घीय राज्य हुने निश्चित भएको छ । संविधान सभामा चौध प्रदेशको प्रस्ताव समेत पेशभइसकेको छ । १४ अञ्चल र ७५ जिल्ला रहेको नेपाल बहुभाषिक, बहुजातीय, बहुसाँस्कृतिक देशका रूपमा परिचित छ । विभिन्न जात जातिको मिसावट भएको देश भएपनि धार्मिक र जातीय सहिष्णुता कायमै छ । धर्मका हिसावले गणतान्त्रिक व्यवस्थाले दिएको सुविधा अनुसार विविध धर्मको स्वतन्त्रता रहेको छ । हुन त गणतन्त्र स्थापना हुनु अघि देश हिन्दु राज्यका रूपमा रहेपनि अन्य विभिन्न धर्म मान्ने समुदायहरू पनि हाम्रो समाजमा थिए । धार्मिक सहिष्णुता थियो जुन धर्म निरपेक्षता घोषणा पछि पनि कायमै रहेको छ ।

---

४३. राजेन्द्रप्रसाद पौडेल, पूर्ववत पृ.२७९ ।

नेपालको पूर्वीभेगको मेचीअञ्चलको बीचमा पहाडीक्षेत्रमा रहेको इलाम जिल्ला ग्रामीण भेगहरूले भरिएको एक चर्चित जिल्लाका रूपमा रहेको छ । यो जिल्ला आर्थिक, राजनैतिक, शैक्षिक स्थिथिबाट अगुवा जिल्लाका रूपमा रहेको छ । यहाँ उत्पादन हुने विभिन्न नगदेवालीहरूले यस क्षेत्रका जनताहरूको आर्थिक अवस्था पनि उच्च रहेको छ । गाउँनै गाउँ भएकाले यहाँका मानिसहरू परिश्रमी छन् । आर्थिक उर्पाजनसँग सस्कार र संस्कृतिको संरक्षणका लागि पनि यहाँका जनताहरू सचेत छन् । विभिन्न समयमा जात्राहरू, झाँकी, लोक नाचहरू प्रस्तुत गर्ने गरिन्छ । इलाममा प्रचलित लोकजात्रा तथा नाचहरू रोपाईजात्रा, सङ्गीनी, लाखेनाच, साकेला, धाननाच, बालुन आदि मुख्य रूपमा चर्चित रहेका छन् ।

यहाँ उत्पादित मुख्य नगदेवलीलाई पहिलो अक्षर एउटै ‘अ’ संवोधन गरी ‘अ’ हरूको प्रचलनमा सातौ ‘अ’ सम्म विकास भएको पाइन्छ । प्रख्यात ‘अ’ हरूमा अलैची, अम्लिसो, ओलन, आलु, अर्थोडक्स चिया, अकवरे खोर्सानी आदि चिजवस्तुका साथै अतिथि सत्कार, पर्यटन प्रर्वद्धनका दृष्टिले उपयुक्त रहेको छ ।

यस जिल्लामा पर्यटन प्रर्वद्धका लागि त्यति ठूलो महत्व दिन सकेको छैन । पर्यटनक्षेत्रहरूमा पूर्वको सूर्योदयकालागि प्रख्यात श्रीअन्तु, त्यस्तै सूर्योदयकालागि नै प्रख्यात सिद्धिथुम्का, धार्मिक दृष्टिबाट प्रख्यात ईलामको पश्चिम क्षेत्रमा रहेको गजुरमुखी, सदरमुकाम भित्रकै सिंहवाहिनी, नारायणस्थान, माइथान, सेतीदेवी, लगायतका देवीस्थानहरू रहेका छन् । त्यस्तै गरेर उत्तरी क्षेत्रमा रहेको धार्मिक, पर्यटकीय तथा सिमसारक्षेत्र जैविक विभिधताका दृष्टिले समेत महत्वपूर्ण स्थान रहेका छन् । सन्दकपुर पर्यटकीय स्थल हो । विभिन्न सुन्दर क्षेत्रका साथै परिश्रमि कृर्षकका कारणबाट अन्य जिल्लाको तुलनामा इलाम जिल्ला अलिक अग्रस्थानमा रहेको भन्न उपयुक्त हुन्छ । इलाम जिल्ला मेची अञ्चलको सदरमुकाम समेत रहेको छ । यातायातको सुविधाका दृष्टिले वर्षातको समयमा केही कठिनाई भए पनि हिउँदका समयमा भने सबैजसो गाउँहरूमा साना सवारीसाधनहरू आउजाउ गर्ने र जनतालाई सुविधा प्रदान गर्ने गरको छ । ४८ वटा गाउँ विकास समिति (गा.वि.स.) र एउटा नगरपालिका भएको यस जिल्लामा मुख्य २ स्थानलाई शाखाका रूपमा विकास गरिएको छ । पूर्वीभेगका लागि फिक्कल बजारलाई र पश्मिक्षेत्रका लागि मङ्गलवारे बजारलाई शाखाका रूपमा प्रसासनले सुविधा प्रदान गरेको छ । विब्ल्याँटे बजार, र्हकटे

देउराली , रवि, पञ्चमीबजार जस्ता क्षेत्रहरू पनि व्यापारिक दृष्टिबाट विस्तार हुँदै गरेको क्षेत्र हुन् ।

यस जिल्लामा राष्ट्रिय व्यक्तित्वहरू धेरे नभएपनि राजनैतिक दृष्टिबाट उचच ओहदाका व्यक्तिहरू रहेका छन् । त्यस्तै साहित्य, गायन, गीतलेखन जस्ता दृष्टिबाट पनि चर्चित क्षेत्रका रूपमा नै रहेका छ । भारतको दार्जिलिडसंग सोझो सम्पर्क भएको यस क्षेत्रमा साकित्य तथा गायनमा निकै उन्नति भएको देखिन्छ । संचारका दृष्टिले इलाममा निकै विकास भएको छ । घ वटा रेडियो स्टेशन छन् । २ वटा सामुदायिक र एक नीजि स्टेशन रहेका छन् ।

नेपालको सूर्योदय हेर्न सकिने श्रीअन्तु, सिद्धिथुम्का पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण मानिन्छ । प्राकृतिक दृष्टिकोणले पर्यटनलाई टेवा पुऱ्याउने चियावारी, माइपोखरी, नारायणस्थान, सिंहबाहिनी, सानो पाथीभरा, सिद्धिथुम्का, गजुरमुखी, टोड्के झरना, सन्दकपुर जस्ता क्षेत्र यस जिल्लामा अवस्थित छन् । शितल मौसमका कारण पनि इलाम जिल्ला निकै उपयोगी गनतव्यका रूपमा रहेको छ । पृथ्वीकै तापक्रम बढी रहेको यो समयमा शितलता निकै लोभलाग्दो विषय हो । पर्यटक भि□याउने यो जिल्ला आफैं प्राकृतिक दृष्टिले भरिएको क्षेत्र हो । यहाँको सन्दकपुरबाट भारतको सिंहलिला पर्वत सृङ्खलाको दृश्य अवलोकना गर्न सकिन्छ । त्यस्तै श्रीअन्तुको डाँडाबाट कञ्चनजङ्घा हिमालको मनोरम दृश्यको मनमोहकतामा रमाउन पाइन्छ /सकिन्छ । भारतको नजिकै रहेको यो जिल्ला नजिकै दार्जिलिङ् सहर रहेको छ ।

यो जिल्ला मेची अञ्चलको सदरमुकाम भएको हुँदा यहाँ नेपाल सरकारको आवश्यक अञ्चल स्तरीय कार्यालयहरू, पुनरावेदन अदालत, लोकसेवा आयोग अञ्चल कार्यालय लगायत म.र.ब. क्याम्पस विश्वविद्यालयसम्म विकास हुने दिशातिर पाइला चाल्दैछ ।

बजार व्यवसायका हिसाबले कृषकले उत्पादन गरेका कृषि सम्बन्धी उत्पादनको सामान बेच्नका लागि प्रत्येक गाउँगाउँमा हाटबजार रहेका छन् । यातायातको दृष्टिकोणले यो जिल्ला केही सुगम भए पनि बजार व्यवस्थित हुन सकेको छैन । तापनि अन्य जिल्लाको तुलनामा भने अलिक व्यवस्थित रहेको छ ।

यसरी मूल्याङ्कन गर्दा इलाम जिल्ला विकासोन्मुख क्षेत्र हो भन्नु उपयुक्त देखिन्छ । यहाँ संस्कार, संस्कृतिहरूको जगेर्ना गर्ने संस्थागत रूप नभए पनि स्थानीय स्तरबाट लोकमा प्रस्तुत गर्ने समुदायहरू जिल्लाका विभिन्न क्षेत्रमा सक्रिय नै रहेको पाइएका छन् ।

## ३.४.२. जाति, जनजाति र धर्म संस्कृति एवं परम्परा

नेपाल बहुभाषिक, बहुजातीय र बहुधार्मिक देश हो । जब नेपाल सिङ्गो राष्ट्रका रूपमा विकास भयो त्यसपछि नेपाल सबै जातजातिको साझा देशका रूपमा विकास भयो । यस क्षेत्रमा बसोबास गर्ने जातिहरूमा हिमाली क्षेत्रमा शेर्पा, राई, गुरूङ्ग, लिम्बू, मुखिया आदि बसोबास गर्ने गर्दछन् । पहाडी क्षेत्रमा पनि राई, लिम्बू, ब्राहमण, क्षेत्री, मगर, कामी, दमाई, सार्की आदि बसोबास गर्दछन् । इलाम जिल्लामा लोपन्मुख जाति लेप्चा (लाप्चा) पनि रहेको छ । लाप्चाहरू जिल्लाको उत्तरपूर्वी क्षेत्रमा बसोबास गर्दछन् । लेप्चाहरू इलामका आदिबासी जाति हुन् । यो जातिमा आफ्नो धर्म संस्कृति बचाउन नसक्ने स्थिति देखा परेका छ । यस जातिलाई संरक्षण गरेमा पर्यटकहरूको अझ आकर्षण र सोही जातिलाई पनि राहत हुने देखिन्छ । यस जातिलाई संरक्षण गरेमा पर्यटकहरूको अझ आकर्षण र सोही जातिलाई पनि राहत हुने देखिन्छ । यस जिल्लामा बाहुन/ब्राहमण र क्षेत्रीको बाहुल्य भएको हुँदा र यो जातिको भाषालाई राष्ट्र भाषाको रूपमा स्वीकारिएकाले अलिक बढी पर्वते/नेपाली भाषाको नै प्रयोग हुने गरेको भएता पनि अन्य जातिहरूको बाहुल्यता भएको क्षेत्रमा आ-आफ्नै भाषा प्रयोग गर्ने गरेको पाइन्छ । राई गाउँमा किराँत भाषा, लिम्बू गाउँमा लिम्बू भाषा, मगर गाउँमा मगर भाषा बोल्ने गरेको पाइन्छ तर जातिजाति बीच सम्पर्कको भाषा भने नेपाली नै रहेको छ ।

जातिजाति बीच समानता र सदेभावना कायम राखी मिलीजुली एकअर्काको समस्या सउमाधान गर्ने गरेको देखिनछ । यो क्षेत्रमा कामी, सार्की, दमाई, आदि जाति रहे पनि शैक्षिक जागरूकता र चेतनाका कारण भेदभाव कमै मात्रामा पाइन्छ । शिक्षाले गर्दा समानताको भावना आउनु स्वभाविक मान्न सकिन्छ । यो इलाम जिल्लाको एउटा विशेषता हो ।

यस जिल्लामा बसोबास गर्ने विभिन्न थर, गोत्र र जात जातिको मानिसहरूको आफ्नै प्रकारको जातीय संस्कार रहेको छ । यस जिल्लामा हिन्दु धर्म, किराँत धर्म, बौद्ध धर्म, क्रिश्चियन धर्म लगायतका धर्म मान्ने मानिस र अन्य धार्मिक सम्प्रदायका समेत मानिसहरू

बसोबास गर्ने गरेका छन् । कृष्णप्रणमी, जैन, शिख, बहाई आदि धर्म मान्ने समुदायहरूको इलाम जिल्लामा बसोबास रहेको छ ।[४४]

इलाम जिल्लामा बसोबास गर्ने मुख्य ब्राहमण, क्षेत्री, मगर, तामाङ, गुरूङ, शेर्पा, लिम्बू, राई, सार्की बाँनिया, भूजेल, सुनुवार, कुमाल, हजाम, याख्या, चुरौटे, ह्माल्मो, लेप्चा भोटे, थामी, मारवाडी, नेवार, धामी, दमाई, ठकुरी, सन्यासी आदि जातिहरू इलामका बासिन्दा हुन् ।

व्यापारको दृष्टिकोणमा नेवार,मारवाडी खासगरी अग्रस्थानमा रहेर काम गरिहेका भए पनि अन्य जातजाति पनि व्यापारमा सकृय देखिन्छन् । भारतबाट कुनै समयमा नेपाल प्रवेश गरी नेपालका अन्य जाति झैं बसोबास गरिरहेका मारवाडीहरू अत्यधिक मात्रामा इलामका विभिन्न हाटबजारमा पुगेर व्यापार, व्यवसाय चलाईरहेका छन् । गोर्खे होस् की जौबारी, फिक्कल होस् कि मङ्गलबारे, देउराली होस् कि विप्ल्याँटे, सदरमुकाम होस् कि सदरमुकाम बाहिर, राँके होस् कि पशुपतिनगर, चिसो होस् कि तातो जुन सुकै ठाउँमा मारवाडीहरू समायोजन भएर प्रायः व्यापारलाई मात्रै पेशा बनाएर जीवन बिताई रहेका छन् । उनीहरूको पुख्यौली थलो भारततिरै विहेवारी, मर्ने बेलामा समेत उतै जाने प्रथा मारवाडीमा रहेकोले यिनीहरू नेपाल केवल व्यापार गर्न मात्रै आएका देखिन्छन् ।

यस जिल्लामा बसोबास गर्ने प्रायः सबै जातिहरूमा शिक्षको उन्नति भएको देखिन्छ । तर जिल्लाका कुनाकाप्चा क्षेत्रमा अझैं पनि शैक्षिक चेतना न्यून नै देखिन्छ । गाउँ पिच्छे उच्च मा.वि. खुलेका छन् तै पनि जिल्लाका विभिन्न क्षेत्रमा शैक्षिक सजगता अझ भएको देखिन्न । अहिले युवा वर्ग अलिक बढि नै महत्वकांक्षी देखिन्छन् । शिक्षाका कुरा भन्दा अन्य फाल्तु विषयमा अल्मलिएको देखिन्छ ।

परम्परागत पेशा गर्ने चलन पनि अझैं छँदैछ । ब्राम्हणहरू पुरोहित मानिने आफ्नो पण्डित्यलाई पेशा गरी जीविका चलाएका छन् भने दलित वर्गहरू आफ्नै परम्परागत पेशामा संलग्न देखिन्छन् । कामीहरूले फलाम, सुनको काम गरिरहेकै छन् । दमाइहरू लुगा सिएर आ-आफ्नो जीविका चलाउनेहरू पनि प्रसस्तै छन् । सार्की, धोवी पनि आफ्नो पेशामा नै भेटिन्छन् । नेवारले प्रायः व्यापार गरेका छन् । मारवाडीहरू त व्यापारलाई पुर्ख्यौली पेशाका

४४. धरणी गौतम इलाम र इलामको साहित्य, मलुङ्ग प्रकाशन २०६५ ।

रूपमा सम्हालिरहेका छन् । हुनत अन्य जातिले पनि लुगा सिउने, सुनको काम गर्ने, व्यापार गर्ने गरेका भने छन् । तैपनि पुर्ख्यौली पेशा नै फस्टाएको देखिन्छ ।

यस जिल्लामा जातजातिका मानिसहरू विकसित नै देखिन्छ । शैक्षिक र राजनैतिक स्थिति राम्रो रहेको छ । ब्राम्हणहरू त्यति निरक्षर भेटिदैनन् । 'मानिसको पहिलो पाठशाला घर' भन्ने कुरा यहाँ चरितार्थ जस्तै भएको छ । जिल्लाका सबैजसो व्यापारिक केन्द्रहरूमा राम्रा गनिने खालका नीजि विद्यालयहरू रहेका छन् । सदरमुकाम बाहिर दर्जन भन्दा बढी उच्च मा.वि. स्थापना भई सकेका छन् । नीजि स्तरबाट स्नातकसम्म अध्ययन जिल्लाको पूर्वि केन्द्र कर्फोकमा र पश्चिमी केन्द्र मङ्गलबारेमा थालनी भैसकेको छ । यता सदरमुकाममा रहेको सरकारी क्याम्पसमा स्नातकोत्तर नीजि रूपमै मात्र संचालन भएकाले उच्च शिक्षाका लागि भने इलाम अझैं पछाडि नै भएको स्पष्ट हुन्छ । वल्लतल्ल ५ वटा विषयमा म.र ब कलेजले नीजिस्तरबाट सञ्चालन हुने गरी स्नातकोत्तर संचालन गरेको छ । मानविकी, शिक्षा र व्यवस्थापनको स्नातक संचालन हुने सरकारी क्याम्पसमा अझैसम्म कम्प्युटर शिक्षा विज्ञान संकाय जस्ता शिक्षाबाट यहाँका विद्यार्थी सरकारी क्याम्पसमा सुविधाबाट वञ्चित छन् । यस हिसाबले सरकारीतवरबाट यहाँको शिक्षाले समयानुकूल प्रगति गर्न भने सकेको छैन । स्नातकसम्म विज्ञान लगायतका प्राविधक विषय अध्ययन गर्न समेत बाहिरी जिल्ला जानु पर्ने इलामको शैक्षिक स्तरको अवस्था हो । यति हुँदाहुँदै पनि इलामको मौसम र इलामको क्याम्पस महेन्द्ररत्न बहुमुखी क्याम्पस अध्ययन गर्न पाँचथर, ताप्लेजुङ, तेह्रथुम, झापाबाट समेत आउने गरेको पाइन्छ । यस जिल्लामा शैक्षिक स्थितिलाई हेर्दा साक्षरता औषत ६६.२ प्रतिशत पुरूष ७४.१ प्रतिशत र महिला ५८.२ प्रतिशत रहेको छ । इलाम जिल्लामा शैक्षिक बेरोजगारीको संख्या भने ज्यादै धेरै रहेको छ । यसकारण युवावर्गहरू देशनिर्माणको काममा संलग्न नभई विदेश पलायन हुने क्रम बढ्दो रहेको छ । इलाम जिल्ला प्रसासनले राहदानी वितरण गर्दा दिनमा ९०-१०० थानसम्म राहदानी वितरण भएको आँकडा अनुसार पनि कति युवाहरू रोजगारीका लागि विदेशिन्छन् भन्ने कुराको सहज अनुमान गर्न सकिन्छ । औद्योगिक विकास नभएकाले शैक्षिक बेरोजगारीको समस्या बढेको हो ।

इलाम जिल्ला उद्योगका दृष्टिले पछि नै छ । धेरे पहिलेदेखि यहाँ चियाको उत्पादन हुँदै गरेपनि यो खेतीले अझै त्यति ठूलो व्यवस्थित रूपमा विकास हुन पाएको छैन । तैपनि

चिया उद्योगका लागि इलाम, कन्याम, सोक्तिम, फिक्कल, श्रीअन्तु, आइतबारे, साखेजुङ, जितपुर आदि ठाउँमा स्थापित चिया फ्याक्ट्रीहरूले उद्योगको राम्रो स्वरूप देखाएका छन् । यी उद्योगहरू नै यस जिल्लाका ठूला उद्योगका रूपमा गनिन्छन् । यदाकदा चीज फ्याक्ट्रीहरू पनि निर्माण हुँदैछन् । इलामको बाघखोर, पशुपतिनगर आदि ठाउँमा चीज उत्पादन हुने फ्याक्ट्रीहरू सञ्चालनमा छन् । यसका अतिरिक्त सानातिना डेरी, खुवा (कुराउनी), ढाका, फर्निचर आदि उद्योगहरू स्थापना भएका छन् । पहाडेकागजका पनि छिटफुटरूपमा साना उद्योगहरू स्थापित छन् । त्यस्तै गरेर एउटैमात्र प्लाइउड फ्याक्ट्री पुवाखोलामा सञ्चालनमा छ । कच्चा पदार्थको पर्याप्तता भएपनि यहाँ त्यति राम्ररी उद्योग सञ्चालनमा आउन नसक्नु यहाँको विडम्बना रहेको छ । अदुवा सम्बन्धी उद्योग, अलैची सम्बन्धी, कुचो सम्बन्धी, एउटै पनि उद्योग नहुनु त झनै अनौठो हो । इलाममा पानीको उद्योग सबैभन्दा सजिलो र उपयोगी हुने निश्चित छ तर यस्ता आवश्यक र उपयोगी उद्योगको विकास कसेको ध्यान जान सकेको छैन । इलाम जिल्लाका लगानीकर्ता र समाजका अगुवाको दृष्टि नपुगेका धेरै विषयहरू रहेका छन् ।

व्यावसायिक कृषि र प्राकृतिक सौन्दर्य भएको यस जिल्लाको सम्भावना निकै धेरै छ । पर्यटन र कृषि नै यस जिल्लाको मुख्य आकर्षण बन्न सक्छ । कन्यामको चियावारी, श्रीअन्तुको झुल्केघाम, सन्दकपुर, माइपोखरी, सिद्धिथुम्का, देउराली, माङमालुङ, साब्लिथुम्का, कुहिभीर, महाभारा क्षेत्र मुख्य आकर्षक क्षेत्र हुन् ।

धार्मिक स्थलहरूले पनि इलामको आकर्षण बढाएको छ । गजुरमुखी देविस्थान, माइस्थान, नारायणस्थान, सिहबाहिनी, सेतीदेवी, पञ्चकन्या मन्दिर, पाथिभरा मन्दिर जस्ता इलामका दर्शनीय स्थल हुन् । यिनै धार्मिक स्थलहरूमा गरिने विभिन्न कार्यक्रमहरूमा प्रचलित लोकनाटक, लोकगीत, जात्रा आदि संचालन गर्ने र सांस्कृतिक लोकसंस्कारको प्रचलन पुस्तान्तरण गराइने गरेको पाइन्छ । यस क्षेत्रमा किराँत र हिन्दू तथा बौद्ध धर्मको बाहुल्य रहेको पाइन्छ । प्रायः सबै बासिन्दाहरू धर्म प्रिय छन् । कुनै प्राकृतिक विशेष सुन्दरता र विचित्रता रहेका ठाउँमा एक-एक देवी देवताको स्वरूपको प्रकटीकरण भएको भनेर त्यहाँ पूजा-आजा गर्ने गरेको देखिन्छ । सबै प्राकृतिक दर्शनीय स्थलमा कुनै न कुनै देवी देवताको मन्दिर रहेको पाइन्छ । व्यवसायिक रूपमा कृषिबाट आर्थिक उन्नति गरेको इलाममा उल्लेख्य रूपमा गरिने खेतीहरूमा चिया, अलैची, अदुवा, अम्लिसो, आलु, सुन्तला,

उन्नत पशुपालन, तरकारी खेती आदि रहेका छन् । यी खेतीका वगानहरूले बाहिरी जिल्लाका किसानहरूलाई निकै आकर्षित गरेको छ । विभिन्न जिल्लाबाट सामुहिक रूपमा इलामको व्यवसायिक कृषि हेर्न आउने कृषि पर्यटकहरूको राम्रै उपस्थिति पाइन्छ । कृषि बाहेकका व्यक्तिहरू पनि वगानको रूपमा रमणीय दृश्यमा अत्यन्तै आकर्षित हुन्छन् । आन्तरिक पर्यटनको आकर्षण कृषि पनि एक हो । यस जिल्लामा पहाडी भेगका बेँसीहरूमा धान, गहुँ, मकै, उत्पादन हुन्छ भने हिमाली भेगतिर आलु र मकै मात्रै उत्पादन हुने गर्छ । साथै अन्य नगदेवालीहरू मात्रै उत्पादन गर्ने प्रचलन रहेको छ । मटर कोसा, बेमौसमी काउली, बन्दाकोपी आदिको पनि प्रसस्तै उत्पादन हुने गरेको पाइन्छ । कृषिको विविधिकरण नहुन्जेल उच्च पहाडी क्षेत्रतिरको जीवन निकै कष्टकर थियो । तर अहिले आएर नदगेवाली राम्रो विकास भएपछि गाईको दुध, कुचो (अम्लिसो) सागसब्जी, लगायत मुख्य आलुले यहाँको कृषकको जीवनस्तर सुखमय बनाएको छ ।

यसरी जीवनका उकाली ओराली नाघ्दै समय बिताउने इलाम मुख्य रूपमा वसोवास गर्ने जाति जनजातिहरूको स्थिति निम्नानुसार रहेको पाइन्छ ।

इलामका बासिन्दाहरू राई, लिम्बू, मगर, तामाङ, गुरूङ, लेप्चा, शेर्पा याख्या, कागते, ब्राम्हण, क्षेत्री, कामी, दमाई, सार्की आदि जात जातिहरू यहाँका मुख्य बासिन्दा हुन् । लिपिका हिसावले यहाँ देवनागरी लिपि र भाषा नेपाली (खस) कै प्रमाणहरू फेला पर्दछन् । श्रृजङ्घा, संवोट आदि लिपिहरूमा पनि केही उन्नति हुँदै गरेको देख्न पाइन्छ तथापि साहित्य सिर्जनामा त्यसतर्फ प्रगति भएको छैन ।

**ब्राम्हण**

यो जाति नेपालका विभिन्न ठाउँमा बसोबास गर्दै आएको जाति हो । भेटिएका लेखोटहरू अनुसार नेपाल राज्यको इतिहास लिच्छवीकाल भन्दा पनि पहिला नेपालको सिंजा क्षेत्रमा राज्य गरेको भन्ने रहेको छ । वंशावलीहरूको अध्ययनबाट ब्राम्हण जाति नेपालमा आउने जाने जातिका रूपमा रहेको देखिन्छ । ब्राम्हणको आदिथलो भारत वर्ष मानिन्छ ।[४५], 'नेपाल' भारत वर्ष क्षेत्र भएकाले यो अनुमान गर्न सकिन्छ । जेहोस विद्वत्तापूर्ण क्षमता भएकाले राज्य संचलकहरूले ब्राम्हणलाई संरक्षण गरेका, शिक्षा लिनदिन सिपालु भएको

---

४५. धरणी गौतम पूर्ववत ।

जातिका रूपमा देशभरी फैलिएको ब्राम्हण जाति इलाममा पनि पहिल्यैदेखि रहेको स्पष्ट हुन्छ ।

**क्षेत्री**

नेपालमा शाह शासनकालदेखि क्षेत्रीको राज्य सञ्चालन सम्बन्धी अगुवाई भएपनि ब्राम्हण क्षेत्री एकै समयतिर नेपाल भित्रिउका मानिन्छन् । युद्ध र राजनीति यीनिहरूको मुख्य पेशा थियो । इलामतिर क्षेत्रीहरू लडाईको क्रममा विजय यात्रीका रूपमा भित्रिएको स्पष्ट छ ।[४६] युद्ध नगरी र राज्य सञ्चालन नगरेर बस्न नसक्ने यी क्षेत्रहिरू पूवएमा युद्ध जिताईका क्रममा आइपुगेका थिए । अहिले त झनै जिल्लामै दोस्रो स्थानको संख्या रहेका क्षेत्रीहरू विभिन्न पेशामा संलग्न छन् ।

**राई**

यी जाति नेपालको विभिन्न क्षेत्रमा बसोबास गर्दछन् । उनीहरू वातावरणका हिसाबले केही जाडो लेकाली हावापानीमा घुलमिल हुनसक्ने र आफ्नो व्यवसायका रूपमा विदेशी लाहुरे भारत, वेलायत, हङकङ र सिङगापुर आदि ठाउँमा सेवा गर्न सफल देखिन्छन् । १५-१७ प्रतिशत क्षेत्रमा प्रायः यीनिहरू बसोबास गरी कृषि पेशामा र पशुपालन संलग्न रहेको पाइन्छ । यस क्षेत्रमा बढी जाडो भएका कारण बाक्ला लुगा र भेडाका उनबाट बनेका वक्खु लगाउने र आलु मकै, जौ, आदि कृषिवालीमा निर्भर रहने यो जाति हाम्रो देशमा किरात अन्तर्गत रहने र शीवजीलाई पारूहाङका रूपमा र पार्वतीलाई सुम्निहाङको रूपमा मान्ने गर्दछन् । मंसिरमा उद्योली र बैशाखमा उभौली पूजा गर्ने यो जाति आफ्नै धर्म मान्ने राई जाति हाल निकै विकसित रहेको छ । संख्याका हिसावले इलाम जिल्ला सबै भन्दा यो जाति बढि संख्यामा रहेको छ । साकेला (चण्डी) मुख्य नाच हो ।

**लिम्बू**

पुर्वाञ्चलको सुदूर पूर्वी जिल्ला इलाम पाँचथर अन्तर्गत बसोबास गर्ने लिम्बू जाति इलाम जिल्लाम पनि बसोबास गर्ने गर्दछन् । यीनिहरू शुरा जातिका रूपमा हाम्रो समाजले लिने गरेको छ । विदेशी सेनामा यो जातिले बढी विश्वास प्राप्त गरेको छ । यो जाति आफ्नो

---

४६. ऐजन ।

भाषा संस्कार, संस्कृति जोगाउन उद्यत देखिनछ । पृथ्वीनारायण शाहका पालामा जग्गाको विर्ता लिने यो जाति आफ्नो जग्गालाई किपट भन्दछ । यो जाति आर्थिक दृष्टिले सामान्य नै रहेको छ । आफ्नो संस्कृति अनुसारका चाडपर्व मनाउने यस जातिले राष्ट्रिय चाडपर्व आफ्नो पाराले मनाउने गर्दछ । पर्वमा धाननाच, विहावारीमा च्याब्रुङ्ग नाच आदि नाच्ने र पालामा गाउने गर्छन् ।

**लेप्चा**

यो जाति इलामको पूर्वी भागमा रहेको लोप हुनै लागेको जाति हो । नेपालकै इलाम जिल्लामा मात्रै बसोबास गर्ने यो जातिको संख्या हाल २५३४ जना रहेको तथ्याङ्कबाट थाहा पाइन्छ ।[४७] आफ्नो भाषा र भिन्न लिपि रहेको यस जातिको कञ्चनजङ्घालाई देवता मान्ने गर्छ । पेशाका रूपमा कृषि नै अङ्गाल्दै आएको यस जातिको आर्थिक स्थिति सामान्य देखिन्छ । आफ्नो लिपिलाई 'रोङ्ग' भन्ने यो जाति भारतको सिक्किम, दार्जिलिङ्गतिर पनि बसोबास गरेको भेटिन्छ । अन्य जातिसँग घुलमिल हुनु र भारततिर पलायन हुनु पनि यो जाति लोप हुनुको एककारण रहेको छ । यो जाति इलाममा शिक्षाका हिसाबमा पछाडी नै रहेको पाइन्छ । इलामको पूर्वी भेगको नामसालिङ, पञ्चकन्या, श्रीअन्तु, पशुपतिनगर जस्ता क्षेत्रमा बस्दै आएका लेप्चाहरूको आफ्नै लेप्चा भाषा छ । हाल आएर फिक्कल स्थित स्थानीय रेडियोले लेप्चा भाषाको समाचार समेत प्रसारण गर्न थालेको छ ।

**थामी**

यो थामी जाति इलाममा नेपालको पश्चिम क्षेत्रबाट आएको जाति हो । यस जातिको आफ्नै भाषा 'थामी' भाषा रहेको छ । यो जाति पनि इलामको अल्पसङ्ख्यक रूपमा रहेको जाति हो । यस जातिको सङ्ख्या २०५८ को जनगणना अनुसार ८७८ मात्र रहेको छ ।

**कागते**

जातीय रूपमा पहिचान गुमिसक्न लागेको यो जातिको भाषा बोल्ने पनि मानि औलामै गानिने मात्र सङ्ख्या रहेको छ । इलाममा कागते पनि अल्पसङ्ख्यक जातिमा पर्छ । २०५८ सालमा जनगणना अनुसार जातिगत सङ्ख्या नभएर पनि भाषागत सङ्ख्या एक रहेको छ ।

४७. धरणी गौतम पूर्ववत ।

यो भाषा बोल्ने व्यक्तिहरू इलामको पूर्वि भेग पुशपतिनगर फिक्कल क्षेत्रतिर बसोबास गर्दछन् ।

**मगर**

यो जात पनि मंगोलियन समुदायकै जाति हो । इलाममा यो जातिको उल्लेख्य सङ्ख्या रहेको छ । इलाम जिल्लामा प्रायः सबै क्षेत्रमा छरिएर बसोबास गरेको पाइन्छ । आफ्नो भाषा र लिपि प्रयोग गर्ने गरेको पाइन्छ । उनीहरूको भाषा मगर भाषा हो । आफ्नो घर र समुदायमा मगर भाषा प्रयोग गरेपनि अधिकांश व्यवहारमा नेपाली भाषाको नै प्रयोग गर्छन् । अलिक होचो, मोटो, दाह्री जुंगा कम्ती आउने यो जातिको भाषामा पर्याप्त साहित्य सृजना भएको पाइदैन । इलामका मगरहरूको बोल्ने भाषा बाह्र मगरात हो । उनीहरू अक्खा लिपि प्रयोग गर्दछन् तर सबै क्षेत्रका मगरहरूले अक्खा लिपि नजान्ने हुनाले यसको लागि इलाम जिल्लामा यो लिपि सिकाउन विभिन्न क्षेत्रमा कक्षा सञ्चालन भइरहेको पाइन्छ । मगर जातिको जातिगत नाच हुर्रा, कौरा, सोरठी, मारुनी आदि रहेको पाइन्छ ।

**तामाङ**

यो जाति इलामका विभिन्न क्षेत्रमा छरिएर रहेको जाति हो । अलिक मोटो, केही होचो यस जातिको भाषामा २०१६ सं. तिर केही साहित्यिक कृतिहरू लेखेको पाइन्छ ।[४८] भुटान, दार्जेलिङ, सिक्किमतिरबाट नेपाल भित्रिएको यो जातिले विभिन्न गुम्बाहरूमा तिब्ती लिपिको प्रयोग गर्ने र गुम्बामा शैक्षिक केन्द्रका रूपमा लामा पढ्ने र पढाउने गरेको छ । तामाङ, गुरुङ आदिले प्रयोग गर्ने लिपिलाई सम्बोट लिपि भनिन्छ ।[४९] तामाङ भाषामा केही युवाहरूको सकृयतामा केही रचनाहरू प्रकाशमा ल्याउने जमर्कोमा पाइन्छ । आफ्नो छुट्टै संस्कार लामा र गुम्बामा गर्ने यस जातिको परम्पार रहेको छ ।

**गुरुङ**

---

४८ ·धरणी गौतम पूर्ववत्

४९. बलबहादुर तामाङ्गबाट प्राप्त जाकारी ।

यो जातिको भाषा केही फरक रहेपनि तामाङ सँग सबैसंस्कार मिलेको देखिन्छ । लिपि सम्बोट तर भाषा गुरूङ रहेको छ । यो जाति इलामको उत्तर पूर्वी क्षेत्रमा बसोबास गर्ने गरेको पाइएपनि नेपालको पश्चिमतिरबाट इलाम आएको जाति हो ।[५०]

### दमाई जाति

यो दलित जातिको श्रेणीमा पारिएको जाति लुगा सिलाएर आफ्नो परम्परागत पेशा अंगाल्दै जीविका चलाउने जाति हो । हिन्दू धर्म आफ्नो धर्म रहेको र दशै, तिहार, तीज जस्ता चाडपर्वहरू मनाउने गरेको पाइन्छ । यो जातिका मानिसले विवाह, व्रतवन्ध, उत्सव आदिमा बाजा समेत बजाउने परम्परा रहेको छ । भोज आदिमा पनि बाजा बजाउने गर्छन् । हाल आएर पञ्चै बाजाको प्रचलन मासिदै गए पनि संरक्षण गर्ने प्रयास भइरहेको छ । पैसा लिएर यिनीहरू बाजा बजाउने गर्दछन् ।

### कामी जाति

दलित जातिकै अर्को जाति कामीको पुख्यौली पेशा हातहतियार बनाउनु, कृषि औजारहरू बनाउनु र सुनचाँदीका गरगहना बनाउनु मुख्य पेशा रहेको छ । यस जातिमा पनि शैक्षिक चेतनाको अभावले जातिगत भेदभाव कायमै रहेको छ । हाल आएर यस जातिका मानिसमा सम्पन्नता बढ्दै छ । यिनीहरू इलाम जिल्लाको चारैतिर छरिएर बसोबास गर्दछन् । हिन्दू धर्म मान्दछन् ।

### सार्की जाति

यो पनि दलित जाति हो । जुत्ता बनाउने, मुढा बनाउने पुर्ख्यौली पेशा रहेको छ । इलाम जिल्लाको समग्र क्षेत्रमा बसोबास गरिरहेका छन् । आर्थिक अवस्था निकै न्यून रहेको छ । कामी, दमाई, सार्कीलाई दलित जाति भनेर भन्ने गरिन्छ । आर्थिक रूपले कोही अति उच्च र कोही अति निम्न स्तरका रहेका छन् ।

### नेवार

काठमाण्डौं उपत्यकाको उत्पत्तिदेखिनै नेपाल खाल्टोमा रहेका नेवारहरू इलाम जिल्ला तिर पनि बसोबास गर्दछन् । भारत तिरबाट इलाम प्रवेश गरेका नेवारहरू आफ्नो भाषा

---

५०. घरणी गौतम पूर्ववत ।

बोल्नेहरू साह्रै थोरै रहेका छन् । शहर र गाउँ दुवै ठाउँमा यो जातिको संस्कार अन्य जातिको भन्दा फरक रहेपनि भाषा प्रयोगमा धेरैले नेपालीलाई नै मातृभाषाका रूपमा स्वीकारेको पाइन्छ । कृषि, व्यापार र अन्य पेशा व्यवसायमा संलग्न यो जाति व्यापारमा चलाख जातिका रूपमा गनिन्छ । काठमाण्डौका नेवार जाति वा किसान ज्यापू र यहाँका नेवार जातिमा धेरै कुरा परक पाइन्छ ।

आफ्नै भाषा र आ-आफ्नै संस्कार मान्ने भिन्नै विधिविधान रहेका जातिहरू बसोबास गर्ने इलाममा छुट्टाछुट्टै धर्म संस्कृति मान्दै आएको पाइन्छ । हिन्दू राज्य हुँदा पनि विभिन्न धर्म संस्कृति मान्ने इलामका जातिहरू अहिले धार्मिक स्वतन्त्रता भएपछि ती आफ्नै धर्मसंस्कारलाई संगठित रूपमा संचालन गर्दैछन् । हिन्दू, किँरात, बौद्ध, मुस्लिम, क्रिश्चियन, शिख, जैन, वहाई आदि धर्म मान्ने इलामका जातिजनजातिहरूमा धार्मिक र संस्कारगत सहिष्णुता रहेको पाइन्छ ।

यातायातका दृष्टिले मेची राजमार्ग झापाको बुधबारे हुँदै इलाम पाँचथर, ताप्लेजुङ्गसम्म रहेको मेची राजमार्गले यस जिल्लालाई दक्षिण देखि उत्तरसम्म जोडेको छ । धार्मिकका दृष्टिकोणले हेर्दा पनि यहाँ धेरै देवीदेवताका स्थान र मन्दिरहरूबाट हिन्दूधर्मको बाहुल्य रहेको देखिन्छ । हिन्दू धर्मै भन्ने वित्तिकै ईशापूर्व ४५०० वर्ष पहिलेका ग्रन्थहरूले बाहुल्य रहेको परिभाषा र विभिन्न समयमा लेखिएका धार्मिक पौराणिक ग्रन्थ रामायण, महाभारत जस्ता महाकाव्यले नै यो धर्मको व्याख्या गरेको छ । यो जिल्ला साहित्य तथा संगीत क्षेत्रमा पनि अग्रणी रहेको छ । स्वास्थ्यका हिसावले प्रत्येक गा.वि.स. मा उपस्वास्थ्य चौकी जिल्लामा जिल्ला अस्पताल एउटा प्राइभेट स्वास्थ्य संस्था केही आयुर्वेद स्वास्थ केन्द्रले गर्दा उपचार गर्न खासै टाढा जानु नपर्ने देखिन्छ ।

'बालुन' लोकनाच विशेष गरी धार्मिक अनुष्ठानहरूसँग सम्बन्धित रहेको मानिन्छ । बाल लीलाको चर्चा बालुनमा गरिन्छ । लीला प्रस्तुत गर्ने क्रममा यो बालुन नाचिन्छ । यो बाह्रमासे नाच हो । तैपनि पुराण, उत्सव आदि माङ्गलिक कार्यमा यो नाच नाचिन्छ । इलाम जिल्लामा नेपालको अन्य भेगमा नगाइएको र ननाचिएको श्रीकृष्ण वाललीलासँग सम्बन्धित लोकनाच नाच्ने गरेको पाइएको छ । जसको चर्चा निम्न शीर्षकमा गरिएको छ ।

### ३.५. लोकनाच बालुनका प्रकारहरू

बालुन शब्दको उत्पतिका सन्दर्भमा जे जस्ता मतहरू आएपनि २ खाले मान्यता पाइन्छ । एकखाले बालुन रामायणको महाआख्यानलाई संक्षिप्त रूपमा प्रस्तुत गर्ने सन्दर्भमा र अर्को श्रीकृष्णको वाललीला प्रस्तुत गर्ने महाभारतको कृष्ण भगवानसँग सम्बन्धित विषयवस्तु रहेको बालुन गरी दुई अप्रकारका बालुन चर्चामा रहेको पाइन्छ । तैपनि दशअवतार वर्णनमा आधारित जैमुनी भारत, सीता भारत, चण्डी भारत, लीला आदि प्रचलनमा रहेको पाइन्छ ।

## १. रामायण बालुन

रामायण बालुन रामायणको ठूलो रूपबाट आवश्यकता अनुसार स्थानीय मौलिक किसिमले सानो, छोटो छरितो सरल पूर्ण नाट्य रूप बनाइने र खेलिने भएकाले यसलाई रामायणको बालुन (बालस्मरण) भनिएको हुनुपर्दछ । बालुन देखाउने वा खेल्ने निश्चित समय तोकिएको पाइदैन तर पनि बालुन बाहुन, क्षेत्रीहरूले विभिन्न धार्मिक अनुष्ठान, गृहप्रवेश वा खुसीका अवसरमा बालुनको प्रदशन गर्दछन् । बालुन पूर्वमेची देखि पश्चिम महाकालीसम्म मात्र होइन नेपाली भाषी बाहुन क्षेत्री बसोबास गरेका भारत भूटान आदि क्षेत्रमा नेपाली समाजमा प्रचलित लोक नाच हो । (आचार्य, २०६३) रामायणको बालुन रामकथामा आधारित हुन्छ । यसमा रामको चरित्रलाई धार्मिक दृष्टिले प्रस्तुत गरिन्छ । यो लोकनाच नृत्यप्रधान, गेयात्मक र संगीतात्मक लोकनाटक हो ।

रामायण बालुन इलामका विभिन्न क्षेत्रमा ठाउँ विशेष मौलिक तथा पृथक तरिकाले स्थानीय लवजमा प्रस्तुत गर्ने गरिन्छ । समय हेरीकन पनि बालुन खेलाइन्छ । राई, लिम्बू जातिहरूका घरमा पनि क्षेत्री बाहुनलाई बालुन खेल्न बोलाउने चलन इलामतिर रहेको छ ।

इलामको जितपुर क्षेत्र र सिद्धिथुम्का क्षेत्रमा रामायण बालुन, दश अवतार बालुन खेल्ने चलन रहेको पाइन्छ । सीता भारत भनेर यस रामायण बालुनको एक भागलाई भन्ने गरिन्छ । तर सीता भारतमा सीताले भोगेका अकल्पनीय दुरावस्थाको चित्रण गर्दै सीताको केन्द्रीयतामा कथानक रहेको हुन्छ ।

## २. श्रीकृष्ण चरित्र

इलाम जिल्लाका फाकफोक क्षेत्र, साब्जुङ्ग क्षेत्र, मंगलबारे क्षेत्र र सुलुबुङ्ग क्षेत्रमा श्रीकृष्ण चरित्र प्रचलित रहेको छ । इलामका यी क्षेत्रहखमा बाहुन क्षेत्री समाजमा घुलमिल भएर बस्ने राई, लिम्बू, जातिमा बालुन खेलाउने प्रचलन छ । यो एक प्रकारको नृत्य हो

यसमा महाभारतको कथा प्रदर्शन हुन्छ । नृतय, अभिनय र लयात्मक संवादका साथ पुरूष पात्रहरूद्वारा प्रस्तुत गरिने बालुनको शुक्लपक्षको रात्रीमा विशेष गरी पुराण, धार्मिक अनुष्ठानका राती जाग्राम बस्ने शिलशिलामा यो बालुन लोकनाच नचाइन्छ । श्रीकृष्णको जन्म भन्दा अघिदेखि बालक कृष्णले दुष्ट मामा कंशको बध गरेको सम्म श्रीकृष्ण बालुनको कथानक रहेको छ । वासुदेव र देवकीका पहिलो देखि आठौं सन्तान सम्म जन्मिदा भएका घटनाहरूको चित्रण कृष्ण चरित्र बालुनमा प्रदर्शन गर्ने गरेको पाइएको छ । इलाममा प्रायः यसै कृष्ण वाललीला प्रस्तुत गर्ने, वलराम समेत भएर बालककालमै कंशसंग गरेको युद्धको चित्रण गर्दै यो श्रीकृष्ण चरित्र बालुन खेलाइन्छ । यो बालुन इलाम जिल्लाका हकमा हालसम्म प्राप्त बालुन मध्ये एक भेद वा प्रकार हो ।

### ३. दशअवतार चरित्र (जैमुनी भारत)

बालुन हिन्दू धर्म संस्कार अनुसार गरिने विभिन्न कार्यहरूमा रमाइलो गराउने सांस्कृतिक धरोहरका रूपमा प्रस्तुत गरिने नाच हो । सांस्कृतिक कार्यक्रम देखाउने भनेर राति गरिने कार्यक्रम जुनसुकै देखाएपनि बालुन खेलाउन कुनै धार्मिक अवसर भने आवश्यक पर्छ । पुराण लगाएको छ भने वा कुनै विशेष धार्मिक अनुष्ठान सम्पन्न गरिदा जाग्राम बस्ने समय यो बालुन खेलाउने गरिन्छ ।

## ३.६. लोक साहित्यशास्त्र र ज्ञानका अन्यशाखाहरू बीचको सम्बन्ध

लोकसाहित्यको स्वरूप, विशेषता, प्रयोजन र महत्वका विविध पक्षको अध्ययन गर्ने क्रममा नै यसले अन्य ज्ञानका शाखासँग सम्बन्ध राखेको देखिएको थियो । ज्ञानका विविध शाखा उपशाखाहरूलाई यसले सहयोग गर्दछ । ती ज्ञानका शाखाबाट पनि यसले केही ग्रहण गरेको छ । यस दृष्टिले लोकसाहित्यशास्त्रको विकास अर्न्तविषयक शाखाका रूपमा भएको देखिन्छ । यसको क्षेत्र विशालतामा फिंजिएको पाइन्छ । ज्ञानका विभिन्न शाखासंग यसले घनिष्ट सम्बन्ध राख्दछ । ती शाखाका शास्त्रसंग भएको कुरा विज्ञहरूले औंल्याएका छन् ।

### ३.६.१. पुरात□वसंग

लोकसाहित्यले कुनै पनि कुराको वा ठाउँको ऐतिहासिक पक्षलाई संकेत गर्दछ । आफ्नो गाउँ क्षेत्र तिर भएका पुराना वीर पुरूषको गाथाचक्र गाउँदै ऐतिहासिक घटना, चर्चित स्थल, मठमन्दिर र शासकहरूको ऐतिहासिक व्याख्या तथा गुणगान तथा शासक र

राजामहाराजाहरूको अन्याय अत्याचारका बारेमा विभिन्न कथनको सेरोफेरो समेटिएको अभिव्यक्तिलाई लोकसाहित्यले आत्मसात् गर्दछ । पुराना अवशेष नभएको अवस्थामा यिनै गाथा चक्रले पनि पुराना कुराको जानकारी दिन्छन् । एकातिर पुराना कुराको जानकारी दिएर पुरात्वलाई लोकसाहित्यले सहयोग गर्छ भने अर्कातिर लोकसाहित्यमा उल्लेख भएका अनेकन घटना, वर्णन, स्थान र तथ्यलाई परातत्वले प्रमाणित गरी सत्य-तथ्यमा परिणत गरिदिनेकाम गर्दछ । त्यसकारण लोकसाहित्य र पुरातत्वले लोकसाहित्य भित्र छिपेर रहेका सत्यतथ्यलाई उद्घाटन गरिदिन्छ । पुरातत्वले फेलापार्न नसकेका सामग्रीहरूलाई लोकसाहित्यले प्रदान गरेर पुरात□वलाई सहयोग पुऱ्याउँछ ।

### ३.६.२. इतिहाससँग

इतिहास वितेका घटनालाई स्मरण गराउँदछ भने लोकसाहित्यले इतिहासमा वर्णित महापुरूषहरूको पुरूषार्थको वर्णन गर्दछ । इतिहासले पनि फेलापार्न नसकेका कुरालाई लोकसाहित्यले प्रकाशमा ल्याईदिन्छ । लोकसाहित्यमा वर्णन गरिएका कुराहरूलाई इतिहासले ऐतिहासिक रूपमा प्रमाणित गर्ने काम गर्दछ । लोकसाहित्य लेखनमा लोकतथ्यहरूको भण्डार रहेको हुनाले इतिहास लेखनमा लोकसाहित्यको महत्वपूर्ण स्थान रहेको छ । त्यस्तै गरी लोकसाहित्यले पनि इतिहासबाट लोककथा एवं लोकगाथाको ऐतिहासिक भौगोलिक उद्भाव र प्रंसार सम्बन्धी जानकारी प्राप्त गर्दछ । यी दुवै एक आपसमा आवश्यक सामग्री आदानप्रदान गर्ने हुँदा यी दुवै बीच नङमासुको सम्बन्ध रहेको छ ।

### ३.६.३. भूगोलसँग

भूगोलसंग पनि लोकसाहित्यको अत्यन्त मह□वपूर्ण सम्बन्ध र सामीप्यता रहेको छ । भूगोलले अध्ययन गर्ने क्षेत्र लोकसाहित्यमा परिवेशका रूपमा चित्राङ्कन हुन पुग्छ । लोकसाहित्यमा वर्णित परिवेशका आधारमा भूगोलले प्राचीन तथा नवीन नामको पहिचान, तिनका सिमारेखाको अङ्कन तथा तिनको आवश्यक परिचय प्रस्तुत गर्दछ । त्यो जानकारीहरू पस्किउर लोकसाहित्यले भूगोल सम्बन्धी ज्ञानको अभिवृद्धिका लागि स्रोतको कार्य गर्दछ । तयसैगरी भूगोलले पनि लोकसाहित्यमा उल्लेख भएका स्थान विशेष र परिवेशका आधारमा आफ्नो भौगोलिक अध्ययनलाई पूर्णता दिने गर्छ । यसरी दुवै शास्त्र बीच एकआपसमा सूचना आदनप्रदान गर्ने र प्रमाणित गर्ने कार्य भएकाले यी दुवै वीच घनिष्ट सम्बन्ध भएको देखिन्छ । लोकसाहित्य कुन ठाउँबाट रचित गरिएको हो । कुन ठाउँ

हुँदा विकशित र प्रसारित भयो भन्ने जानकारी भूगोलले दिन्छ भने ती ठाउँ र स्थानको जानकारी दिएर लोकसाहित्य भूगोललाई सहयोग गर्दछ ।

### ३.६.४. सामाजिकशास्त्रसँग

लोकसाहित्यले लोकजीवनका सामाजिक अवस्थालाई ध्यानमा राखेर विभिन्न विधाहरूको रचना गर्छ । यसमा सामाजिक रीतिथिति, रहनसहन , चालचलन, भेषभूषा तथा सामाजिक प्रथाहरूको सरल एवं सहज प्रस्तुति पाइन्छ । समाजशास्त्रले पनि प्राचीन कालदेखि वर्तमानसम्मका मानवसमाजका संस्कृति, धर्म, प्रथा, रूढीवाद क्रमिक विकास र विस्तार के कसरी भयो भन्ने वस्तुनिष्ठ अध्ययन गर्दछ । लोकसाहित्यले पनि समाजशास्त्रले झैं समाजका विविध पक्षको रागात्मक र भावात्मक रूपमा प्रस्तुति गर्दछ । यस हिसावले हेर्दा यी दुवै शास्त्रको विषयक्षेत्र समान रहेको देखिन्छ । समाजशास्त्रबाट लोकसाहित्यले साहित्यिक सामग्री फेला पार्दछ भने लोकसाहित्यको अध्ययनले पनि समाजशास्त्रीहरूलाई समाजको विवेचना र विश्लेषण गर्न सहयोग मिल्दछ । यसैगरी समाजशास्त्रले मानव समाजको वर्तमान पक्षलार्य समेटेको हुन्छ । लोकसाहित्यले प्राचीन समाजका मूल्यवान पक्षलाई आत्मसात् गरेको हुन्छ । यी दुवै एकआपसी समन्वयका कारण मानवशास्त्रको पूर्ण र आधिकारीक अध्ययन गर्न सहजहुने हुँदा यी दुवै वीच घनिष्ट सम्बन्ध रहेको छ ।

### ३.६.५. मानवशास्त्रसँग

मानवशास्त्रले मानवको उत्पत्ति र विकासको अध्ययन गर्छ भने लोकसाहित्यले पनि मानव विकासको कथा र व्यथालाई झल्काएको हुन्छ । लोकसाहित्यमा जुनसुकै जाति वा समुदायका अर्न्तमनका अभिव्यक्तिहरू आएका हुन्छन् । मनोविज्ञानले मानवमनको प्रकृति र प्रवृत्ति, भिन्न दिशा र अवस्था तथा क्रियाप्रतिक्रियाको अध्ययन गर्दछ । यसरी दुवै शास्त्रको अध्ययन क्षेत्रमा एकरूपता देखापर्दछ । जसले लोकसाहित्य र मनोविज्ञानका वीच घनिष्ठ सम्बन्ध रहेको उल्लेख गर्दछ । मनोविज्ञानले लोकजीवनका विश्वास, साधारण, प्रथा र प्रचलनका आधारमा आफ्नो अध्ययनलाई अगाडि बढाउँछ भने यसका अध्ययनका पद्धति र सिद्धान्तका आधारमा लोकसाहित्यको अध्ययन गर्दा तत्कालीन मनोवृत्ति मनोदशा र लोकमानसको स्थिति पत्ता लगाउन सकिन्छ । मनोविज्ञानले व्यक्ति र समूहको मनोभावना बुझ्ने काम गर्दछ भने लोकसाहित्यमा पनि लोकमानसकै अभिव्यक्ति रहेको हुन्छ ।

विषयक्षेत्रले एउटै कित्तामा पर्ने अनि एउटाले अर्काको अध्ययनलाई पूर्ण गराउन एकआपसमा सहयोग पुऱ्याउने भएकाले यी दुवैमा घनिष्ठ सम्बन्ध रहेको देखिन्छ ।

### ३.६.७. भाषाविज्ञानसँग

लोकसाहित्यका महत्वका सन्दर्भमा भाषा विज्ञानसँग अति प्रगाढ रहेको पाइन्छ । भाषावैज्ञानिक अध्येताहरूलाई लोकसाहित्यको अध्ययनले ठूलो सघाउ पुग्ने भएकोले उनीहरूले निम्ति लोकसाहित्य एक आधार सामग्री हुन पुग्दछ । "भाषाको प्राचीन रूपको प्रयोग, विविध पविर्तनहरू, अर्थ विकार आदिको उदाहरण लोकसाहित्यमा पाइने हुँदा (शर्मा, पूर्ववत) भाषाको वैज्ञानिक अध्ययन गर्ने कार्यमा लोकसाहित्यले ठूलो सहयोग पुऱ्याउँछ । यसैगरी भाषा विज्ञानका सिद्धान्त र पद्धतिहरू लोकसाहित्यको अध्ययन र विश्लेषण गर्न अत्यन्त उपयोगी बन्दछन् । भाषा विज्ञानले भाषिक विकासको अध्ययन गर्ने अनि लोकसाहित्यको प्रकटीकरणको माध्यम पनि भाषा नै हुने हुँदा यी दुवै शास्त्र वीच निकट सम्बन्ध रहेको देखिन्छ । "भाषाको भण्डारलाई समृद्ध पार्न लोकसाहित्य सिद्धान्त र पद्धतिले लोकसाहित्यको अध्ययनलाई वैज्ञानिकता प्रदान गर्दै लोकसाहित्यको अर्थ बुझ्न सहयोग पुऱ्याउँछ ।"[५१]

### ३.६.८. धर्मशास्त्रसँग

धर्मशास्त्रको रचना पनि लोककै हितर्थ भएको हो । धर्मले लोकमानिसलाई कुमार्गबाट जोगाएर सुमार्गतिर हिडाउने प्रयास गर्दछ । लोकसाहित्य पनि लोककै कल्याणका निम्ति सिर्जिएको हो । यसले लोककम मानिसहरूको मनोविकासलाई निकालेर फाल्ने मानसिक आनन्ददिने काम गर्दछ । यी दुवै शास्त्रले जनमानसकै कल्याण र उन्नतीका निम्ति भूमिका खेल्ने हुँदा दुवैको कार्य एउटै बनेको छ । 'लोकसाहित्यले विभिन्न धार्मिक पुराकथाहरूलाई समेटेर सरल र सहज भाषामा धर्महात्रका कुराहरू बुझाउन सहयोग गर्दछ ।' धर्मशास्त्रले पनि लोकसाहित्यलाई विभिन्न विषय उपलब्ध गराउँछ जसले गर्दा ती विषय र धार्मिक आस्थाका आधारमा लोकमानसका आस्था, विश्वास, विधिविधा, धार्मिक महत्व र आवश्यकतालाई लोकसाहित्यले आत्मसात् गर्ने गर्छ । लोकसाहित्यले धर्मशास्त्रबाट दिशानिर्देश प्राप्त गर्दछ भने धर्मशास्त्रलाई सहज र सरल ढङ्गले जनसमक्ष पुऱ्याउने काम

---

५१. कृष्णप्रसाद आचार्य पूर्ववत, पृ.३२५ ।

पनि गर्दछ । यसरी यी दुवै शास्त्रबीच अभिन्नताको सम्बन्ध भएको पाइन्छ । विश्वासमा अडेको धर्मलाई अझ साकाररूप दिने विश्वासिलो आधार लोकसाहित्य बन्दछ । अनि धर्मको आधारमा पनि लोकसाहित्यले आफ्नो विश्वासिलो पक्षलाई थाम्न सक्दछ । लोकनाच बालुन पनि विशेष धार्मक प्रकारको हुने भएकाले यसको धर्मशास्त्रसँग विशेष हिन्दु धर्मसँग अटुट सम्बन्ध राख्ने लोकनाच रहेको कुरा विश्वास गर्न सकिन्छ ।

### ३.६.९. अर्थशास्त्रसँग

अर्थशास्त्रले समाजमा रहने हरेक वर्षको आर्थिक अवस्था र राष्ट्रकै आर्थिक स्थितिको बारेमा तथ्याङ्क प्रस्तुत गर्दछ । यसले मानवसमाजमा अर्थले खेल्ने भूमिकाको अध्ययन गर्दै अर्थको वितरण, उपयोग, विनिमय के कसरी भएको छ र कुन वर्ग धनी, गरीब बन्दै आयो र गयो भन्ने देखाउँछ । यसले नाफा र घाटाका तथ्याङ्कहरू पेश गर्दै जनताको आर्थिक अवस्थाको चित्रण गर्दछ । समाजको अर्थव्यवस्थाको सन्दर्भबाट जीवनलाई विश्लेषणगरी लोकमानसको सम्पन्नता र विपन्नताको झलक दिने काम अर्थशास्त्रीहरूले गरेका छन् । लोकसाहित्यले पनि विभिन्न विधाका माध्यद्वारा तत्कालीन जनसमुदायका कृषि, व्यापार उद्योगधन्दा आदि आर्थिक अवस्थासँग सम्बन्धित रहेका पक्षहरूलाई स्पष्ट पार्ने गर्दछ । लोकसाहित्यमा वर्णन गरिएका महल, दरबार, छाप्रा, कुटी, गरीब, धनी जस्ता प्रसंगले तत्कालीन जीवनशैली र आर्थिक अवस्थाकै झलक दिन्छन् । त्यसकारण यही साम्यतासँगै लोकसाहित्यले अर्थशास्त्रलाई प्रसस्त आर्थिक तथ्याङ्क दिन्छ भने अर्थशास्त्र पनि लोकको आर्थिक स्थिति तथा समस्याको अध्ययन गर्ने सैद्धान्तिक आधार प्रदान गर्दछ । यसरी यी दुवै शास्त्रले एक आपसमा सूचना आदनप्रदान गरी दुवैको अध्ययनलाई सघाउपुऱ्याउने भएकाले यिनीहरूका वीच निकट सम्बन्ध रहेको देखिन्छ ।

### ३.६.१०. चिकित्साशास्त्रसँग

चिकित्साशास्त्रले मानव तथा पशुको रोगको उपचार गर्ने कार्य गर्दछ । लोकसाहित्यमा पनि यस प्रकारको कार्य भएको पाइन्छ । लोकसाहित्यमा वर्णित रोगको उपचारका विधिहरूबाट चिकित्साशास्त्रले धेरै ज्ञान प्राप्त गरेको छ भने चिकित्साशास्त्रका विविध प्रविधि र विधिलाई पनि लोकसाहित्यले आफ्नै पनको प्रयोग गरेको छ । लोकसाहित्यले प्रयोग गर्ने गरेका टुनामुना, जादुतन्त्र, धामीझाँक्री, जडिबूटी चिकित्साशास्त्रका प्रारम्भिक चेष्टाका रूपमा देखापरेका थिए । तिनैबाट यसले प्रसस्त ज्ञानप्राप्त गरेको छ । चिकित्सास्त्रबाट पनि

लोकसाहित्यले लोकोपचारका निम्ति प्रयोग गरिएका प्रविधिलाई आजको आधुनिक चिकित्साशास्त्रले पनि पूर्णतः उन्मूलन गर्न सकेको छैन, बरू त्यसमा रहेको ठानेको छ । दुबैको शास्त्र शारीरिक र मानसिक रूपले लोककै रोगको उपचारमा संलग्न छन् र यिनको घनिष्ठ सम्बन्ध रहेको स्पष्ट हुन्छ ।

त्यसैले लोकसाहित्य एक उत्कृष्ठ, सामाजिक, साँस्कृतिक मूल्यमान्यतामा निर्भर रहेको ऐतिहासिक साहित्य हो । भौगोलिक, धार्मिक, साहित्यक आदि चरित्र बोकेको लोकसाहित्य लोकसमाजमा सम्प्रेसणात्मक रहेको हुन्छ साथै मौखिक परम्परामा नै जीवित रहेको हुन्छ ।

## ३.७. इलाम जिल्लाको पृष्ठभूमिका बालुनको स्थान

चरित्रको बाल लीलालाई गायन र नृत्यका विविध विधाका साथ प्रस्तुत गरिने भएकाले यो लोकनाचलाई बालुन भनिएको हो । तर कृष्णप्रसाद आचार्यले यस कुरालाई नकार्दै लेखेका छन् “कुनै पनि नायकका बाललीलाको वर्णनबाट बालन भएको हो भन्ने तर्क बालुनमा बाललीला नआएबाट नै खण्डित हुन पुग्दछ ।”[५२] कृष्णप्रसाद आचार्यले रामायण बालुनमा बाललीला नआएको भनेर तर्क पेश गरे पनि ‘सीताले आफ्ना पुत्रद्वत लव र कुशलाई रामकथा लयामक पाराले सिकाएको र तिनै दुई बलकले यो राम कथालाई श्रीरामले गरेको अश्वमेघ यज्ञमा बालकहरूले प्रस्तुत गरेको रामको लीला भएकाले बालुन मध्ये रामायण बालुन पनि बाललीलासँगै सम्बन्धित रहेको स्पष्ट हुन्छ ।’[छघ] हुनत आचार्यले बालुनको एकभेद रामायण बालुनको चर्चा मात्रै गरेका छन् । इलाम जिल्लाको हकमा इलामका क्षेत्रमा मुख्य गरी तीन प्रकारका बालुनहरू प्रचलित छन् । यो क्षेत्रमा रामायण संग सम्बन्धित सीता भरत, राम चरित्र आदि रामायण बालुन प्रचलित छ । त्यस्तै गरेर महाभारत संग सम्बन्धित श्रीकृष्ण चरित्र र दशअवतार संग सम्बन्धित जैमुनी बालुन प्रचलित रहेको पाइन्छ । बालुनलाई बाललीलाको स्मरणका रूपमा नै लिने गरिन्छ । चूडामणि बन्धुले ‘रामायण र महाभारतका कथाहरूलाइृ बालुनमा प्रस्तुत गरिन्छ ’[५४] भनेका छन् । बालुनमा गाथा गाइन्छ, भारतहरू सुनाइन्छ साथै मौलिक र स्थानीय स्वरूपमा प्रस्तुत गरिन्छ । धार्मिक संस्कारमा नामोचारित हुने सबै प्रख्यात देवदेवी आदिको बाललीलाको

५२. कृष्णप्रसाद आचा

५३. सरद तिम्सीना सन्दकपुर दैनिक, २०६७ साउन

५४. चूणामणि बन्धु, पूर्ववत पृ.२०९ ।

पराक्रमको चर्चा बालुनमा गर्ने गरेको पाइएको छ । त्यस मध्ये पनि पुरूषार्थी व्यक्तिको विषयको गाथा बालुनमा गाइन्छ । बालुनको सङ्कलन हुन अझैं धेरै बाँकी भएकाले बालुनको स्पष्ट धारणा अझैं धेरै खोजी भइनसकेको स्पष्ट छ ।

श्रमद्भागवतको दशमस्कन्धमा श्रीकृष्ण बाललीलाको वर्णन रहेको छ । श्रीकृष्ण चरित्र बालुन यसै कथानकका आधारमा प्रस्तुत गर्ने गरिन्छ । सिद्धिनरसिंह मल्लले पाटनको कृष्णमन्दिरमा भागवत सप्ताह लगाएर रातमा महात्म्यका साथ खेलाएको लोकनाच बालुन भएको कुरा जनस्रुती रहेको छ । सप्ताह पुराणका अन्तिम दिन मात्रै भए पनि बालुन नखेलाइए पुराणबाट प्राप्त गर्न आशा गरिए बमोजिमको फल पाउन नसकिने जनविश्वास रहेको छ । मनोकांक्षा पूर्ण गर्न बालुन खेलनउने चलन रहेको छ । कसैको घरघडेरीको स्थाइत्वका लागि, कसैले सन्तानोत्पादनका लागि गरिएको भाकल पूरा गराउन, कसैले शान्ति र श्रीवृद्धिका लागि जस्ता इत्यादि मनोकांक्षा पूर्ण गराउन यो बालुन खेलाइने प्रचलन इलामतिर विद्यमान रहेको छ ।

बालुन खासगरी तीन प्रकारका चलनचल्तीमा रहेको छन् । ती मध्ये इलाम जिल्ला भरिमा चल्तीमा रहेका बालुनहरूको निम्नानुसार चर्चा गरिन्छ ।

**क. रामायण बालुन**

रामायण कथामा आधारित भएर विकशित भएका बालुन रामायण बालुन अन्तर्गत रहेका छन् । सीताभारत, श्रीराम जस्ता बालुन रामायण बालुन अन्तर्गत रहेका छन् । सीताभारतमा पनि रामायणमा वर्णित कथालाई आधारमानेर गाथा गाइन्छ र नाचिन्छ । सीताले रामलक्ष्मणकासाथ वनवास हुँदा घटेका घटनाहरू, सीता हरण, राम र रावण वीचको युद्ध, रावणको अत्याचार रामको लङ्का विजयसम्म सीताजीको सहभागीता त्यस पछि रामसँग पतिव्रता धर्मका विषयमा, पवित्रता र अपवित्रताको संकाको घेरामा सीतालाई पारेर रामले सीतात्याग गरेको, अग्नी परीक्षा आदि कथानक समेट्दै सीता स्वर्ग गमन भएको सम्म सीताभारतमा चर्चा रहेको पाइन्छ ।

श्रीराम चरित्र (लीला) बालुनमा सीता भारत झैं कथानक तर रामको केन्द्रियतामा प्रस्तुत हुन्छ । रामले लङ्का विजय, सुनकी सीता बनाएर सीता बनाएर सीताको तपस्या गर्दै राजगद्धी सम्हालेको, अश्वमेघ यज्ञ गरेको जस्ता कहानी रहेको रामचरित्र इलामतिर

प्राप्य र प्रचलित बालुनका रूपमा स्थापित छ । यस बालुनमा लव र कुशको बाललीलाको उल्लेख पाइन्छ । रामायण बालुनको श्रीराम चरित्र ऋषिको आश्रममा हुकिएका लव र कुशले आश्रममा हुने कार्यक्रमहरूमा पनि गाउँदै, नाच्दै गर्ने गरेको गाथा श्रीराम चरित्र नै बालुनका रूपमा रहेको भन्ने भनाई रहेको छ । यहि परम्परा हालसम्म पनि प्रचलित बन्दै बालुन खेल्ने गरिलै आएको हो । इलाममा रामायण बालुन लोकप्रिय हुँदाहुँदै पनि जीतपुर, फाकफोक र मंगलबारे क्षेत्रमा मात्रै खेल्ने गरेको पाइएको छ ।

### ख. श्रीकृष्ण चरित्र

महाभारत अर्न्तगत श्रीकृष्ण चरित्रको कथानकलाई टिपेर यो बालुन खेलिन्छ । भागवतमा आउने कथा वसुदेव र देवकी पुत्र कृष्णको जन्म देखि उनका मामा कंशको वधसम्म कथानक श्रीकृष्ण चरित्र बालुनमा रहेको छ । इलाममा मुख्य रूपमा पचलित बालुनका रूपमा कृष्ण बालुन रहेको छ । श्रीकृष्ण चरित्र बालुन फाकफोक क्षेत्र, साब्जुङ्ग क्षेत्र, सुलुबुङ्ग क्षेत्रतिर बढी प्रचलित रहेको पाइन्छ । बलराम र कृष्णको पराक्रम यस बालुनमा वर्णित छ । कृष्णका बाललीला र पराक्रम प्रस्तुत गरी गाउँदै नाच्ने बालुन आर्य संस्कृतिको एक पहिचान हो । यस बालुनमा वासुदेवले पाएको कष्ट र देवकीले सहेको कष्टलाई करूणापूर्ण शैलीमा प्रस्तुत गरिन्छ । कृष्णजीले वाल्यकालमा गरेका विचित्रपूर्ण पराक्रमको यस बालुनमा गाथा गाएर नाचिन्छ ।

कृष्ण बालुन खेलाउँदा देवी भागवत पुराण आयोजना गरेको वेला (खासगरी) खेलाउने प्रचलन रहेको छ । गाउँ घरमा आयोजना हुने (व्यक्तिगत वा सामूहिक) माङ्गलिक कार्यको अवसरमा बालुन नचाइने गरिन्छ ।

### ग. जैमुनी बालुन/जैमुनी भारत

भगवानको दशै अवतारको चित्रण गर्ने गरी यो जैमुनी बालुन खेलिन्छ । कोही पुरूषार्थी व्यक्तित्व वा देवदेवी आदिका जन्म र बाललीलाको साथमा पुरूषार्थको चित्रण गरिने बालुन जैमुनी बालुन हो । जैमुनी भारत छोटो समयका लागि खेलिन्छ अर्थात छोटो हुन्छ । थोरै समयमात्रै भएको अवस्थामा जैमुनी खेलाइन्छ । इलामतिर यो जैमुनी भारतको त्यति प्रचलन

रहेको छैन[५५] तर चलन चल्तीमा भने रहेको छ । यसमा कृष्णलीला, हरिश्चन्द्रको लीला दुर्गाभवानी आदि रहेको पाइन्छ ।

ब्राम्हण-क्षेत्री (आर्य) समुदायको लोकप्रिय नाचका रूपमा बालुन र सङ्गिनीलाई मानिन्छ । बालुन गाउन र नाच्न जान्नेहरू साह्रै थोरै हुँदै गएकोले बालुन नाचका संरक्षणका लागि विशेष तरिकाहरू अवलम्बन गर्न ढिलाई हुनसक्ने स्थिति रहेको छ । जातिमा सेलो लोकनाच मात्र नभई संस्कार र परम्परा बनेको छ । ब्राम्हण-क्षेत्री समुदायमा बालुन, सङ्गिनी, सिलोक, रत्यौली जस्ता लोक संस्कारगत गीत र नाचहरू प्रचलित रहेका छन् ।

यस्ता लोक नाचहरूले इलामको सांस्कृतिक बोकेको छ । रोपाइजात्रामा रोपाइ नाच हेर्न गाउँ-गाउँबाट भेला हुने र नाच्ने चलन रहेको छ । बालुन, सङ्गिनी, चण्डी, च्याब्रुङ्ग, धान नाच जस्ता नाचहरूको प्रचलनले इलाममा सांस्कृतिक विविधता रहेको स्पष्ट हुन्छ । यस्ता नाचहरूको प्रर्वद्धन हुन अझै सकेको छैन । यस्ता प्रकारका नाचहरूलाई अझ व्यावसायिक रूपमा संचालन गर्न सके पर्यटनप्रर्वद्धनदेखि लिएर यी नाचहरूलाई अझ विकास गरी स्थापना गर्न सकिने थियो । अहिले त यी नाचहरू हराउनतिर लागेका छन् । यस्ता नाचहरूको प्रर्वद्धन हुन आवश्यक छ । इलाम जिल्लाको सांस्कृतिक रूपमा यी नाचले पहिचान स्थापना गर्न सकेका छन् ।

---

५५.

# चौथो परिच्छेद

## इलाम जिल्लामा प्रचलित बालुनको संकलन, वर्गीरकण र विश्लेषणात्मक परिचय

इलाम जिल्लामा प्रचलित लोकनाच बालुनको संकलन यसै शोधपत्रको परिशिष्टमा राखिएको छ । यहाँ बालुनको वर्गीकरण र विश्लेषणत्मक परिचय प्रस्तुत गरिन्छ ।

### ४.१ बालनुको वर्गीकरण

#### ४.१.१ प्रयोगका आधारमा/प्रयोजनका आधारमा

बालुन शुभकार्य, महोत्सव आदिमा खेखाउने गरिन्छ । त्यतिमात्र होइन 'बालनु खेलाउँछु' भनेर गरिएको भावक पुरा गराउन समेत बालुन लोकनाच नाच्छे गरिन्छ । बालनमा नाच मात्रै नभर दैविशक्ति प्राप्त हुने समेत विश्वास गरिन्छ । त्यसकारण बालनुको विविध प्रयोजन रहेको देखिन्छ ।

क) पुराण लगाएको वेला खेलिने बालनु

देवीभगवत, महात्म्य आदि लगाएको बेला बालुन मुख्य रूपमा नाच्ने, गाउने प्रचलन रहेको छ । पुराण नै बालुनको महत्त्व रहेको छ । जसले पुराण कुन मनोकांक्षा पूर्तिका लागि आयोजना हुन्छ त्यसको फल प्राप्त गर्न अर्थात् पुराणको पूर्णताका लागि यो बालुन खेलाने चलन रहेको छ । यस अवसरमा खासगरी कृष्णचरित्र बालुन खेलाउने गरिन्छ । इलाम जिल्लामा प्रचलित यो श्रीकृष्ण चरित्र देवीभगवत पुराण लाग्दा रातमा सातैदिन भएर भने सातौं रातमा सबै जाग्राम बसी यो बालुन खेलाउने गरिन्छ ।

ख) धार्मिक उत्सवमा खेलिने बालुन

हुन त रुची अनुसार यो बालुन नाच्ने गरिए पनि श्रीराम सम्बन्धी उत्सवहरूमा (जस्तैः रामनवमी आदि) मा यो बालुन खेलाउदा श्रीराम चरित्र चलन छ । जैमुनी भारत सीता भारत आदिको चलन भने मन्दिरतिर हुने छोटा छोटा उत्सव (एक दिने) आदिमा खेलाउने गरिन्छ ।

ग) तीर्थस्थल वा मेला महोत्सव आदिमा खेलिने बालुन

तीर्थस्थलमा लाग्ने मेलामा पनि लोकसंस्कार बालुन, संगिनी, धान नाच आदि नाचहरू नाच्न सकिन्छ । तीर्थस्थल अनुसार बालुन खेलाइन्छ । खेलाउन सकिन्छ । कृष्ण मन्दिरमा श्रीकृष्ण चरित्र राजजानकी मन्दिरमा श्रीराम, चरित्र, सीता भारत आदि खेलाउन सकिन्छ । अन्य मन्दिरमा दशअवतार (जैमुनी भारत) लीला देखाउने चलन छ ।

घ) चाडपर्वमा खेलिने बालुन

चाडपर्वमा इलामतिर बालुन भन्दा पनि संगीनी, चण्डी नाच आदि नाचिन्छ । बालनु खेल्दा भाकल गर्ने घरका व्यक्तिहरूले बालुन खेलाउँछ भनेर गरिएको भाकल पुरा गर्न भने कुनै चाड पर्खिर्ने चलन छ । स्वस्थानी व्रतकथा, तीज, भगवतीको पूजा (दशैं) रामनवमी आदि चाडमा पनि बालुन खेलिन्छ/खेलाइन्छ । यस्तो अवसरमा अवसरहरू हेरी फरकफरक बालुन लेखिन्छ । तीजमा खेलाउँदा श्रीकृष्ण बालुन एकरात खेलाउने गरिन्छ । त्यस्तै रामनवमी सीताभारत र रामचरित्र मध्ये एउटा खेलाइन्छ । त्यस्तै स्वस्थानी व्रतमा जैमुनी भारत, सीता भारत, कृष्ण बालुन समेत प्रचलनमा रहेका छन् ।

यसरी बालुनलाई स्थान र पर्व हेरी खेलाइए पनि बालुन मुख्य ३ प्रकारका रहेको स्पष्ट हुन्छ ।

### ४.१.२ कथानकताका आधारमा

बालुन रामायण, महाभारत, दश अवतारको लीलाको आधारमा खेलिने हुनाले बालुनको कथानकमा भिन्नता रहेको पाइन्छ । कथाहरमा भिन्नता रहेका आधारमा बालुनलाई तीन प्रकारका विभाजन गर्न सकिन्छ । बालुनको हालसम्म कुनै उपयुक्त वर्गीकरण गरिएको छैन् । त्यसैले यो कार्य इलामको परिवेशमा गरिएको वर्गीकरण हो ।

क) महाभारतमा आधारित बालुन

श्रीकृष्ण चरित्र मुख्य रूपमा महाभारतमा आधारित कथानक भएको बालुन हो । महाभारतमा वर्णित श्रीकृष्ण बाललीला यस बालुनमा रहेका छ । श्रीकृष्णको जन्म, उनले गरेका चर्तिकला, गोपीनीहरूसँगको रासलीला, गोपीनीहरूलाई छक्याएर नङ्ग्याएर कृष्णले लुकी हेरेका दृश्य आदिको श्रीकृष्ण चरित्रमा समेटिएका मुख्य प्रसंग रहेका छन् । महाभारतमा कृष्ण चरित्र मध्ये पनि कंससँगको युद्ध बालचरित्रको प्रस्तुति यो बालुनको

कथानक रहेकोले एक भेदका रूपमा लिन सकिन्छ । श्रीकृष्ण चरित्र बालुनका प्रस्तुत केही श्लोहरू

(वसुदेव र देवकीको विवाह)

वसुदेव र देवकीको हुँदा बजै है नौमती बाजा ।

उग्रसेन राजालाई बन्धनमा हाली कंसासुर भैगयो राजा ॥

मुगा र मोतीका गहना पैराए, दिएहै रत्नका हार ।

चुरी र बाई सबैका थिए कुण्डल दिए हो हार ॥

मथुरा नगरीमा पूर्व दिशा झ्याल तहाँ लागि गए हुन ।

वसुदेव र देवकीलाई अन्माइ दिए ताहाँ बसि लागे रुन ॥

आठौं गर्भले कंसको बध गर्ने आकाश वाणी भयो र आफ्नै बहिनीका आठौं गर्भबाट आफ्नो हत्या हुने बुझेपछि कंशले बहिनी ज्वाइलाई समाउरु दुवैलाई पिंजडामा हाल्न पुगेको प्रंसग -

आकाशबाट आकाश बाणी भयो आठौं गर्भ तेरो काल ।

देवकीको आठौं गर्भ कंश कान सुन्यो डोलीमा समायो तहाँ ॥

यसै गरी यस बालुनको कथानक अघि बढेको देखिन्छ । (यसको थप चर्चा विश्लेषण शीर्षकमा गरिने छ ।

ख) रामायणमा आधारित बालुन

रामायण बालुनमा राजा दशरथका तीनवटी रानी थिए तर सन्तान थिएनन् । पुत्र प्राप्तीको यज्ञ गरेपछि सन्तान हुने कुरा दशरथलाई जैसीले भनेपछि पुत्रेष्ठि यज्ञ गर्दछन् ।

"हो, हो ! अजुध्ये नगरीका जलपाला राजा उनका थि दशरथ चेला राम !

" दशरथ राजाका तीन रानी थिए उनका रौतेला नही राम !

"एकुन पुत्र विना दरवार शुन्य भयो, दशरथ वैरागी भए राम"

यसरी कथा अघि बढ्दै जान्छ । यज्ञ गर्दा अग्नी प्रकट भई एकथाल पायस दिएर अग्नी लोप हुन्छ । तीनवटै राननिले पायस बाँडेर खाँदा भए । त्यस पछि कैकेयहीबाट भरत, कौशल्याबाट राम, सुमित्राबाट लक्ष्मया र सत्रुघनको जन्म भयो । विश्वमित्रका साथ राम गए सीतासँग विवाह गरेपछि वनवास जान राम वाध्य हुन्छन् । राम, सीता र लक्ष्मण वनवास जाँदा सीताको रावणबाट हरण हुनु र राम रावण युद्ध भई रामले लङ्का विजय गर्छन् । राका सहयोगी हनुमाले लङ्कामा गरेको चमत्कार र (सौतेलाः राजको उत्तरधिकारी) अन्त्यमा रामलाई हनुमान भेट्न गएपछि रामायण बालुनको कथाथक समाप्त हुन्छ । तर यो कथा चाहि बाल्मीको आश्रममका बसेका लव र कुशले रामको अश्वमेघ यज्ञका गाउँदै नाचेको कुरामा पनि चर्चा पाइन्छ ।

"बाँधे इन्द्रजीतले ब्रम्हपाशाले हमुमानलाई लङ्का फुलबारी जलाएर वीर हनुमानले समुद्रै गएर आगो निभाउ हनुमान, पौंचे हनुमान रामजीको कथामा ।"

यसरी लोकनाच बालुन सकिन्छ । सीता कथा, रामका कथा छुट्टा तरिबाट खेलिए पनि मुख्य रामायण नै हुन्छ ।

ग) जैमुनी भारत

यस्ता बालुनहरू इलाम क्षेत्रमा खेलेको भेटिएन । त्यसकारण यो शोधपत्र कर्ताले खोजी गर्दा यस्ता बालुन हुन्छन् भने पनि प्राप्त गर्न सकिएको छैन ।

## ४.२ संस्कृति संरक्षणमा इलाम जिल्लाका बालुनको योगदान

नेपालको मध्य पहाडी भागमा बस्ने बाहुन क्षेत्रीहरूको समाजमा प्रचलित बालुन एक प्रकारको नृत्य गाथा हो । यसमा रामायण र महाभारतका कथाहरूको प्रदर्शन, कुनै धार्मिक अनुष्ठान, गृहप्रवेश वा संस्कारको अवसर पारी विशेष गरी शुक्लपक्षको रात्रीमा गरिन्छ । घरको फराकिलो आँगनलाई सफा गरेर लिपपोत गरी बालुन खेल्नका लागि तयार गरिन्छ । बालनेलाई आमार गर्नका लागि पराले गुन्द्र वा काम्लो, राडी आदि राखिन्छ । बालुनको नृत्य गर्ने बालनेहरू सेतो दौरा सुरुवाल लगाई सेतै पटुका बाँधेका हुन्छन् । सामान्य रूपमा चार-चार जनाको दुई डफा गरी ८ जनाको समूह हुन्छ । यिनका बीचमा कम्तिमा एक-एक जना सिपालु र बालुनका लयात्मक रूपमा प्रस्तुत गर्न सक्ने नाइके हुनुपर्दछ । यसकारण बालुननाचमा प्रायः प्रौढहरू हुन्छन् ।

बालनेहरूका साथ बालुन सञ्चालकको काम गर्ने बालने पण्डित हुन्छन् । यिनैले बालुनको मुद्रित वा हस्तलिखित पुस्तकको पाठ गर्दछन् र अभिनय र गर्ने बालनेहरूले यिनैका भनाइलाई छोपेर लयात्मक रूपमा अभिनयका साथ दोहोऱ्याउँछन् । यिनका साथै भजन गाउँले भजनियाँहरूको टोली पनि खैजडी र मुजुरा लिएर बसेका हुन्छन् । रामायण वा महाभारतको कथालाई बालनेहरूले अभिनयका साथ प्रस्तुत गर्दा भजनेहरू बीच बीचमा भजन, टुक्क र आतरी गाउँदै लीलाहरू कथ्दै कथानकलाई अगाडि बढाउँछन् । बीच बीचमा मनोरञ्जनका निम्ति हास्यमूलक प्रस्तुतिहरू पनि समाविष्ट हुन्छन् । बालनेहरू सर्वप्रथम आँगनमा आई २-२, ४-४ वा ८-८ को सङ्ख्यामा मुखामुख गरी उभिन्छन् । सर्वप्रथम उनीहरू इष्टदेवता र कुलदेवतालाई सम्भन्छन् । दियो, कलश र गणेशको पूजा हुन्छन् । बालुन नाच्ने घरका घरपतिले बालनेहरूलाई, कन्या कुमारीहरूलाई भजनेहरूलाई र अन्य उपस्थित व्यक्तिहरूलाई दही र अक्षताको टीका लगाइदिन्छन् । बालनेहरूको स्वागत गरिन्छ र बालुन नृत्यको प्रारम्भ हुन्छ । बालनेहरू दुवै हात जोडी टाउकोमाथि उठाएर घुम्छन् र आ-आफ्ना समूहमा विभाजित भई बालुन प्रारम्भ गर्छन् । बालुनका शुरुमा कतै कतै त्यस समयको प्रस्तुतिकरणको प्रसङ्ग पनि देखाइन्छ । उदाहरणका निम्ति कमलाखोचमा प्रदर्शित एउटा बालुनमा घर बनाउँन साइत हेरेको, जग खनेको र घर बनाएको वर्णन पाइन्छ ।

मङ्गलाचरणका साथ प्रारम्भ भएको बालुनमा बालनेहरू रामायण वा महाभारतका कथाहरूलाई क्रमश अघि बढाउँछन् भने भजनेहरूले पनि त्यसमा सहयोग पुऱ्याउँछन् । एकै रातमा सक्ने किसिमको रामायणको कथा अथवा कृष्ण चरित्रलाई प्रमुख घटना लिई वा बनाई प्रस्तुत गरिन्छ । भजनका माध्यमबाट कथानकलाई अघि बढाइन्छ । पौराणिक कथानकलाई लौकिक रङ्ग दिएर प्रस्तुत गरी लोकसंवैद्य बनाइन्छ । लीलाहरूको प्रस्तुतिले वातावरणलाई आकर्षक बनाउँन भजनेहरू सिपालु हुन्छन् भने हनुमान बनेर दर्शकहरूलाई आश्चर्यचकित तुल्याउन पनि उही उत्तिकै खप्पिस हुन्छन् । बालनेहरूको अभिनयपूर्ण नृत्य भजनेहरूको लीलावर्णन सहितको भजन र मनोरञ्जनका साथ रात गएको पत्तै हुँदैन ।

केही उदाहरण सहित बालुनको नमूना यसरी प्रस्तुत गरिन्छ ।

बालुन खेल्नेहरूकाले भजनेहरू र दर्शकहरूको उपस्थितिमा बालुन प्रस्तुत गर्छन् । शुरुमा यसको मङ्गलाचरण यसरी गरिन्छ ।

गुरुर्ब्रह्मा गुरुविष्णु गुरुदेवो : महेश्वर

गुरुदेव परब्रहम तस्मै श्री गुरुवे नम :

त्यसपछि प्राथमा लयवद्ध रूपमा गरिन्छ :

हे हे ! सिद्धिका दाता गणपति देवा

तमु सेवा गरे पा हमु रक्षे होला

हामी खेल्छौ बालुन बौदाई राम

अनि क्रमशः सरस्वती, ऋषिहरू, दिक्पालहरू सिमे र भूमे देवी र द्यौराली, राजा र ग्राम देवता देखि बालुन नाच्ने घरकी गृहलक्ष्मीको समेत प्रार्थना गरिन्छ । त्यसपछि घरबेटीलाई बालनेहरू आएको सूचना दिइन्छ ।

घर को छ ? घर को छ ? घरकी घरबेटी

बाहिर कथा किर्तिम लाग्यो राम

निस्कन र निस्कदा हौ बालुने भाई हो

हाम्रा हातमा दिनु खानु नाहि राम ।

यसरी भजनेहरूको प्रश्नोत्तर चलेको त्यो समय सकिन्छ जब भजनेहरू भन्दछन् -

तिम्रा हात दिनु खानुमा कुछ चाहियो ?

हाम्रो माग्छौं फूलकी माला राम ।

अनि त्यसपछि रामायण बालुनको रामकथा यसरी थालिन्छ ।

हो हो ! ! अजुल्य नगरीका अजपाल राजा

उनका थिए दशरथ चेला राम ।

बीचबीचमा प्रश्नोत्तर, भजन र चुड्‌काका साथ बालनु अघि बढ्छ । त्यहाँ पुलिस आउँछन् । मनोरञ्जन गर्ने जोकर पनि आउँछन् । बालनेहरू र भजनियाँहरूले हनुमानलाई लङ्का पठाएर सीतामाईलाई भेटी लङ्का दहन गराएर फर्काउँछन् ।

बालुनका अन्तमा आरती गरिन्छ, फेरि शास्त्रीय र लौकिक देव देवताहरूको स्मरण गरिन्छ र घरपतिलाई आशीवार्द दिएर बालुन नृत्य समाप्त गरिन्छ । बालुन नृत्यको आयोजना कुन उद्देश्यलाई ध्यानमा राखेर गरिएको थियो भने कुरालाई विचार गरी आशीवार्दको शब्दहरूको अभिव्यक्ति हुन्छ । उदाहरणका निम्ति बालनेहरू यसरी आशीर्वाद दिएर विदा हुन्छ :

अघि लागे वृहस्पति पछि लागे जून

माटो समाई अन्न धन्न ढुङ्गो समाई धन

गोठभरि कामधेनु तवेलामा घोडा

बालुनेका आशीर्वादको पाउनु है छोरा

यसरी इलाम जिल्लामा परापूर्व कालदेखि बाहुन क्षेत्रीको संस्कृतिको रूपमा रहेको छ लोकनाटक बालनु तर यो बालुन संरक्षणको अभावले लोप हुँदै गईरहेको छ । हुनत आर्य संस्कृतिका रूपमा बालुनलाई लिदा बालुन संकुचित बन्न सक्छ तथापित राईको चण्डी नाच, मगरको हुर्रा नाच, लिम्बूको धान नाच भएझैं बाहुन क्षेत्रीको बालुन, संगीनी नाचनै हो । त्यसकारण बालुनको संरक्षण ब्राम्हण क्षेत्रीले नै गर्नु अति आवश्यक छ, होयन भने बालुन विस्तारै लोप हुने देखिन्छ ।

विषयका आधारमा लोकनाटकलाई मोटामोटी रूपमा दुई प्रकारले वर्गीकरण गर्न सकिन्छ । ती हुन् (क) पौराणिक लोकनाटक र (ख) लौकिक लोकनाटक । पौराणिक लोकनाटकहरूका विषयवस्तु लोकको परम्परागत विश्वास र मान्यतामा आधारित हुन्छन् । नेपाली भाषाका नचरी, बालुन, लीला र चरित्रलाई यस्तै पौराणिक नाटक हुन् । यिनका विषयवस्तु रामायण, पुराण र महाभारतका कथावस्तुमा आधारित हुने गर्छन् । लौकिक लोकनाटकमा प्रस्तुत हुने विषयवस्तु पनि लौकिक नै हुन्छन् । यिनका लोकजीवनका घटनाहरूमा आधारित कथानकहरू हुन्छन् ।

प्रयोजनाका दृष्टिले लोकनाटकहरू अनुष्ठानमूलक र मनोरञ्जनमूलक गरी दुई प्रकारका हुन्छन् । नाटकको प्रस्तुतीकरण समुदायको कुनै अनुष्ठानको अङ्गका रूपमा वा त्यसको परिपूर्तिमा निम्ति भएको हो भने त्यसलाई अनुष्ठानमूलक लोकनाटक भनिन्छ भने मनोरञ्जननात्मक लोकनाटकहरू भने मनोरञ्जनकै लागि प्रस्तुत हुन्छन् । यस्ता नाटकहरूको प्रस्तुतिकरणको कुनै खास अवसर हुँदैनन् जुनसुकै समयमा पनि प्रस्तुत हुन सक्छन् ।

प्रस्तुतीकरणको शैलीका आधारमा लोकनाटकहरू एकालाप र वार्तालाप गरी दुई प्रकारका हुन्छन् । एकालाप लोकनाटकमा प्रस्तोता एक्लै बोल्छ, एकोहोरो वर्णन गर्छ वा गी गाउँछ तर वार्तालापमा कुराकानी र संवाद हुने गर्छ । संवाद लोकनाटकको एउट मूलभूत विशेषता मानिन्छ तापनि सबै लोकनाटकमा दोहोरो संवाद हुने पर्छ भन्ने बाध्यता हुँदैन । आखिर जे भएपनि जस्ते रूपमा प्रस्तुत भएपनि लोकसाहित्यका फाँटमा देखा परेका नाटकहरू गीतिनाटकहरू नै हुन् ।

लोकनाटक बालुन एक प्रकारको नृत्यगाथा हो । यो नृत्य अभिनयका साथ प्रस्तुत गरिन्छ । विभिन्न धार्मिक अनुष्ठान गृहप्रवेश अथवा कुनै पनि सरकारको अवसर पारेर प्रस्तुत गरिन्छ । विशेष गरी रात्रीमा जाग्राम बसी प्रस्तुत गरिने लोकनाटक बालुनमा पुरुषहरूले अभिनय गर्ने गर्छन् । लोकनाटक बालुन कहिलेबाट शुरु भयो भन्ने सन्दर्भमा खोज अनुसन्धान गर्दै जाँदा यसका जानकारहरू अनुसार यो श्रुति परम्परादेखि एक पुस्ताबाट अर्को पुस्तामा मुखरित हुँदै आएको जानकारी पाइन्छ तर पुस्तकाकार कृतिका रूपमा भने हालसम्म पनि बालनहरू छुट्टै रूपमा प्रकाशित पाइदै केवल हस्तलिखित रूपमा मात्र बालुन सम्बन्धी जानकार व्यक्तिहरूसँग केही बालुनहरू पाइएका छन् । लोकसाहित्यको एक अंशका रूपमा रहेको लोकनाटक बालुन वास्तवमा पुरुषहरूद्वारा लेखिने र अभिनय गरिने लोकनाटक हो । विभिन्न अवसर पारेर रात्रीको समयमा जमघट भएर खेलिन्छ र बालुन आयोजना गर्ने व्यक्तिलाई पनि चिताएको कुरा पुग्ने छोरा जन्मिने, घर, घडेरीमा दोष भए मेटिने जस्ता धार्मिक विश्वास पाइन्छ । यो बालुन जति प्रिय छ त्यति नै लोपोन्मुख अवस्थामा रहेको देखिन्छ । विभिन्न कथाहरूलाई आधार बनाएर लेखिने लोकनाटक बालुनले स्थानीयताको समेत उद्घाटन गरेको पाइन्छ ।

श्रुतिपरम्परामा हुर्कदै आएको लोकनाटक बालुन हाल लोपोन्मुख अवस्थामा पुगेको छ । यसरी यो लोप हुँदै जानुका कारणमा यसको उचित स्थान निर्धारण हुनु नसक्नु पुस्तकाकार कृतिका रूपमा प्रकाशित नहुनु जानकारी व्यक्तिसँग युवा पुस्ताले बालुन सम्बन्धी चासो नराख्नु र जानकारी हासिल नगर्नु आदि रहेका छन् । यसी लोकसाहित्यको संस्कार र संस्कृति बोकेको लोकनाटक बालुन लोपन्मुख अवस्थामा पुग्नु हाम्रो लागि विडम्बना हो, त्यसकारण अब आउँदा पिढीका लागि पनि यो लोक संस्कृति जोगाएर राख्ने क्रममा बालुनको अध्ययन र विश्लेषण गर्नु आवश्यक छ । बालुनको अध्ययनका क्रममा हाल इलाम जिल्लामा केही ठाउँहरमा यस सम्बन्धी जानकारहरू पाइएको छ ती ठाउँहरूमा इलामको मंगलबारे, कोलबोटे, जितुपर शान्तिडाँडा गा.वि.स. मा यस लोकनाटक बालुन सम्बन्धी जानकारहरू पाइएको छ ।

विशष गरी ब्राहमण, क्षेत्रीहरूको समाजमा प्रचलित लोकनाटक बालुन लोकसाहित्यको एउटा हाँगो वा पाटो हो । यो हाल आएर लोप हुने स्थितिमा पुगेको देखिन्छ । त्यसकारण यसको संरक्षण गर्नु हामी सबैको कर्तव्य हुन आउँछ र आवश्यक पनि देखिन्छ । भावि पिंढीले बालुन भनेको के हो भन्ने सुन्न पनि नपाउँने स्थितिमा पुगेको यो लोक नाटक बालुन आज आएर संरक्षण समग्र लोकसाहित्यको संरक्षण गर्नु हो । लोकनाटक बालुन अब दुई चार पुस्तासम्म संकलन र अध्ययन नगर्ने हो भने लोक साहित्यको अथाह भण्डार रित्तिन समय लाग्ने छैन । त्यस कारण यसको संरक्षण गर्ने हामीजस्ता सचेत युवा पिंढीको गहन र मह□वपूर्ण कर्तव्य देखिन्छ । प्राचिन समयदेखि मुखामुख हुँदै आएको र हालसम्म इलाम जिल्लामा संकलन र विश्लेषण गर्ने कार्य नभएको हुनाले यसको अध्ययन र विश्लेषण साथै संकलन गरी संरक्षण र सवर्द्धन गर्न नितान्त जरुरी देखिन्छ । लोप हुन लागेको लोकसाहित्यको एक प्रिय विधा लोकनाटक बालुनको अध्ययन र विश्लेषण गरी लोक साहित्यको प्रबर्द्धन गर्ने कार्य लोक साहित्यको सापेक्षतामा लोकनाटक बालुनलाई संरक्षण गर्ने एक विशिष्ट कार्य हुन आएको छ । इलाममा खेलिदै आएका बालुनहरूले संस्कृति संरक्षणमा विशेष कार्य गरेको पाइन्छ ।

## ४.३ भाषा वैज्ञानिक दृष्टिकोणमा बालनु

साहित्य तथा लोकसाहित्यमा पनि भाषाको कथ्य पक्षको प्रभाव पर्ने भए पनि मूलको नै बाहुल्यता रहन्छ । बालुनमा स्थानीय भाषाको निकै प्रभाव पपरेको पाइन्छ । हिन्दी, संस्कृत र

अन्य स्थानीय भाषाको बालुनमा प्रभाव पाइन्छ । नेपाली भाषा वा गीतको भाखा मिलाउन हमारो, तुमारो, हमी । तुमी जस्ता शब्दको तुक्का मिलाई गाउन हुने बनाउँदा धेरै शब्दहरू प्रयोग हुँदा मौखिकमात्र नभएर यसले लेख्य भाषाकै रूप लिएको छ । बालुनमा नेपाली भाषिका अन्तर्गत हिन्दी ठेट नेपाली शब्दहश्र भने कमै मात्रामा पाइन्छन् । पूर्वेली भाषामा सरासरी हिन्दी शब्दहरू भि□याउँदा के देखिन्छ भने हिन्दी भाषाबाट आएका शब्दहरू प्रयोगले नेपाली भाषासँग तुक वा लय मिल्नु र बेलाबेलामा मौखिकरूपमा मिलेको पाइनु बालुनलाई लयात्मक बनार्य तुक्का वा लय मिलाएको देखिन्न छ । कुनै शब्दलाई मिलाई लय वा त्यस बेलामा शब्दलाई लयात्मक बनाएर ठिसयुक्त बनाइएको हुन्नछ । जस्तै तमुरक्षे गरे पो हामु रक्षे होला भनेर तिमी र हामी शब्दलाई विगारेको देखिन्छ । यसरी शब्द विग्रह गर्दा शब्दमा मिठास पाइने बालुका शब्दहरू लयमात्रा कसरी मिलाउने भन्ने बारेमा प्रयास गरेको देख्न सकिन्छ । यस्ता विग्रहहरू निम्नानुसार छन् ।

जस्तै : हामू - हाम्रो विनती - विन्ती

तमू - तिम्रो रक्षे - रक्षा

चिवरी - चिउरा एकू- एक

गुदरी - गुन्द्री तिमरा - तिम्रा

केउ - के हो

पुराना नेपाली भाषाका शब्दहरू पनि र ठेट नेपाली शब्दहरू पनि बालुनमा प्रयोग हुने गरेको पाइन्छ । भानुभक्त आचार्यले प्रयोग गरेको भाषाको बालुनमा प्रत्यक्ष प्रभाव परेको देखिन्छ ।

महाँ, भन्याँको, पढायाको, तहाँ, दियाको, नुआएको, सुँण, लिपायाको, हमारी बात, जुरेन, किर्ती, कोका, कोलाहा, देउता, एहै, पिंढी, कमैले, दाज्यै आदि ।

यस्तै गरेर रामायण, महाभारत संस्कृतमा लेखिएको र त्यहीबाट नेपालमा बालुनको चलन भएकाले तत्सम शब्दहरू बढी भन्दा बढी प्रयोग भएको देखिन्छ । केही उदाहरण हेरौं

देव, माता, स्वस्त, जन्म, प्रार्थना, देवकी, गर्भ, शंख, मुकुट, बालख, अवतार, अष्टमी, दिशा, भोला, कैलाश, दैत्य, कन्या, पुत्र, नारायण, दया आदि

शब्दहरू धेरै पटक प्रयोग भएको र अर्थमा निरर्थक जस्तो देखिए पनि लयमा मिठास ल्याउने शब्दहरू पनि प्रयोग भएको पाइन्छ । हार-बार, भइछ-गइछ, माई-माइ, सारे-पारे, शितलु-पितलु, केश-देश, राम-धान, महाँ-तहाँ, खाए-पाए, छाए-पाए, वहाँ-महाँ, यस्ता शब्दहरूले श्लोकहरूलाई अनुप्रासयुक्त बनाएर लयात्मक बनाएको पाइन्छ ।

खासगरी बालुन नयाँ खाले स्थानीय रङ्ग थपथाप गर्दा बालुनको वास्तविक गुण हराउन सक्छ । संगीनी, धाननाच, आदिमा मौलिकता थपथाप गर्न सकिदैन । बालुनमा राम, कृष्ण, सीता लगायत महाभारत र रामायणमा आएका वर्णित व्यक्तिहरूको चर्चा परिचर्चा भन्दा बाहिर नुहने स्पष्ट छ । त्यसकारण स्थानीय भाषाहरू थोरैमात्र रहने गर्छन् । भाषा वैज्ञानिक दृष्टिमा तत्सम, तत्भव साथै हिन्दी केही नेपाली भाषिकाहरूको लवजमा बालुन गाइन्छ । नेपाली भाषामा संस्कृतका शब्दहरू सहज र सरल बनाउने काम बालुनमा भएको देखिन्छ । गायनका आधारमा शब्दहरूमा ह्रस्व र दीर्घ लेख्ने गरिन्छ । लेखनको सुद्धिको यहाँ त्यति ख्याल हुँदैन । बालुनमा गायनलाई मुख्य बनाएर मात्र प्रयोग गरिएको हुन्छ । श्रीराम, श्रीकृष्ण, सीताले भोगेको जीवनका आरोह अवरोह बालुनमा गाइने नाचिने हुनोले करुण रस प्रधान बालुन हुने गर्छन् । त्यस शब्दहरूमा दीर्घ स्वर बढी प्रयोग हुने गरेको पाइन्छ ।

## ४.४ बालुनको विश्लेषणात्मक परिचय

क. बालुनको प्रदर्शन ढाँचा

यस लोकनाटकको प्रदर्शन ढाँचामा समानता पाइन्छ । प्रारम्भमा विभिन्न देवीदेवताहरूको मङ्गल गायन गरिन्छ । यो मङ्गल गायन नाटक देखाउने मञ्च तथा आँगनमा ४-४ वा ८-८ जना पुरुष र १ जना खलिपा सहितको समूह १ पङ्तिमा उभिन्छन् । उभिँदा मुखामुख वा आमुने सामुने भएर उभिन्छन् । एक पङ्क्ति अर्को पङ्क्तिको सामुन्ने हातमा फुलपाती सहित हातजोडी गुरुको बन्दना गर्छन् । त्यसपछि घर मूलिले बालुन नाचको सफलताको कामना गर्दै सबै बालुने टोलीलाई दही, अक्षता र अबिरको रातो टीका लगाइ दिन्छन् ।

जसको घरमा बालुन खेलाइन्छ त्यस घरमा गुन्द्री, काम्लो, टीका, फूलमाला, नैवेद्य आदिको व्यवस्था गरिन्छ । तर गतिमा भने यी कुराहरूको माग गरिएको हुन्छ ।

घर को छ ? घरको छ ? घरकी घरबेटी

बाहिर कथा कितिमी लाग्यो राम ।

निष्कनत निष्कँदाहौ बालुने भाइहो

हाम्रा हात दिनु खानु नही राम

त्यसपछि, तिम्रा हात दिनु खानुमा कुछ चाहियो

हामी माग्छौं फूलकी माला राम ।

सबै बालुने भजने र दर्शकलाई बस्ने व्यवस्था र टिकाटाला लगाईसकेपछि बालुनै पण्डित (खलिपा) ले गायन सुरु गर्छन् भने् बालुने भाइहरू नाच्दै अभिनय गर्दै गतिलाई छोप्न पुग्छन् । भजनको समूहले बेलाबेलामा चुड्का भजन झिक्दै गाउने गर्छन् र नृत्यमा संलग्न सहभागीहरू एउटाले अर्कोलाई छिर्कनी मार्दै नाच्ने गर्छन् । यस नाचमा पौराणिक पात्रको भूमिका खेल्ने र नामोल्लेख भएका पात्रको अभिनय गर्ने व्यक्तिहरू जनमानसमा त्यसै नामबाट प्रसिद्ध हुन पुग्छन् । जस्तै मन्त्रिवा, राजाबा, युवराज, लखर पाँडे आदि)

नाटकको प्रारम्भमा मङ्गलाचरण गरिन्छ ।

ॐ सत्ते सुकीर्ति गणपति ब्रम्ह, लम्बोधर, वरदाता ............ जय जय कालिका भवानी जय जय मालिकै माता .........

बालुनको समापनका विभिन्न धुप, बात्ती तथा आरती बाल्ने र सबैलाई आषिश दिने साथै भगवानको जयजयकार गर्ने चलन छ । बालुनको प्रदर्शन गर्दा दर्शकलाई पट्यान नलागोस् भनेर हाँसे, रुन्चे, लोसे, लखरपाँडे जस्ता हँसाउने पात्रहरूको आयोजना पनि गरिन्छ । यिनीहरूको उट्पट्याङ, ठट्यौली सम्वादले दर्शनलाई पेट मिची हँसाउने गर्छन् । लोक विकृतिको स्थितिलाई सरल भाषामा व्यङ्ग्य समेत गर्छन् । बालुनमा भाग लिने सम्पूर्ण पात्रहरूलाई बेला बेलामा दही दुध चिउरा, चिया, रोटी, कसार, फलफूल उपलब्ध भए अनुसार खुवाउने गरिन्छ । रातभरी बालुन खेल्ने सहभागीहरूलाई विहान विदावारी गर्दा टिका लगाएर दक्षिणा दिने चलन पनि रहेको छ ।

ख) रामायण बालुनको मूलकथा

यस बालुनको प्रमुख अंश उतार गर्दा भाषाशैलीको सरलता र सरसता साथै कथानकको क्रमिक गतिशीलता थाहा पाइन्छ । कथाको मुख्य अंशसँग जोडेर अन्य विधि लीलाको बयान गाउन सकिने भए पनि बालुनमा निम्नानुसारको कथानक चाँही मुख्य रहेको छ । कथानकको थालनी भए देखिका केही पङ्क्तिहरू उद्धत गरी हेरौं -

हो हो अजुध्ये नगरीकन जलपाल राजा उनका थि दशरथ चेला

हो हो दशरथ राजाका तीन थिए, उनका रौतेला नँही राम

हो हो एकुन पुत्र विना दरबार शुन्य भयो, दशरथ वैरागी भए राम

हो हो राजा उठी चिना हेर्न वगुरुघर गए, वशिष्ठ दण्डवत सेवा गर्दा भए

हो सुन सुन गुरुवा एक विन्ती पुत्रलाई छन् कि छैनन्

ज्योतिश हेराई देउन राम ।

हो हो वशिष्ठ गुरुले धुलौटो कोरे राजाको चिना फूकाई हेरे राम

हो हो ज्योतिशहरूबाट चारभाई छोरा राजका देखिदिदा भए राम

........................ यसरी कथा अघि बढ्दै जान्छ ।

कौशिलाका गर्भबाट राम औतार जन्मे, कैकेयीको गर्भबाट भरत राम

सुमित्राका गर्भबाट लछुमन, शत्रुधन राजाका चार भाइ छोरा राम ।

वसशष्ठ गुरुले न्वारन कर्म गरे, अजुध्यमा जय शब्द भयो राम ।

बोलिए रामचन्द्रजी की जय, बोलए चार अवतारकी जय । (गण्डकीका सुसेली : २०३०)[५६]

यसरी सरल भाषामा सरल तरिकाले रचिएको रामायण कथा साथै भजन र टुक्काहरूको समावेश गर्दै अघि बढ्छ । रामायणको यो कथालाई विश्वमित्रको उपस्थिति गराएर अगाडि बढाइएको छ । जसको संक्षिप्त रुप निम्नानुसार खिचिएको छ :

---

[५६] मोहनराज शर्मा र खगेन्द्र लुइटेल, पूर्ववत् पृ. ४७०,४७१ बाट उदृत ।

अयोध्यामा ४ वटा राजकुमारको जन्म भएपछि अयोध्यवासी अत्यन्त खुसी हुन्छन् । त्यसै अवसरमा विश्वाभित्र ऋषि अयोध्या आईपुग्छन् । वनमा तपस्यागर्दा मारिच र सुवाहु जस्ता राक्षसले आफूलाई बाधा पुऱ्याएको हुनाले उनी रामलाई लैजान खोज्छन् । दशरथले रामलाई लैजान सहमति दिएपछि राम विश्वामित्रसँग अरण्य वनमा पुग्दछन् । राम आएको थाहा पाएपछि मारिच राक्षस भाग्यो भने सुवाहुलाई रामले मारे । यो प्रसङ्गपछि बालुन राम र विश्वभित्र जनकपुर गएको, शिवधुन तोडेर सीतासँग रामको विवाह भएको परशुरामले रामको वरियात रोकेको, राम वरियातसति अयोध्या फर्केको, नारद छुल्याई लगाउन अयोध्या आएको, कैकेइले रामलाई वनवास र भरतलाई राज्यदिनुपर्ने कुरा गरेको, राम वनवासजाँदा लक्ष्मण र सीता पनि सँगै गएको, रावणकी सुर्पणखाले दुःख दिन आएको, सुर्पणखाको नाक, कान र चुल्ठो काट्न लक्ष्मणलाई आदेश दिएको, खर र दुषण राक्षससँग रामको युद्ध भएको प्रसंग छ । सुनको मृत वनेर रावणको मामा मारिच आएको र उसलाई वध गर्न लाग्दा उत्ता रावणले सीताहरण गरेको जट्टयुले रोक्न खोजेको र जट्टायुलाई रावणको लग्नी वाँण लागेको चर्चा बालुनमा छ । रामको सुग्रिवसँग भएको भेट र मितेरी गाँसेको, बाली र सुग्रीवको लडाइँमा रामले बालीलाई बधगरेको र सुग्रीवनलाई राजा बनाएको, बालीकी स्वास्नी ताराले विलाप गर्दा रामले नरोउ, बालीको जन्म सफल भयो भनेको, सीताको खोजीमा हनुमान पठाएको प्रसंग यस बालुनमा उल्लेख छ ।

सीताको खोजीमा गएका हनुमानको सीतालाई भेटेको, फूलबारीमा लडाइँ परेको, यक्षकुमारलाई मारेको, लङ्का दहन गरी समुन्द्र पुगेर आगो निभाएको र रामभएकै ठाउँमा आइपुगेको प्रसंग सँग रामायण बालुन सकिन्छ ।

रामायण बालुनको अन्तिम श्लोक

बाँधे इन्दैजीतले बम्हपाशाले हनुमानलाई

लङ्का फूलबारी जलाएर वीर हनुमानले,

समुन्द्रै गएर आगो निभाउ हनुमान

पौंचे हनुमान रामजीको साथमा ॥

यसरी रामायण बालुन आदि मध्य र अन्त्य गरी ३ भागमा संरचित छ ।

ग) रामायण बालुनको कथानकमा सहभागीहरू

प्रस्तुत बालुनमा सहभागीका रूपमा मानवीय र मानवेत्तर पात्रहरू आएका छन् । यी सबै पात्रहरू पौराणिक, राम कथाकै हुन् । ती बाहेक नयाँ र भिन्न कोही पात्र प्रयोग भएका छैनन् । यी सहभभागी मध्ये पनि पुरुष पात्र नारी पात्र छन् ।

अ) पुरुष पात्रहरू

अजपाल राजा, दशरथ, राम, भरत, लक्ष्मण, राजा जनक, शत्रुघन, वशिष्ठ, ऋषि, विश्वमित्र, नारद, परशुराम, रावण, मारिच, सुवाहु, मन्त्री, इन्द्रजीत, यक्षकुमार, सुग्रीव, बाली, हनुमान, खर, दुषण, आदि पात्र र ऋषि, राक्षस देवाता र राजाका गुणले युक्त छन् ।

आ) नारी पात्रहरू

कौशल्या, कैकेयी, सुमित्रा, सुर्पणखा, सीता, तारा, (बालीकी रानी) आदि नारी पात्र रहेका छन् । यी नारीहरू पात्रहरू रानीका र सासुका रूपमा, बहिनी र छोरीका रूपमा बुहारीको भूमिकामा रहेका छन्।

इ) मानवेत्तर पात्रहरू

पशुपात्रका रूपमा सुनको मृग, पंक्षीपात्रका रूपमा जट्टायु देखिन्छन् । सुनको मृगलाई रामलाई छल गर्छ भने जट्टायुले रावणको विमानमा आक्रमण गरी सीताहरण रोख्ने प्रयास गर्छ ।

घ) विशेषताहरू

१. नेपाली भाषाको स्वभाविक प्रयोग भएको छ ।

२. अनुप्रास र पुरावृत्तिले लयको सिर्जना भएर ओकछन्दात्मक भएको ।

३. संवादात्मक तथा वर्णनात्मक शैली प्रयोग भएको छ ।

४. रामायण आधारस्रोत भएको लोकनाटक ।

५. पौराणिक कथामा आधारित ।

६. वीरभाव र करुण भावको झण्डै बराबरीको अनुपातमा उपस्थिति रहेको ।

७. आयै संस्कारको संरक्षण गर्दै लोकलाई मनोरञ्जन दिनु मुख्य उद्देश्य भएको ।

८. लोकप्रजलन र लोक विश्वासलाई चित्रण गरिएको नाटक ।

९. प्रायः सबै पद्यशैलीमा हुने र नृत्य तथा अभिनययात्मक रहेको ।

२. विषयवस्तुका आधारमा

रामायण बालुन, श्री कृष्ण बालुन, सीता भारत, जैमुनी भारत सबै बालुनहरूको विषयवस्तु प्रायगरी पौराणिक र धार्मिक नै रहेका छन् । विषयवस्तुलाई केलाउँदा रामायणमा वर्णित कथाहरूलाई मुख्य विषय बनाएर रामायण बालुन खेल्ने खेलाइने चलन चल्ती रहेको देखिन्छ । श्री कृष्ण चरित्र महाभारतमा भएको श्रीमद्भगत मध्येको कथामा कृष्ण चरित्रमा आधारित कृष्णचरित्रको विषयवस्तु बनेको देखिन्छ । सीता भारतमा पनि रामायणको कथानै मुख्य हो । जैमुनी भारतको विषयवस्तु पौराणिक प्रचलित व्यक्तिहरूमा विषयमा बनाइएका सगुण र निर्गुण भक्तियुक्त गाथाहहरूनै विषयवस्तु हुने गर्छन् । हरिश्चन्द्र लीला, श्रवणकुमार, महादेव पार्वती, दधिची, भक्तप्रल्हाद आदिका पराक्रममा आधारित बालुनहरू जैमुनी बालुनका विषय हुन् । इलाममा यस्तो विषयवस्तु भएको बालुन कतै पनि चलनचल्तीमा पाइएन । बाहिरबाट लेखोट ल्याइएको भन्ने चर्चा भए पनि रामचरित्र र कृष्ण चरित्र, सीता भारत मात्रै खेल्ने खेलाइने गरेको स्पष्ट हुन्छ । इलाम जिल्लामा सांस्कृतिक मञ्चहरूको व्यापक उपस्थिटित र चलन नभएकाले यी रामायण र महाभारतमा आधारित बालुनहरू पनि लोप हुने अवस्थामा देखिन्छन् ।

३. रसका आधारमा (वीर, करुण र भक्ति)

लोकनाटकमा देखिने भावका आधारमा लोकनाटकलाई वर्गीकरण गर्ने गरिन्छ । लोकनाटक मध्ये बालुन एउटा नृत्य, अभिनय र गायन सहितको नाकट हो । यो पौराणिक विषयवस्तुसँग सम्बन्धित रहेको छ । प्रस्तुतीका आधारमा बालुन नृत्यप्रधान लोकनाटक, आकारमा आधारमा बालुनलाई लामो छोटा भनी वर्गीकरण गरिए पनि मुख्य गरी रसका आधारमा बालुनलाई वर्गीकरण गर्न सकिन्छ । प्रेम प्रणय, माया प्रिति र भक्ति जस्ता विषय

भन्दा पनि वीरभावना, भक्तिभाव भएको वीर रस र भक्ति रस भएका लोकनाटक बालुनमा प्रयोग भएको पाइन्छ ।

क) वीर रसप्रधान बालुन

रामायणमा राम, लक्ष्मण, हनुमानको वीरतापूर्ण पराक्रमको चित्रण गरेर वीररस प्रस्तुत गरेको पाइन्छ । पौराणिक पात्रहरको वीरताको चित्रण रामायण बालुन, कृष्ण बालुन आदि सबैको वीरताको चचौ बालुनमा रहेको छ । श्रीकृष्णले आफ्नो बाल्यकालमा गरेको वीरतापूर्ण पराक्रम प्रस्तुत गरिएको छ । लोकनाटक बालुनमा प्रेमभाव र हास्य भावको संयोजन गरिएको भए पनि वीरतापूर्ण गाथाको नै मुख्य चर्चा रहेको हुन्छ । केही श्लोक हेरौं

हात्ती र सिंह उद्धै मुख रहे दैत्य रहे बिल खाई ।

कंशले बाँधेका बन्धनफूकै सर्प रह्यो बिल खाई ॥

पुतना कृष्ण लगायत बालकहरू मार्न भनेर सबै बालकहरूलाई दुध ख्वाउँदै मार्दै हिड्ने क्रममा कृष्णलाई दुध खुवाउन पुगी । पुतनाको दुधचुस्दाचुस्दै कृष्णले पुतनालाइएं वध गरेको वीर भावना पनि प्रस्तुत छ :

"कृष्ण भगवानलाई काखमा राखी विष घसी दुध महा ।

एकू दुधख्वाई दोस्रो दुध लाउँदा कोप भयो मन महा ॥

दुधकारा हासौं प्राण निकाले ड्वाङ्ग पारे आगन महा ॥।

त्यस्तै हनुमानले लङ्का दहन गरी ध्वस्त पारेको प्रसंग पनि कम वीरतापूण छैन ।

ख) करुण रस प्रधान

नेपाली लोकनाटकमा त्यति ठूलो करुणा भाव त देखिदैन तैपनि यो बालुनमा भने देवकी र वसुदेवका पहिलोदेखि सातौं सम्म सन्तानलाई आफ्नो भाञ्जा भाञ्जीलाई गरेको हत्या देवकी देखिएको शोक कम करुणा पूर्ण छैन । रामले सीता हरण भएपछि राम र लक्ष्मणको सीताको वियोगमा प्रस्तुत करुणा र सीताले रावणका कब्जामा बसेर विताएका दिनहरूको चिरण पनि करुणपूर्ण देखिन्छ ।

घ) भक्तिभाव प्रधान

देवदेवकी प्रतिको स्तुति इश्वरको प्राथना, इश्वरीय शक्तिको महिमा जस्ता कुरा बालुनमा प्रस्तुत छ । राम, कृष्ण लगायतदेवी शक्ति भएका व्यक्तिको स्तुति, गुणको बखान गर्ने काम रामायण, श्रीकृष्ण बालुनमा हुने गरेको पाइन्छ । राम तथा सीताका आदर्श गुणको मुख्य विषयवस्तु रामायण बालुनको मुख्य विषयवस्तु रहेको देखिन्छ । त्यस्तै गरेर कृष्ण र बलरामको प्रसंग र पराक्रममा आधारित कथा भएको श्रीकृष्ण बालुन कृष्ण भक्तिमा आधारित छ । देवी दुर्गा सम्बन्धी पनि भक्ति कै एउटा रूप हो ।

"राम अवतारमा रावण मारे कृष्ण औतारमा कंश कंशका रानी विधुवा भए, गए, बाबुका घर ।

यसरी बालुनमा प्रस्तुत हुने कथानकका आधारमा करुण रस वीरभावना र भक्ति भावपूर्ण बालुन खेल्ने बालुनको मुख्य चरित्र हो । रस र विषयका आधारमा बालुन पौराणिक र करुण, भक्ति, वीर भावका हुन्छन् भन्न सकिन्छ ।

## ४.५ इलाम जिल्लाका बालुनका विशेषताहरू

श्रीकृष्ण र श्रीराम चरित्रमा आधारित बालुनमा इलाममा बढी प्रचलन रहेको पाइन्छ । चलनचल्तिमा रहेका बालुनहरू भारततिरबाट आएका हुनाले यिनीहरूमा मुख्य गरी संस्कृत र हिन्दी लवजको अधिक प्रभाव रहेको पाइन्छ । एकू, हामरा, तुमरा आदि जस्ता शब्दहरूको अधिक प्रयोग पाइन्छ । पूर्वेली नेपाली शब्दहरूको पनि त्यत्तिकै प्रभाव रहेको छ ।

इलामक्षेत्रमा बालुन प्रदर्शन (संक्षेपमा)

प्रायः गरी ५ झोली बालुने हुने गर्छन् । खलिपाले देउता जुहाने काम गर्दा बालुनेहरू घुम्दै उभिएर अभिनय गर्छन् । देउता जुहार्दा देखि छाट्टा श्लोकहरू गाइए नचाई छोटै ( चुड्कै खालको) र लामा श्लोकहरू गाइए नचाइ लामै हुन्छ । श्लोकमै घर बनाउने काम हुन्छ ।

एकजना बालुने बाँया खुट्टा अघि लगाएर अर्को दाँया खुट्टा अघि लगाएर आमुन्ने सामुन्ने भएर घुमिन्छ । भटे भएर घुम्ने बेलामा एकजनाले दाहिने र अर्कोले बाँया हात उठाई एक आपसमा नसम्ने गरे जस्तो तर हातको उल्टोपट्टी जोडिन्छ । ठाउँ हेरिकन फराकिलो छ भने

५/६ कदम अघि बढेर भेट भएपछि घुमिन्छ । २ जना ५/६ कदम वरपर आमुन्ने सामुन्ने भएर उभिएपछि नाच्न सुरु गरिन्छ । विपरित दिशााको मानिस आ-आफ्नै दिशामा अघि बढ्दछन् । अघि बढ्र हात दाहिने उचालेको भए देब्रै खुट्टा र हात देब्रे भए दाहिने खुट्टा अघिबढाएर डँडाल्नो जोडिन्छ । श्लोकको पहिलो अन्त्यमा एकपटक ताली बजाइन्छ । त्यसबेला दाहिने खुट्टा थोरै उठाई लचकदार शरीरबनाई बालुन नाचिन्छ ।

ठाउँ साँघुरो भए २/३ कदम मात्रै अघिपछि गरिन्छ । बालुन एउटा घुमेर नाच्ने नाच हो । यसमा हात, खुट्टा र शरीरको लचकदार चालबाट प्रस्तुती गर्ने र श्लोक पनि लयात्मक पारामा गाइन्छ । वास्तवमा इलाममा कृष्ण चरित्र नै राम्रो लाग्यो भन्नेहरू नै बढी भेटिन्छन् ।[५७]

## ४.६ बालुन खेल्ने प्रक्रिया

क) लामो तरिका

यो लोकनाच बालुन नाच्दा ठाउँ अनुसार र श्लोकको लम्बाईका आधारमा फरकफरक तरिका अपनाउने गरेको पाइन्छ । जसमा लामो शैलीमा गरु चिडीको आकामार घुम्दै नाच्ने तरिका एउटा मुख्य तरिका हो । यस प्रकारको लोकनाच बालुनमा नाच्दा खुट्टा चाल्दा एकैसाथ अघिबढ्ने र ३/४ पाइला दायाँ र बायाँ सरिन्छ । उभो हाट लैजाँदा र हात चलाउँदा एकै साथ चलाउने गरिन्छ । देवताको आर्शिवाद लिने र दिने भनी खेलिने बालुनका दुवैहातका पञ्चा फिजाएर अघि बढाइन्छ । त्यसबेला खलिपाले श्लोकको चरण दिइसकेको हुन्छ । श्लोकको चरण पाइसकेपछि बालुने टोली चलायमान हुन्छ, नाच्न थाल्छन् ।

श्लोकको एकपाउ पुरा गर्दा विपरित दिशातर्फ फर्किएर वाहाँ जोडी एउटा, एउटा दायाँ हात माथि लगिन्छ र यसबेला दायाँ खुट्टा पनि थोरै माथि उचालिन्छ र अन्त्यमा एकपटक एकैसाथ समुहका दुवै जनाले थप्पठी बनाएर छुटिई सम्मुख भएर पुरानै अवस्थामा आउँछन् । यहाँ खैजडी मा मुजुरा बनाइन्छ । यो बजाउने व्यक्ति खलिपा वा अन्य एक व्यक्ति हुने गर्छन् । भजन मण्डली समेत रहन्नछ । यो लामो भाका हा हा ॥ लामो स्वर तानेर श्लोकहरू उच्चारण गरिन्छ । बालुनेहरू पङ्तीमा बस्दा २-२ जना आमुन्ने सामुन्ने भएर

[५७] गौरीनारायण सुवेदी, साब्जुङ मंलगबारे इलामद्वारा प्राप्त जानकारी

उभिन्छन् । यो सङ्ख्या ४ देखि ८ सम्म हुन सक्छ । यस नाचमा खलिपा र अन्य २/३ जना सहयोगी हुन्छन् । यस प्रकारको नाँचलाई समला खालको नाच पनि भन्न सकिन्छ ।

ख) छोटो तरिका

यस तरिकामा पनि नाच्ने तरिका एउटै भएपनि हात, खुट्टा छिटोछिटो चलाइन्छ । छोटो शैलीमा नाच्दा श्लोकलाई छोट्याएर गाउने र सँगै नाच्ने पनि गरिन्छ । लामो शैली भन्दा छोटो शैलीमा हातखुट्टा चलाउने र गाउने छिटोछिटो गरिन्छ । यस शैलीलाई चुड्के शैली पनि भन्ने गरिन्छ ।

ग) ठाँडो भाषा (भाका)

यस तरिकामा नाचेर घुम्दा ईटा आकार वा पानपाते आकार नाचिन्छ । नाच्दाखेरी घुम्ने बेलामा भएको टोली वा समूहको आकार पानपाते वा इटाको जस्तो हुने गर्दछ । घुमे्र विपरित दिशामा फिरेपछि बाहाँ (कुम) जोडेर र एक साथ थप्पडी बजाएर घुमिन्छ । यो कार्य श्लोक पिच्छ दोहोरिन्छ । नाच्दा गाइन्छ पनि । खलिपाले श्लोक उक्काइदिने र अरु समयमा आइपर्ने सबै कार्यमा प्रमुखको भूमिका निर्वाह गरेको पाइन्छ । हुन त एकवालुन नाचमा नाच्ने मध्ये एकजनालाई मुख्य मान्छेका रूपमा लिइन्छ । यसमा निर्देशकको रूपमा उसको भूमिका रहन्छ ।

**४.७ अभिनय प्रक्रिया**

लोकनाच बालुन अभिनय गर्दा बाल लीलाको अभिनय हुँदै कथा विकास हुन्छ ।

श्रीकृष्ण बालुन

यस बालुनको भेदलाई इलामका विभिन्न भेगमा प्रस्तुत गर्ने गरिए पनि विशेष गरी इलाम जिल्लाको हकमा फाकफोक क्षेत्र र मङ्गलबारे क्षेत्र भित्र मात्रै खेल्ने मानिसहरू भेटिएका छन् । यस विषयमा जानकार व्यक्तिहरूका अनुसार कृष्ण बालुन भने प्रचलित भएको क्षेत्र नेपालको पूर्वी भाग मात्र हो । यस कारण कृष्ण बालचरित्र बालुन खेल्न सक्ने व्यक्तिहको अभाव रहेर इलामको मङ्गलबारे क्षेत्रमा २०६४ सालको हिउँदमा बालुन लोकनाचको प्रशिक्षण सञ्चालन भएको पाइन्छ । यस पछि भने बालुन खेल्न सक्ने जनशक्ति उपलब्ध छ ।

यो कृष्ण चरित्र बालुन खेल्दा र खेलाउँदा निम्न प्रकारले खेलाइने गरिन्छ ।

आरती

घरमा वा सार्वजनिक कार्यका गरिएको माङ्गलिक कार्य पुराण, स्कूलको वार्षिक उत्सव, व्रतवन्ध, उधौली, उभौली, घरपैंचो, स्वास्थानी पूजा आदि कार्यक्रमको अवसरमा यो बालुन लोकनाच खेलाइन्छ । सर्वप्रथम कार्यक्रम आयोजना भएपछि बालुन खेल्न थाल्दा बालुने समुहद्वारा दियो, कलश, गणेश पूजा गरी आरती गाइन्छ । आरतीमा नाचिदैन । यो आरतीको समयमा सबै बालने समूहद्वारा निम्न बमोजिमको आरती गाइन्छ ।

ॐ सिरीराम ॐ सिरी राम, बासुदेव देवकी नाम ।

ॐ सिरीराम ॐ सिरी राम, नन्द-यसोदामको नाम ॥

ॐ सिरीराम ॐ सिरी राम, बलभद्र सिरिकृष्णको नाम ॥।

ॐ सिरीराम ॐ सिरी राम, शदाशीव, गणेश जीकी नाम ।

जलैमा विष्णु, स्थलैमा विष्णु घटमा हो रामै राम ॥

जयजय कालीका भवानी जयजय मालिकै मता ॥।

पूर्व दिशामा इन्द्र देवता आएहै यही जो गृहे

फूल र कुशमा आसन दियौं है पानका बेल ॥।

यसै क्रमले दिक्पला, अग्नी, यस, निरिती, वरुण, वायू, कुवेर, इश आदि देवताको नाममा आरती गरिन्छ ।

बर्नाउनी

त्यसपछि बर्नाउनी गरिन्छ । बर्नाउनी भनेको चारै दिशाका देवीदेवता पुकार्ने काम हो । यसमा पूर्व, पश्चिम, उत्तर दक्षिण र मध्य मण्डल दिशाका भनेर पुकार गर्ने कार्यलाई बर्नाउनी भनिन्छ । यसमा नाचिन्छ र अभिनय गरिन्छ । बर्नाउनी गर्दा

पूर्व दिशाका ऋग्वेद सेवा,

दक्षिण दिशाका यर्जुवेद सेवा

पश्चिम दिशाका सामवेद सेवा

उत्तर दिशाका अर्थव वेद सेवा भनेर बर्नाउनी गरिन्छ । त्यस्तै गरेर आकाशको चन्द्र, सूर्य, नौलाखतारा, पातालको बासुकी, अष्टनागदेवता, मर्त्यमण्डलका देवता, पश्चिम दिशाका देवदेवी आदिको बर्नाउनी गरिन्छ । गृहमण्डलका कूल पित्री, गोष्ठादी सर्वदेवता, महाकाली, महालक्ष्मी आदिको पुकार गर्ने गरिन्छ । जो यस प्रकार छ ।

आकाशका चन्द्र, सूर्य, नौलाखतारा

तेत्तिसकोटी देव, तमुरक्षे गरे हँमु रक्षे होला ।

हामी खेल्छौ बालुन सार ।

पातालका बासुकी अष्टनाग देवता

मर्त्य मण्डलका पूर्व दिशाका यथा शक्ति .... भन्दै दिशा, वायू, ग्राम, कूल पित्री गोष्ठकी देवता आदिको बर्नाउनी गरिन्छ ।

जगदम्बा महाकाली, महालक्ष्मी देवता तमु रक्षा गरे हँमु रक्षे हालो भनी देवीहरको पुकार गरिन्छ । यसै क्रमले घर घडेरी हेर्ने काम हुन्छ । जुन यस प्रकार छ ।

कस्तो घर कस्तो पानी सुहाँउदो भनौं केउहै काठका खम्बा गडाएउ

केउहै काठका बला ॥ श्री खम्बा काठका खम्बा धुपी काठका बला ।

धुपीकाठका बलामाथि कदम काठका डाँडा हदम काठका डाँडा माठि देउ निगालिका भाटा ॥

पुत्लीवेतका चोया, काश कुशको छानो गौरी वेतका वाता, बाघ, मुखे धुरी

सिमली परेको भिक्ति ॥। केऊ चम्के चुली छऊ चम्के चुली लीउने

मझेरी, बज्रपरेको ढोका, सिटन छापेको पिढीं ईट छापेको आँगन ॥।...

यस्तो ठाउँमा भएको घरको बालुनमा वर्णन गरी बर्नाउनी गरिन्छ । त्यसपछि कर्णसेन र जुद्धसेनको यसद्धको चर्चा गरी रुख उत्पन्न भएको चर्चा आउँछ । जुन यस प्रकार छ ।

वारी वणसेन पारी चित्रसेन तल महाजुद्ध भयो

कर्णसेनले हानेको पाउँमा लाग्यो चित्रसेनले हानेको मार्‍यो ॥

कर्णसेन वीरलाई मारेको ठाउँमा उम्रियो मलिकैको बीच ...

भनेर रुखको उत्पतिको पुकार गरिन्छ । त्यसपछि रुखबाट घर बनाउने निर्माण गर्ने चर्चा बालनुको बर्नाउनीमा गरिन्छ । जुन यस प्रकार छ -

नामले फेद बनाएर बञ्चरा लाऔं

पूर्व दिशा ढल्ने जोर गीढ बनाउँ

द्वार बनाउँने उतल्ला हागाको ठेलो

उपल्ला हाँगाको सँघार

ताटीपुछी द्वारा बनाउँ

के उ केरेको आगली मालिकै

केउकेरेको ताल ॥

श्रीखण्ड काठको आगली, लोहाले ताल

लोहाको ताल मालिकै धुरुक्कै दैलो उधार ।

यसो भन्दै बालुने घरमा आइपुगेको जानकारी दिइन्छ । जुन यस प्रकार गाइन्छ ।

घुरुक्क दैलो उघार्दाखेरी देख्यौं मालिकैको मुहार

सुनसुन घरकी माता एक विनती लेउन ।

तमरा गृहमा खेलन आयौं, यो वालन हेरीदेउन ॥

यसपछि घरमा बालुने आँगनमा बसेपछि घरबेटीले बढार्ने, लिप्ने, पोत्ने गर्दछन् भने बालनेहरू दान माग्ने गर्दछन् । त्यसपछि ब्रम्हाजीबाट दिपको पूजा गर्ने घिउ वर्तन, फूलपाती आदिको माग पनि हुन्छ । त्यसपछि बालुनेहरू आपसमा प्रश्न गर्दै कृष्ण जन्मको वर्णन गरिएको छ । जुन यस प्रकार छ ।

कौने र तिथि कौन र वेला, कौने महिना, कौने लग्नको योग ।

भाद्रमासकी अष्टमी तिथि बुधहै बार रोहिणी नक्षत्र शुभहै लग्नको योग

कौने कोठा सुजन सुजाए, लिप लिपाएर दिप लगाउन बालैको जन्म ?

दक्षिण कोथा सुज सजायौउ पश्चिमको कोठा लिप लिपायौ,

पूर्वको कोठा दीप् जगायौं, उत्तर पर्‍यो बालैको शीर, उत्तर शीर ।

*यस पछि बालो जन्मिएको चर्चा सकिन्छ । अव नाल बेगाउन कार्य हुन्छ ।*

केको तेल स्याँगी धागो, कसले नाम वेडाए ?

यसोमति सुडेनीले ........... वालो नुहाउने क्रमैले ॥

*अब वालो नुहाउने कार्य (अभिनय) हुन्छ । जहाँ नुहाउने क्रममा वालनेहरू लामो शैलीमा नाचेर शैली बद्ध प्रस्नोत्तर गर्ने गर्दछन् । जुन यस प्रकार रहेको छ ।*

उतल्ला घाटकी धुपल्ला हुरी,

सुनका कलशमा पानी भरायौं हो बालै चन्द्र नुहायौं ।

नुहाई धुवाई बालैचन्द्र हो परवैठो देखौं

तुमरो केशहै जोलिएको रूप,

केशहै जोलीका रूप हमारो के तिमी हेरौंला

जैसा र भलो समुन्द्र समिली जस्तो ...............

*यसै प्रकारले कृष्णका अङ्ग प्रत्याङ्गको नुहाउने कार्य गर्दै प्रश्नोत्तर शैलीमा कृष्णका अङ्गको यसरी वर्णन गरिएको पाइन्छ ।*

| प्रश्न | उत्तर |
| --- | --- |
| शिर | वेलका दाना जस्तो |
| नेत्र | वाजका आँखा जस्तो |
| कर्ण | नारायणका चन्द्र नखेरी जस्तो |
| नासीका | सुमेरु पर्वत जस्तो ....... भन्दै सबै अङ्गको बयान गरिन्छ। |

बालो नुहाई सकेपछि रमाइलो तरिकाले प्रहन स्वरूप, कृष्ण जन्मिएको खुसीयालीमा मनोरञ्जनपूर्ण तरिकाले दर्शन समेत गोलो नाच्दछन्।

शिरै जाल्यौ रूपैदेखि, ललाट जोलिउँ रूपैदखी

उत्तरी भूँमरी दशा हो झमकैला मछेडु, फेरी बाँधौ पागा हो ?

बालो नुहाई सकेको पनि बालनेद्वारा श्लोकमा अभिव्यक्ति गरिन्छ। त्यसपछि जातिय कर्मको चर्चा गरिन्छ। जुन यस प्रकार छ।

(ब्राम्हण, क्षेत्री र शुद्रले कुन कुन कर्म गर्ने समेत व्याख्या गरिन्छ)

नवौ दिन वितेर दशौ दिन लाग्यो, कपडु सुजाउन गइन

दशौ दिन वितेर एघारौ दिनमाहाँ नाकमकर्म गर्न आँटे ॥

चतुर्मुखी ब्रम्हालाई निमन्त्रणा गरे ब्रम्हाजी आईपुगे तहाँ ......

....... भन्दै न्वारानको सरजाम गरेर वाला नाम श्रीकृष्ण राखेको चर्चा गरिएको पाइन्छ।

सुनसुन सहदेव ज्योतिस एकहै विनति लेउन।

जसोदानका वालाको न्वारान भयो नामपको जुराई देउन ॥

मान भरी मुगामोति क्रमैले जौ जुरेनभनौ

पूर्व, पश्चिम सबै हेरौं श्रीकृष्ण नाम जुरायौं ॥

यो वालो नुहाउने कार्यमा सानो नानीको समेत बालुनमा प्रयोग गर्न सकिन्छ । त्यसपछि नामकर्ममा पनि सानो नानीको प्रयोग गर्न सकिन्छ । न्वारनमा सबै देउताको मङ्गलगान गरिन्छ । तेत्तिसकोटी देवताको आहुती प्राप्त गर्छन् । कृष्णको न्वारान स्वयं ब्रम्हा आएर नामकर्म गरेर ब्रम्हालोक गएको कुरा बालुनमा उल्लेख छ । त्यसपछि कथा प्रारम्भ गर्न पालनेहरू तारतम्मे गर्छन् । जहाँ उनीहरू यसो भन्छन् ।

भैया सबै मिलेर खेलन आयौं धरतीमा लाइ हालौँ पाउ ।

रक्षा गर तिमी पृथ्वी माता गोदहै सुत समान ॥

यसरी बालुनको बर्नाउनी कार्य समाप्त हुन्छ र कथा प्रारम्भ हुन्छ ।

बालुनको कथा वा गाथा जे गाइए पनि यसमा मुख्य पुरुष वा महिला अर्थात् प्रसिद्ध व्यक्तिहरू राम, सीता, कृष्ण आदिको कुख्य रूपमा कथानक रहेको हुन्छ । बालुन खेल्दा कथाका विचविचमा विभिन्न लीलाहरू प्रस्तुत गर्न सकिन्छ । रामचन्द्र खेल्दा हनुमानको झाँकी, रमको लङ्का युद्ध, लक्ष्मणले निराहार रामलाई यद्धमा सहयोग गरेका आदि झाँकीहरू प्रस्तुत गर्न सकिन्छ । त्यस्तै कृष्ण चरित्र खेल्दा कृष्णको जन्ममा देखाइएको खुसीयाली, कससँगको बालन बलराम र कृष्णको युद्ध कृष्णको जन्ममा बसुदेवले कृष्णलाई लिएर मथुरा गएको झाँकी आदि संयोजन गर्न सकिन्छ । बीचबीचमा भजनहरू प्रस्तुत गरिन्छ । दश अवतार बालुनको पनि मूल त रामायण र महाभारत नै हुन तर त्यसमा नसमेटिएका कथाहरू यस जैमुनी भारतमा समेट्ने गरिन्छ । यसमा महाभारत र रामायणमा वर्णित महापुरुष बाहेकको पनि चर्चा गरी खेल्न र गाउन सकिन्छ । राम र कृष्ण चरित्र बाहेकको बालुनलाई जैमुनी बालुनका रूपमा लीला भनेर पनि भन्ने गरेको पाइन्छ ।

अन्त्यमा फेरी आरती गरिन्छ । फेरी शास्त्रीय र लौकिक देवीदेवताहरूको स्मरण गरिन्छ । घरपतिलाई आर्शिवाद दिएर वालुन नाच समाप्त गरिन्छ । बालुन नृत्यको आयोजना कुन उद्देश्यलाई ध्यानमा राखेर गरिएको हो भन्ने कुरालाई विचरा गरी आर्शीवादका शब्दहरूको अभिव्यक्ति हुन्छ । कसैको घरको स्थाईत्व, कसैको छोराछोरी नभएर बालुन खेलाइने समेत गरेको चर्चा माथिनै भएको हो ।

आर्शीवादको एउटा उदाहरण हेरौं

अघिलागे बृहस्पति पछिलागे जून

माटोसमाई अन्नधन्न ढुङ्गो समाई धन

गोठभरी कामधेनू तवेलामा घोडा

बालुनेका आर्शीवादले पाउनुहै छोरा ॥॥

यसरी नै रामायण बालुनको पनि प्रदर्शन हुने गर्छ । प्रदर्शन प्रक्रिया एउटै भएपनि श्री कृष्ण बालुन, रामायण बालुन, जैमुनी बालुनका कथाहरू र पात्रहरू फरक परक रहेका हुन्छन् ।

कथानकका आधारमा श्रीकृष्ण बालुनमा श्रीकृष्णको बाललीला प्रस्तुत भएको र पात्रका आधारमा श्रीकृष्ण, कंश, बलराम, बसुदेव, देवकी, गंगा, भीष्मपिताम्मह, अर्जुन, दुर्योधन आदि राजर्षी पात्रहरू संयोजन भएको हुन्छ । त्यस्तै जैमुनी बालुनमा विभिन्न चरित्र मध्ये प्रमुख एकपात्रको मात्रै चर्चा हुन्छ तर रामायण बालुन कृष्ण बालुन आदिमा भने पात्रहरू धेरै रहेका हुन्छन् ।

## पाँचौ परिच्छेद

## उपसंहार

'लोकसाहित्य' - 'लोक' र 'साहित्य' को संयोगबाट बनेको शब्द हो । लालित्ययुक्त तथा भावपूर्ण भाषिक कलाका रूपमा साहित्यलाई परिभाषित गरिएको छ । संस्कृत वाङ्मयमा "लोक" शब्दको प्रयोग दुई अर्थमा भएको पाइन्छ - स्थानहरूका रूपमा र सामान्य जनताका रूपमा । स्थानवाचक शब्दका रूपमा स्वर्गलोक, मर्त्यलोक जस्ता शब्द प्रचलित छन् । जन शब्दको अर्थ पनि सामान्य जनता हो यसैकारण केही नेपाली र भारतीय विद्वानहरूले जनसाहित्य शब्दको प्रयोग गरेका छन् । जन भन्दा लोक शब्द नै लोकसाहित्यका लागि उपयुक्त भएको मानिन्छ ।

पाश्चात्य साहित्यको सन्दर्भमा हेर्दा अङ्ग्रेजी भाषाको फोकलोर शब्दको अर्थ लोकवार्ता हो । अङ्ग्रेजी भाषाको फोक (Folk) को सामान्य अर्थ ग्रामीण, असंस्कृत र अशिक्षित जाति हो भने लोर (lore) को अर्थ हो सिक्नुपर्ने कुरा । यसरी हेर्दा अङ्ग्रेजी शब्द Folklore शब्दको अर्थ ग्रामीण समाजको ज्ञान अर्थात् असंस्कृत जातिहरूको ज्ञान भन्ने हुन्छ । संस्कृतबाट आएको लोक शब्दले भने सामान्य जनसमुदायलाई नै संकेत गरेको पाइन्छ ।

समाजमा परम्परादेखि हस्तान्तरिक हुँदै आएको अभिव्यक्ति नै त्यस समुदायको लोकसाहित्य हो । प्रत्येक भाषाभाषी समुदायको आफ्ना परम्पराबाट लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक साथै लोकोक्तिका विविध रूपहरू प्राप्त गरेको हुन्छ । ललित साहित्य भन्नाले व्यक्तिद्वारा लेखिएको परम्परागत साहित्यलाई सहायता लिई मौलिकता भरिएको हुन्छ । लोकसाहित्य लोकको साहित्य भएकाले यसको विभाजन गर्ने लोकको आफ्नै दृष्टि रहन्छ । यसले गर्दा प्रत्येक समाजको लोकसाहित्यका विधाको स्वरूपमा भिन्नता र वर्गीकरणमा विविधता देखिन्छ । लोकसाहित्यका विधाहरूमा लोकगीत, लोककविता, लोकगाथा, लोककथा, लोकनाटक, उखान र टुक्काहरू एवम् पहेलीको नाम लिइन्छ ।

लोकसाहित्यको अभिव्यक्ति लोकजीवनमा हुन्छ । सामुदायिकता, पारम्परिकता, मौखिकता, प्रयोगशीलता, गतिशीलता आदि लोकसाहित्यका खास विशेषता हुन् । वास्तविक अर्थमा लोकसाहित्य श्रव्यकाव्य र दृश्यकाव्य दुवै रूपमा प्रचलनमा आएको पाइन्छ । लोक

श्रव्यकाव्य वा साहित्य अन्तर्गत लोकगीत लोककविता, लोककाव्य, लोककथा, उखान आदि हुन् भने दृश्य लोक काव्य लोकनाटक हो ।

लोकजीवनको आस्था र व्यवहारको सरल प्रदर्शनमूलक अभिव्यक्ति नै लोकनाटक हो । लोकनाटकमा लोकभावनाका अभिव्यक्तिहरू हुन्छन् । यो लोकपरम्परा र रुढीमा आधारित हुन्छ । यसमा शास्त्रीय नियमहरूको पालना गर्नुपर्ने आवश्यकता हुँदैन तर लोकनाटकहरूको प्रदर्शनीको गुरूपरम्परा हुन्छ, त्यस्ता प्रदर्शनका पनि निश्चित विधिविधान हुन्छन्, तिनले पनि केही घटनामूलक कथावस्तु लिएका हुन्छन् । लोकनाटकको प्रदर्शनका क्रममा मञ्च पनि लोकशैलीकै हुन्छ । मञ्चमा विभिन्न पात्रहरूको चरित्रको अनुकरण गर्दछन् ।

यहाँ चर्चा गरिएको लोकनाटक मध्ये बालुन विशेषगरी पौराणिक परम्परामा आधारित कथावस्तुको प्राचुर्यभएको लोकनाटक हो । मन्दिर, घर, आँगन, चौतारा, चोक लोकनाटकको प्रस्तुतिका निम्ति उपयुक्त स्थान हुन्छन् । गुरुबाबुको निर्देशन र परम्परागत प्रचलन अनुसार पात्रको छनौट गरिन्छ । नेपाली लोकनाटक बालुन नृत्यप्रधान भएकाले र गुरुबाबुले नै घटनाको वर्णन गर्ने भएकाले पात्रले मूल चरित्रको अनुकरण गरेको सबै स्थितिमा स्पष्ट देखिन्छ । खैजडी र मुजुरा बालुनका निम्ति आवश्यक अनिवार्य बाध्य हो । आवश्यकता अनुसार विभिन्न प्रकारका नाटकहरूमा वेग्लावेग्लै किसिमका वाध्यहरूको उपयोग गरिन्छ । यसै शिलशिलामा बालुनमा खैजडी र मुजुराको प्रयोग गरिएको हो ।

लोकनाटकमा लोकजीवनको आस्था र व्यवहारको सरल र प्रदर्शनमूलक अभिव्यक्ति पाइन्छ । लोकजीवनको उत्सव, पर्व साथै मनोरञ्जनका क्रममा जीवनका आशा उमङ्ग तथा बह-विलौना, भोगाई आदिलाई आफ्नै किसिमले व्यक्त गर्ने गर्दछ । लोक अभिव्यक्तिका क्रममा अभिनय हुन सक्ने विषयवस्तु प्रदर्शित गर्दै गाउँघरका पाटी, पौवा, मठ, मन्दिर, चौतारी, शहरबजारका चोक आदि ठाउँमा मनोरञ्जनका निम्ति देखाइने परम्परागत नाटक नै लोनाटक हो । लोकगाथना र लोककाव्यको विवेचना गर्ने क्रममा नेपाली लोकनाटकलाई पनि देखाइएको छ । विषयवस्तुका आधारमा हेर्दा बालुन, नचरी, लीला र चरित्र पौराणिक तथा पुराकथात्मक छन् भने घाटु, सोरठी, गोपीचन जनश्रुतिमूलक हुन् ।

नेपाली बहुजातीय बहुभाषिक र बहुसांस्कृतिक देश हो । विविध भौगोलिक बनावट र धरातलीय स्वरूपको संगम स्थलका रूपमा यो दशे रहेको छ । नेपालमा परम्पारगत रूपमा प्रत्येक जातिले आफ्नो अस्तित्व र पहिचान बचाइराखेका छन् । आफ्नो सांस्कृतिक पद्धति र

परम्पराबाट प्रत्येक जातिले आफ्ना आफ्ना संस्कारहरू चलाइरहेको पाइन्छ । जन्म, मृत्यु, व्रतबन्ध, विवाह आदि संस्कारहरू जाति अनुसार फरक-फरक तरिकाबाट सञ्चालित भइरहेका हुन्छन् । हाम्रो देश नेपालमा एकातर्फ मंगोलियन जाति बसोबास गर्ने दश चीन रहेको छ । अर्कातिर आर्य संस्कृति रहेको भारतले नेपालमा दुवै जातिको संस्कार, संस्कृति र जातीय स्थिति रहेको स्पष्ट छ । पहिलो र दोस्रो विश्वयुद्धताका नेपाली युवाहरूले अङ्ग्रेजको साथ दिएर विश्वको विभिन्न क्षेत्रहरूमा लडाई लड्दा र अङ्ग्रेज साथै अन्य विदेशीहरूको सामिप्यताको नवनव सांस्कृतिक पद्धतिको आगमन भयो र नेपाली संस्कारहरूमा समाहित बनी मिश्रीत संस्कार र परम्पराका रूपमा विकास हुन पुग्यो । त्यस पछि नेपाली संस्कार, संस्कृतिमा विविधता आउन पुग्यो ।

भौगोलिक सीमाभित्र संस्कार, संस्कृतिको आदानप्रदान, संरक्षण र प्रवर्धन गर्न प्रत्येक जातिलाई सजिलो भयो । यसैको फलस्वरूप नेपालमा पूर्वदेखि पश्चिमसम्म प्रत्येक जातिलाई आफ्ना भाइवन्धुहरू बीच सम्बन्ध स्थापना गर्न सजिलो भयो । अर्को कुरा साझा फूलबारीका रूपमा पृथ्वीनारायण शाहले यो देश रहने कुरा प्रष्ट पारे । एकीकरण अभियानका अभियन्ताको फराकिलो र सहिष्णु दृष्टिकोणबाट पनि आ-आफ्ना परम्परालाई जोगाइ राख्न सजिलो भयो । ब्राहमण क्षेत्री समुदायमा संगिनी, बालुन, सिलोक आदि जस्ता लोकनाचहरू जीवित रहे । मगर जातिमा हुर्रा, घाटु, कौरा, सोरठी लोकनाचहरू, राई किराती जातिहरूमा चण्डीनाच, साकेवा सिली आदि नाचहरू, लिम्बू जातिमा धान नाच, च्याब्रुङ नाच, तामाङ र गुरुङ जातिमा सेलो, सुनुवार जातिमा दुम्सी नाच, नेवार जातिमा लाखे नाच आदि संस्कारगत परम्पराका रूपमा संरक्षित रहेका छन् । त्यस्तै गरेर इलाममा रोपाइ नाच, मारुनी नाच रत्यौली नाच, जोगिरा, नाच, झ्याउरे नाच आदि प्रचलित रहेका छन् ।

नेपालको मध्य पहाडी भागमा बस्ने बाहुन क्षेत्रीहरूको समाजमा प्रचलित बालुन एक प्रकारको नृत्य गाथा हो । यसमा रामायण र महाभारतका कथाहरूको प्रदर्शन कुनै धार्मिक अनुष्ठान, गृहप्रवेश वा संस्कारको अवसर पारी विशेष गरी शुक्लपक्षको रात्रीमा गरिन्छ । घरको फराकिलो आँगनलाई सफा गरेर लिपपोत गरी बालुन खेल्नका लागि तयार गरिन्छ । बालनेलाई आराम गर्नका लागि परालको गुन्द्री वा काम्लो, राडी आदि राखिन्छ । बालुनको नृत्य गर्ने वालनेहरू सेतो दौरा सुरुवाल लगाई सेतै पटुका बाँधेका हुन्छन् । सामान्य रूपमा

चार चार जनाको दुई डफा गरी ८ जनाको समूह हुन्छ । यिनका बीचमा कम्तिमा एक-एक जना सिपालु र बालुनको कथालाई लयात्मक रूपमा प्रस्तुत गर्न सक्ने नाइके हुनुपर्दछ । यसकारण बालुननाचमा प्राय प्रौढहरू हुन्छन् ।

बालनेहरूका साथ बालुन सञ्चालनको काम गर्ने बालने पण्डित हुन्छन् । यिनैले बालुनको मुद्रित वा हस्तलिखित पुस्तकको पाठ गर्दछन् र अभिनय गर्ने बालनेहरूले यिनैका भनाइलाई छोपेर लयात्मक रूपमा अभिनयका साथ दोहोऱ्याउँछन् । यिनका साथै भजन गाउँने भजनियाँहरको टोली पनि खैजडी र मुजुरा लिएर बसेका हुन्छन् । रामायण वा महाभारतको कथालाई बालनेहरूले अभिनयका साथ प्रस्तुत गर्दा भजनेहरू बीच बीचमा भजन, टुक्का र आरती गाउँदै लीलाहरू कथ्दै कथानकलाई अगाडि बढाउँछन् । बीच बीचमा मनोरञ्जनका निम्ति हास्यमूलक प्रस्तुतिहरू पनि समाविष्ट हुन्छन् । बालनेहरू सर्वप्रथम आँगनमा आई २-२, ४-४ वा ८-८ को सङ्ख्या मुखामुख गरी उभिन्छन् । सर्वप्रथम उनीहरू इष्टदेवता र कुलदेवतालाई सम्भन्छन् । दियो, कलश र गणेशको पूजा हुन्छ । बालुन नाच्ने घरका घरपतिले बालनेहरूलाई, कन्या कुमारीहरूलाई, भजनेहरूलाई र अन्य उपस्थिति व्यक्तिहरूलाई दही र अक्षताको टीका लगाइदिन्छन् । बालनेहरूको स्वागत गरिन्छ र बालुन नृत्यको प्रारम्भ हुन्छ । बालनेहरू दुवै हात जोडी टाउकोमाथि उठाएर घुम्छन् र आ-आफ्ना समूहमा विभाजित भई बालुन प्रारम्भ गर्छन् । बालुनका सुरुमा कर्त कर्त त्यस समयमा प्रस्तुतिकरणको प्रसङ्ग पनि देखाइन्छ ।

मङ्गलाचरणका साथ प्रारम्भ भएको बालुनमा बालनेहरू रामायण वा महाभारतका कथाहरूलाई क्रमश:अघि बढाउँछन् भने भजनेहरूले पनि त्यसमा सहयोग पुऱ्याउँछन् । एकै रातमा सक्ने किसिमको रामायणको कथा अथवा कृष्ण चरित्रलाई प्रमुख घटना लिई प्रस्तुत गरिन्छ । भजनका माध्यमबाट कथानकलाई अघि बढाइन्छ । पौराणिक कथानकलाई लौकिक रङ्ग दिएर प्रस्तुत गरी लोकसंवेद्य बनाइन्छ । लीलाहरूको प्रस्तुतिले वातावरणलाई आकर्षण बनाउँन भजनेहरू सिपालु हुन्छन् । हनुमान बनेर दर्शनकहरूलाई आश्चर्यचकित तुल्याउन पनि उनीहरू उत्तिकै खप्पिस हुन्छन् ।

विषयका आधारमा लोकनाटकलाई मोटामोटी रूपमा दुई प्रकारले वर्गीकरण गर्न सकिन्छ । ती हुन् (क) पौराणिक लोकनाटक र (ख) लौकिक लोकनाटक । पौराणिक लोकनाटकहरूका विषयवस्तु लोकको परम्परागत विश्वास र मान्यतामा आधारित हुन्छन् ।

नेपाली भाषाका नचरी, बालुन, लीला र चरित्रहरू यस्तै पौराणिक नाटक हुन् । यिनका विषयवस्त रामायण, पुराण र महाभारतका कथावस्तुमा आधारित हुने गर्छन् । लौकिक लोकनाटकमा प्रस्तुत हुने विषयवस्तु पनि लौकिक नै हुन्छन् । यिनका लोजीवनका घटनाहरूमा आधारित कथानकहरू हुन्छन् ।

प्रयोजनका दृष्टिले लोकनाटकहरू अनुष्ठानमूलक र मनोरञ्जनमूलक गरी दुई प्रकारका हुन्छन् । नाटकको प्रस्तुतीकरणन समुदायको कुनै अनुष्ठानको अङ्गका रूपमा वा त्यसको परिपूर्तिका निम्ति भएको हो भने त्यसलाई अनुष्ठानमूलक लोकनाटक भनिन्छ । मनोरञ्जननात्मक लोकनाटकहरू भने मनोरञ्जनकै लागि प्रस्तुत हुन्छन् । यस्ता नाटकहरको प्रस्तुतिकरणको कुनै खास अवसर हुँदैनन् । जुनसुकै समयमा पनि प्रस्तुत हुन सक्छन् ।

प्रस्तुतीकरणको शैलीका आधारमा लोकनाटकहरू एकालाप र वार्तालाप गरी दुई प्रकारका हुन्छन् । एकलाप लोकनाटकमा प्रस्तोता एक्लै बोल्छ, एकोहोरो वर्णन गर्छ वा गीत गाउँछ तर वार्तालापमा कुराकानी र संवाद हुने गर्छ । संवाद लोकनाटकको एउट मूलभूत विशेषता मानिन्छ तापनि लोकनाटकमा दोहोरो संवाद हुनै पर्छ भन्ने वाध्यता हुँदैन ।

लोकनाटक बालुन एक प्रकारको नृत्यगाथा हो । यो नृत्य अभिनयका साथ प्रस्तुत गरिन्छ । विभिन्न धार्मिक अनुष्ठान गृहप्रवेश अथवा कुनै पनि संस्कारको अवसर पारेर प्रस्तुत गरिन्छ । विशेष गरी रात्रीमा जाग्राम बसी प्रस्तुत गरिने लोकनाटक बालुनमा पुरुषहरूले अभिनय गर्ने गर्छन् । लोकनाटक बालुन कहिलेबाट सुरु भयो भन्ने सन्दर्भमा खोज अनुसन्धान गर्दै जाँदा यसका जानकारहरू अनुसार यो श्रुति परम्परादेखि एक पुस्ताबाट अर्को पुस्तामा मुखरित हुँदै आएको जानकारी पाइन्छ । लोकसाहित्यको एक अंशका रूपमा रहेको लोकनाटक बालुन वास्तवमा पुरुषहरूद्वारा लेखिने र अभिनय गरिने लोकनाटक हो । विभिन्न अवसर पारेर रात्रीको समयमा जमघट भएर खेलिन्छ र बालुन आयोजना गर्ने व्यक्तिलाई पनि चिताएको कुरा पुग्ने छोरा जन्मिने, घर, घडेरीमा दोष भए मेटिने जस्ता धार्मिक विश्वास पाइन्छ । यो बालुन जति प्रिय छ त्यति नै लोपोन्मुख अवस्थामा रहेको देखिन्छ । विभिन्न कथाहरूलाई आधार बनाएर लेखिने लोकनाटक बालुनले स्थानीयताको समेत उद्घाटन गरेको पाइन्छ ।

श्रुतिपरम्परामा हुर्कदै आएको लोकनाटक बालुन हाल लोपोन्मुख अवस्थामा पुगेको छ । यसरी यो लोप हुँदै जानुका कारणमा यसको उचित स्थान निर्धारण हुन नसक्नु पुस्तकाकार

कृतिका रूपमा प्रकाशित नहुनु जानकार व्यक्तिसँग युवा पुस्ताले बालुन सम्बन्धी चासो नराख्नु र जानकारी हासिल नगर्नु आदि रेका छन् । यसरी लोकसाहित्यको संस्कार र संस्कृति बोकेको लोकनाटक बालुन लोपोन्मुख अवस्थामा पुग्नु हाम्रो लागि विडम्बना हो, त्यसकारण अब आउँदा पिढीका लागि पनि यो लोक संस्कृति जोगाएर राख्ने क्रममा बालुनको संकलन गर्न आवश्यक छ । इलामको मंगलबारे, कोलबोटे, आमचोक, जितपुर र शान्तिडाँडा, सुम्बेक गा.वि.स. मा यस लोकनाटक बालुन प्राप्त भएको छ ।

विशेष गरी ब्राहमण, क्षेत्रहरूको समाजमा प्रचलित लोकनाटक बालुन लोकसाहित्यको एउटा हाँगो वा पाटो हो । यो हाल आएर लोप हुने स्थितिमा पुगेको देखिन्छ । त्यसकारण यसको संरक्षण गर्नु हामी सबैको कर्तव्य हुन आउँछ र आवश्यक पनि देखिन्छ । भावी पिंढीले बालुन भनेको के हो भन्ने सुन्न पनि नपाउने स्थितिमा पुगेको यो लोक नाटक बालुन आज आएर संरक्षण समग्र लोकसाहित्यको संरक्षण गर्नु हो । त्यस कारण यसको संरक्षण गर्ने युवा पिंढीको महत्वपूर्ण कर्तव्य देखिन्छ । प्राचीन समयदेखि मुखामुख हुँदै आएको र हालसम्म इलाम जिल्लामा संकलन र विश्लेषण गर्ने कार्य नभएको हुनाले यसको अध्ययन र विश्लेषण साथै संकलन गरी संरक्षण र संवर्द्धन गर्न नितान्त जरुरी देखिएकोले त्यसैको प्रयोजनको लागि यो शोधपत्र तयार पारिएको छ । लोप हुन लागेको लोकसाहित्यको एक प्रिय विधा लोकनाटक बालुनको संकलन, अध्ययन र विश्लेषण गरी लोक साहित्यको प्रवर्द्धन गर्ने कार्य लोक साहित्यको सापेक्षतामा लोकनाटक बालुनलाई संरक्षण गर्ने एक विशिष्ट कार्य हुन आएको छ ।

## परिशिष्ट क

(कृष्ण बालुनको छापिएको किताब नभेटिएकोले मंगलबारे इलाम बस्ने गौरीनारायण सुवेदीसँग भएको हस्तलिखित कपीबाट जस्ताको तस्तै संकलगन अंश यहाँ प्रस्तुत गरिएको छ ।

**श्रीकृष्ण बालुन**

हे राम सन्धया पनि परेकी राम राम दिन

अस्तनु भयो फिटु बैन्ही नरोई ॥

फिटु चखेबै फिटु चखेबै फिटु तमरो जाल

जलमा डुवी मरनु भयो कैसे कहदिन रात ॥

जौ गुरु गोविन्द गोपाल धाने मनि के बलराम

भक्त के गुन गाउँ ॥ जता जान्छन प्रभु राम

उतै सगै चलि जाउ हरि ॥ रात्रिका पनि उज्याला

सशी चन्द्रमा दिनमा उज्याला रबी घाम रहेका

उज्याला पनि माता पिता घर उज्याला प्रभु राम ॥

कागज काटी चौ खुँडा पारौ अक्षर लेखौ

वाउँ घाउँ लागे औषधी लगाउँ चीत झाटे कहाँ पाउँ ॥ दहम औतारमा आरती

पहिलो म आरति राम राम पुस्पकि माला कालिनाग नार्थी लैजाउँ, गुवाला आरतिका जै

राजा राम ज्यूकि जै जय जय हरहर भक्त करौ प्रभु आसना कुरौ फेरी सबर दुःख दर्लिद

छुटाऊ प्रमु मेरी आरतीको जै राजा राम ज्यूकी जै

⇒ दोसोर आरतिमा राम राम दुदर पति नन्दन

भक्त गुदारेर मकस नई खन्जन - आरति ...

⇒ तेस्रो आरति राम राम त्रिभुवन मोही ॥ गरुण सिम्बास

⇒ चतुर्थ आरति राम राम चमराजिको पुजा ॥ देवरोजकि

नन्दन सरनई घुमि आरतिकि जै राजा रामज्यूकिजै

⇒ पञ्चम आरति राम राम मगलु गादै ॥ राधा रुक्मणी चमरु

जेलावै आरति जै राम राम ज्यूकि जै ..........

⇒ षस्टममा आरति राम राम खइरस पावै ॥ रामज्यूको नाम जपी

गुलरस पावै आरतिकी राजा राम ज्यूको जै ............

⇒ सप्तम आरती राम राम सपुराका बाति ॥ बजाउ शित

शंख घण्ट चडाउ बेलपाति आतिकि जै राजा राम ज्यूको जै ...........

⇒ अस्टम आरति राम राम अस्टरपति दाता ॥ औरनिरज

औरनई माता आरतिकि जै राम रामज्यूकि जै .........

⇒ नव आरति राम राम नवनिधि गागा ॥ हाउकै

हटाउ प्रभु जेम गिरिफन्दा आरतिकी जै राजा रामज्यू जै .............

⇒ दशम आरति राम राम दशरपापिता ॥ धन्य तिम्रो

कोकी कौशला देवी माता आरति जै राजा राजज्यूकि जै ...........

हो है ॐ सिरी राम ॐ सिरी राम वशुदेव र देवकीको नाम ॥१॥ ॐ सिरी राम ॐ सिरी नन्द है यसोदाको नाम ॥२॥ ॐ सिरी राम ॐ सिरी नाम वलभद्र श्री केष्णको नाम ॥३॥ ॐ सिरी राम ॐ सिरी राम सदा शीव गणेसजीको नाम ॥४॥ हे है जलैमा विष्णु थलैमा विष्णु घटैमा हो सिरी राम ॥५॥ जय जय कालिका जय भुवानी जय जय मालिकैमाला ॥६॥ पूर्व है दिशाका इन्द्र देवता आएहै यहि जो गृहे ॥७॥ फूल र कुशका आसनै दियौ है पानका बेल ॥८॥ अग्नय दिशाका अग्निदेवता आए हो यही जो गृह् ॥९॥ फूल र कुशका ॥१०॥ दक्षिण

दिशाका सरस्वती देवता ॥११॥ फूल र ॥१२॥ नै ऋते दिशाका निरी देवता ॥१३॥ फूल र ०॥ पश्चिमे दिशाका वरुण देवता ०॥१४॥ फूल र ०॥१५॥ वायव्य दिशाका वायु देवता ॥१६॥ फूल र ०॥१७॥ उत्तर दिशाका कुवेर देवता लक्ष्मी देवता ०॥१८॥ फूल र ०॥१९॥ इसान दिशाका सदासीव ०॥२०॥ फूलन ० पुवै दिसाका ऋग्वेद ०॥२२॥ फूल र दक्षिण दिसाका यजुर्वेद ०॥२४॥ फुल र ० पश्चिम दिसाका सामवेद ०॥२६॥ फूलन ० उत्तर सिका अत्थर वेद ०॥२८॥ फूलन ० आकासैमा चन्द्र सूर्य तेतिस कोटी नौखाल तारा तमुरक्षे गरे हामु रक्ष होल, हामी खेन्छौ बालुन सार ॥२९॥ पातलका वासुकी नाग अस्टनाग देवताले तमुरक्ष गरे ॥३०॥ पश्चिम दिसामा पशुपति गृहये सीरी बाला नीलकण्ड वुणनीलकण्ड घौघ सिम्मु क्षेत्र चाँगुनारायण बागमती विष्णमती विष्णुमति दुधकोशी तामाकोशी सुनकोशी अरुण वरुण तमोर र वाच्छा यासोकका सिद्ध सिंह सिद्ध सिकारी देवी धौराली सिद्धमार्ग सिमेभुमे नाग नग्यानी माइभगवति सिद्धि डाडाका सिद्ध देवी सबै देवताले तमु रक्ष गरे हामी रक्ष होला ०॥३१॥ पूर्वै दिसाका परशुराम व्रदम-पुत्र कामक्षेका मरुढोल समुन्द्र खार समुन्द्र नीर समुन्द्र वीर समुन्द्र सप्त समुद्र निस्टा माइ वडा रङ्गीता छोटा रङ्गी महमाई योगमाई डसकामाई पुस्पमाइ रत्नलाई शिवमाई देवता तमुरक्षे गेर हामी रक्षे होला हामी खेल्छौं बालुन सार ॥३२॥ नैजलिया दिशाका कोकाहा वराह सूर्यकुण्ड छास कामिनी देवताले तमु रक्ष गरे ॥३३॥ उत्तर दिशाका हिमाचुली कुम्भकर्ण पाथीभराका कालीका देवी कावेली गंगा माइभगवती हेमाहाराजा हेमहारानी शिवाराजा शिवारानी आइतबारे चकमके दक्षिणकाली मुलुक्यानी संसारीबुडी बजु महारानी वनकन्या चौध बुड्यानी वनझाँक्री झक्कानी सहस्रहशिकारी महाकाली हमालदिम महासरस्वती देवताले हमु रक्षे गरे हामु रक्षे होला हामी खेल्छौ बालुन सार ॥३४॥ दक्षिण दिसाका खार समुद्र ढोले समुद्र इक्षु समुद्र दक्षिणका दक्षिणकाली ६४ काली ६४ योगिनी देवताले तमु रक्षे गरे हामु ०॥३५॥ यसै गृहेका कुल पित्र गोस्ठाढिका गैडु गोसाई महाराद्र काडा ब्रहमा यदी मर्त्य लोकका बैस्वान्द देवता इष्ट आसामुखी पूर्व पश्चिम उत्तरदक्षिण आकास पातालका सहस्र कोटी देवताले तमुरक्षे गरे हामु रक्ष होला ०॥३६॥ सुनन सुन सहदेव ज्यतिष ये कुहै विनति लेउन ॥३७॥ हामी र बनाउँछौ गृहे घडेरी यो माटो हेरी पो देउन ॥३८॥ दिन र हसौ सुदिन हेऱ्यौ यो माटो असलै आयो ॥३९॥ कौने र ठाउँको गृहे घडेरी है ठाउँको वारी ॥॥ उच्च ठाउँको घडेरी निच्चा ठाउँको वारी कता दै वहदो पानी ॥४१॥ उच्चको घडेरी निच्च हो को वारी उत्तर वशदो पानी ॥४२॥ केउहै काउका खम्बा गडायौ केउहै काठका वला ॥४३॥ श्रीखण्ड काठका खम्बा गडायौ धुपि काठका वाल ॥४४॥

धुपि र काठका वला जो माथि के उहै वाथेका डाडा ॥४५॥ धुपि र काठका बलैजो माथि पदमै काठका डाडा ॥४६॥ पदमै काठका डाडै जो माथि केउहै बाधेका माया ॥४७॥ पदमै काठका डाडो जो माथि देउनिगालीक माटा ॥४८॥ देउनिगालीका माई माथि के उहै कयरको छानो ॥४९॥ देउनिगालीक माटै जो माथि काशहै कुशको छानु ॥५०॥ कांशर कुशका छानै जो माथि कहुहै बाधेका वाना ॥५१॥ कांशर कुशका छाने जो माथि गौरीहै वेतका वाता ॥५२॥ कौरिर वेतका वातै जो माथी केउछै मूखे धार ॥५३॥ गौरीरै वेतका वातै जो माथि सुनहै हो मुखे धूरि ॥५४॥ सुनहै मूखे धूरि जो मुनि केउहै परेको मिनी ॥५५॥ सुनर मुखे धुरी जो मुनि सीमाली परेको भित्रि ॥५६॥ सिमाली परेको भित्ति जो मुनी कति चम्का भएको चुलि ॥५७॥ सिमाली परेको भित्ति जो मुनि छचम्का भएको चुलि ॥५८॥ छ वैर चम्के चुली जो मुनी कउेहै छापेरका मजेरी ॥५९॥ छवैर चम्केचुली जो मुनि लिउन छापेको मजरी ॥६०॥ लिउन छापेका मजेरी बाहिर केउनै बारका ढोका ॥६१॥ लिउन छापेका मजेरी बाहिर बज्रहै लिउन छापेका मजेरी बाहिर केउनै ढोकै जो बाहिर केउहै चिनका सिढी ॥६३॥ बज्रहै बारका ढोकै जो बाहिर सिढी है चिनेको पिढी ॥६४॥ सिढी है चिनेका पिढी बाहिर केउहै छापेको आगन ॥६५॥ सिढीहै छापेका पिढी जो बाहिर इटहै छापेका आगन ॥६६॥ वारि वर्ण हेर्न पारि चित्रहेन तिनी दुईको महायुद्ध भयो ॥६७॥ कर्णशेनले हानेको पाउनमा पऱ्यो चित्रशेनले हानेको मऱ्यो ॥६८॥ कर्णशेनले वीरलाई मारेका ठाउँमा उम्रीयो मालिकैको विज ॥६९॥ उत्तिमा पुरकी पटना मालिकैलाई गइछुन विज ॥७०॥ पलाई गइछुन विजमालिकै भइकनछन हो दुईदुई पति ॥७१॥ दुइदुई पति विज मालिहै भईगईछन् सुल्पुको गाछ ॥७२॥ सुलवेले गाछ विर्जमालिकै भईगइछन हगै गडैला ॥७३॥ हगैला डाला विजमालिकै भइगइछन् छिर्कैला पात ॥७४॥ छिर्केला पात विजमालिकै भइगइछन नामले भ्रेलदा ॥७५॥ नामले भ्रेद विजमालिकै कति बन्चरा लाउ ॥७६॥ नामले फेदविजमालिकै जोर है वन्चरा लाउ ॥७७॥ जारहै वन्चरा लायौ मालिकै कौउने पो किशहो ॥७८॥ जोरहै वन्चरा लायौ मालिकै पूर्वदिशापो ढाल्यौ ॥७९॥ पूर्वेर दिसा दलिन मालिकै कति पो गीडपो पारौ ॥८०॥ पूर्वेर दिशा ढलिन मालिकै जोरहै गीडपो पाऱ्यौ ॥८१॥ दुवै र गीड पाऱ्यौ मालिकै अनि नाछि हालौ द्वार ॥८२॥ कउनै र हागाको ठेलो मालिकै कउनै है हागाको संगार ॥८३॥ उतल्ला हाँगाको ठेलो मालिकै उपलला हाँगाको संगारे ॥८४॥ ताछिर तुछि द्वारमालिकै मिलायौ ठेलो संगार ॥८५॥ केउहै केरेको अगालि मालिकै केउनै केरेको ताल ॥८६॥ श्रीखण्डकाठको अगालि मालिकै लोहाहै केरेको ताला ॥८७॥ लोहाहै केरेको तालमालिकै धुरुक दैलो उघार ॥८७॥ धुरुक्कै दैलो

उघादि हुदी देख्यौ मालिको मुहार सुनन ॥८९॥ सुन घरकिमाता एकहै विनति लेउन ॥९०॥ तपाईका घरका खेलन लाग्यौ यो वालुन हरि दिनुहोस् ॥९१॥ मिसरहु निसरहु घरकी माता बाहिर बालुने आए ॥९२॥ तपाईका घरका खेलन लाग्यौ यो आउन बढारी देउन ॥९३॥ निर्सदाता निसर्दा हौ बालुने पाच हामुघर भलो स्रनहि ॥९४॥ तमूहात भलोवत्र गृहेराजुरहे हामी मागछौ हस्तिको हात ॥९५॥ हस्तिको दान हामी कैसे सक्छौ लैजाउन मुस्ठिको दान ॥९६॥ सुनन सुन घरकी माता विनति लेउन ॥९७॥ पञ्चहै बालुन खेलन लाग्यो यो आँगन लिपाई देउन ॥९८॥ निर्सदान निर्सदान हौ वालुने पाँच हातमुख भलो बस्र नहि ॥९९॥ तभुहात भलो बस्र गृहराज रहे हामी माग्छौ गाईको दान ॥१००॥ गाईको दान हामी कैसे सक्छौ लैजान अन्जुली दान ॥१०१॥ निर्सदान निर्साद छु वालुने पाँच हामी हात दिनुखानु नहि ॥१०२॥ तमुहात दिनुखानु गृहे राजु रहे हामी माग्छौ दिपको दान ॥१०३॥ पिदका दानले सैसैला बन्यो मुक्ति है पदार्थ पाउँ ॥१०४॥ सुनन सुन चर्तुमुखी व्रज एकुहै विनति लेउन ॥१०५॥ धुप र दिप अक्षता र पात यो दिप पूजा गरी देउन ॥१०६॥ कति घैला ल्यायौं घिउ वर्तन की हो सपुरका वात्ति ॥१०७॥ सय घैला ल्यायौ घिउ वर्तन कोटी हो सुपरका वात्ति ॥१०८॥ अगरुको दियो सपुरका बात्ति जाग्यो दिप सल्कन राति ॥१०९॥ अडैमा जामा माथ पगरी झम्काऊ भाइहो फूल ॥११०॥ फूल फूलमाको सयपत्रि फूल झम्काऊ भाइहो फूल ॥१११॥ फूलफूलमाको इन्द्रकमल फूल झम्काऊ भाइहो फूल ॥११२॥ फूलफूलमाको मखमली फूल झम्काउ भाइहो फूल ॥११३॥ फूलफूलमाको वारैमासे फूल झम्काउ भाइहो फूल ॥११४॥ फूलफूलमाको पारी जात फूल झम्काउ भाइहो फूल ॥११५॥ वारी जो गंगा पारिजमुना माझै बन्यो हो धौलो घर ॥११६॥ झ्यालैमा बसी झुमा रानी हेर्थिन चारौ दिशा पुऱ्याउठिन कीदी ॥११७॥ गंगासर जमुना सँगै बहन्थे एकहोरो भइगयो पिढ ॥११८॥ वारी जो गंगा पारी यमुना विचैपऱ्यो निराजका ॥११९॥ सघैता गंगा सयलि बहन्थ्यो आजकिन धमिला भयौ ॥१२०॥ जुनदिन यसोदालाई जन्मनवालै त्यसै दिन सयली हौला ॥१२१॥ सधैता चन्द्र सूर्य झलमल हुन्थ्यौ आज कनि मधुरा भयौ ॥१२२॥ जुनदिन यसोदानलाई जन्मन वाला त्यसैदिन झलमल हौला ॥१२३॥ सधैता ब्रमण पाठपूजा गर्थ्यो आजकिन हो त्यसै रह्यो ॥१२४॥ जुन दिन यसोदालाई जन्मनवाले त्यसैदिन पाठपूजा होला ॥१२५॥ सधैता गाई घासपानी खान्थीन आजकिन निरहार रहयो ॥१२६॥ जुनदिन यसोदालाई जन्मावाले त्यसैदिन घासपानी आउला ॥१२७॥ चन्द्रमा आए सूर्यजि आए हरि हरि वाले प्रभुराम ॥१२८॥ इन्द्रजि आए वासुकी आए अरि हरि वोले प्रभुराम ॥१२९॥ ब्रहममा विष्णुमहेश्वर सबैर आए हरि हरि

वोले प्रभुराम ॥१३०॥ छवै र भाष बसेर दिन माथि देवकलाई हो गर्भ रथो ॥१३१॥ नेव र महिना वितेर दशौ महिना लाग्दा देवकाको गर्भ प्रकट भयो ॥१३२॥ कउनै र महिना कउनै तिथी कौउनै र वार कौउने नक्षत्र कौउनै है लगनको योग ॥१३३॥ भाद्रहै ममास अष्टमी तिथी बुध है बार रोहीणी नक्षत्र शुभहै लगनको योग ॥१३४॥ कौने र कोठा सुज सुजायौ कौने र कोठा लिपि लिपायौ ॥१३५॥ कौन र कोठा दीप जगायौ कता पऱ्यौ वालेको जन्म दक्षिणको कोठा सुज सुजायौ पश्चिमको कोठा लिप लिपायौ पूर्वको कोठा दीप जगायौ उत्तर पऱ्यो वालैको जन्म ॥१३६॥ कौनेर कोठा कौनेर चोटा कता पऱ्यो वालैको सिर ॥१३७॥ दक्षिणको चोटा पूर्वको कोठा उत्तर पऱ्यो वालेको सिर ॥१३८॥ कौने र थाली कौने र स्थागी कसले नाल वेदपापो ॥१३९॥ सुवर्णको थाली लोहाको स्यागी यसोदाले नाल वेज्याइन ॥१४०॥ कौने र जल कौने र तेल कसले वालो नुहायो ॥१४१॥ गगको जल तिलको तेल यसोदाले वालो नुहाइन ॥१४२॥ उतल्ला घाटकी धुपल्ली दुरी सुनका बकसमा पानी भरायौ हो बाले चन्द्र नुहाऊ ॥१४३॥ नेहाई धुवाई वालै चन्द्र हुँ परवैहो देखौं तुमारो के शहै जोलेको रूप ॥१४४॥ केशहै जोलेको रूप हमारो के तिमी हेरौला देखौला भलो समुन्द्रै सिमाली जस्तो ॥१४५॥ नुहाई ० सिहै केरेको रूप ॥१४६॥ सिरहै केरेको रूप हमारो सिरहै केरेको रूप हमारो के तिमी वेलका हो दान जस्तो ॥१४७॥ नुहाँर्य ० लिलाटै केरेको रूप ॥१४८॥ लिलाटै केरेको रूप हमारो के तिमी हेरौला ० उदय चन्द्रमा जस्तो ॥१४९॥ नुहाई ० नेत्रहै जालेको रूप ॥१५०॥ नेत्रहै जालेको रूप हमारो के तिमी ० वाजका हो ओखा जस्तो ॥१५१॥ नुहाई ० कर्ण है जालेको रूप ॥१५२॥ कर्ण है जालेको रूप हमारो के तिमी हेरौला देखौला भलो नारायणका चन्द्र खोरी जस्तो ॥१५३॥ नेहाँई ० नासिकै जोलेको रूप नाशिकै जोलेको रूप हमारो के तिमि ० सुमेरु पर्वत जस्तो ॥१५५॥ नुहाई ० गाला है जोकेको रूप ॥१५६॥ गाला है जोलेको रूप हमारो ० दहीका होत्तर जस्तो ॥१५७॥ नुहाई ० ओस्टहै जोलेको रूप ॥१५८॥ ओस्टहै जोलेको रूप हमारो के तिमी ० पीपलका हो पात जस्तो ॥१५९॥ नुहाई ० दन्त है जलेको रूप ॥१६०॥ दन्तहै जोलेको रूप हमारो ० दारिमका हो विया जस्तो ॥१६१॥ नुहाइ ० जिन्हाहै केरे को रूप ॥१६२॥ जिबहाहै केरेको ० तारका हो पात जस्तो ॥१६३॥ नेहाइ ० चिउडी केरेको रूप ॥१६४॥ चिउडी केरेको रूप हमारो ० कठेउरी हो चाका जस्तो ॥१६५॥ नुहाइ ० घाटी है केरेको रूप ॥१६६॥ घाटि है केरेको रूप हमारो ० सरउका हो घाटी जस्तो ॥१६७॥ नुहाइ ० कुमहै जोलेको रूप ॥१६८॥ कुमहै जोलेको रूप हमारो ० खगीया हो मूर्रा जस्तो ॥१६९॥ नुहाइ ० अम्ली है जोलेको रूप ॥१७०॥ अम्दीहै जोलेको रूप हमारो नारायण

मुरली जस्तो ॥१७१॥ नुहाइ ० नारी है जोलेको रूप ॥१७२॥ नारी है जोलेका रूपहमारो ० देउहै नारी गाली जस्तो ॥१७३॥ नुहाइ ० पाखूरी जोलेको रूप ॥१७४॥ पाखुरी जोलेको रूपहमारो ० नारायण हो सुरो जस्तो ॥१७५॥ नुहाइ ० छाति है केरेको रूप ॥१७६॥ टछाति है केरेको रूपहमारो ० दाका हो फढी जस्तो ॥१७७॥ नुहाइ ० तनहै जोलेको रूप ॥१७८॥ तनहै जोलेको रूप हमारो ० नरीवलका हो दाना जस्तो ॥१७९॥ नुहाइ ० नाभी है केरेको रूप ॥१८०॥ नाभरी है केरेको रूपहमारो ० ममलका हो फूल जस्तो ॥१८१॥ नुहाइ कम्मर केरेको रूप ॥१८२॥ कम्मर केरेको रूप हमारो ० वारुलाका कम्मर जस्तो ॥१८३॥ नुहाइ ० जाहाहै जालेको रूप ॥१८४॥ जाहाहै जोलेको रूप हामरो ० नारायणले धरो फेरो जस्तो ॥१८५॥ नुहाइ ० तिघ्रिहै जालेको रूप ॥१८६॥ तिघ्रि है जोलेको रूप हमारो ० केराका हो थाम जस्तो ॥१८७ नुहाइ ० घुडादै जोलेको रूप ॥१८८॥ घुडाहै जोलेको रूप हमारो ० रथका हो पाग्रा जस्तो ॥१८९॥ नुहाइ ० पीडुली जोलेको रूप ॥१९०॥ पीडुली जोलेको रूप हमारो ० असली हो माछा जस्तो ॥१९१॥ नुहाइ ० गोलीगाठा जोलेको रूप ॥१९२॥ कूर्कुची जोलेको रूप हमारो ० हासका हो डिम्मा जस्तो ॥१९४॥ नुहाइ ० पैताली जोलेको रूप ॥१९५॥ पैतालि जोलेको रूप हमारो क्यातिमि हेरोला देखौला भलो कमलका हो पत्र जस्तो ॥१९६॥ नुहाइ धुहाई वालै चन्द्र पुर बैठो देखौ तमारो अम्ली है जोलेको रूप ॥१९७॥ अम्ली है जोलेको रूप हमारो ० नागको हो फणि जस्तो ॥१९८॥ नुहाइ ० नाग है जोलेको रूप ॥१९९॥ नाग है जोलेको रूप हमारो ० सुनको हो टिका जस्तो ॥२००॥ नाग है जोले रूपै देखि अम्ली जोले रूपदेखि पैताली जोले रूपै देखि कुर्कुची जोले रूपै देखि गोली जोले रूपै देखि उत्तरी भुमरी दास हो छम छम छम खैला त छेडु म फेरी वादुम्ला पाडा हो हो हो ॥२०१॥ पीडुली जोले रूपै देखि घुडी जोले देखि तिघ्री जोले रूपै देखि उत्तरी भुमरी दास हो हो ........ ० ॥२०२॥ नामी केरे रूपै देखि कम्मर केरे ० छाति केरे ० स्तनै जोले ० उत्तरी भुमरी दास हो ......... ॥२०३॥ अम्ली जोले रूपै देखी हत्केली जोले ० नारी जीले ० पाखुरी जोले ० कुमै जोले ० उत्तरी भुमरी दास हो ......... ॥२०४॥ घाटी केरे ० चिउडी केरे ० आस्डै जोले ० निहै केरे ० दन्तै जोले उत्तरी भुमरी ॥२०५॥ नासिकै जोले ० लिलाटै केरे ० सिरै केरे ० उत्तरी ०॥२०६॥ माडो नाच माठो नाच भिमशेन भाइहो धर्तिमा कम्पन लाग्यो हो ॥२०७॥ जमिन कम्प जमिन कम्प पृथ्वीमाता हो हामी खेल्छौ हस्तिको चाल हो ॥२०८॥ को देव गावैको देव जावै कोदेव राखनन मान हो ॥२०९॥ नहकुल गावै सहदेव वजावै भिमसेन राखनन मालन हो हो हो भिमशेन ॥२१०॥ सिरैर देखि नुहायौ वाल पैतालै पुग्यो हो

जल ॥२११॥ कोदेव आइ सेकी सयार गऱ्यो कशले दुध खुवायो ॥२१२॥ चन्द्रसूर्य आएर सेकिसयार गरे यसोधारले दुध खुवाई ॥२१४॥ छैटौको परिक्रम ब्राहमणले गरे भावी आई लेखी गयो ॥२१५॥ ब्राहमणलाई केलेख्यौ हे चित्र गुप्त कउन छोडी देउन बाटो् ॥२१६॥ ब्राहमणलाई लेख्यौ वेदपुराण कहिदेउ छोडीदिउ बाटो ॥२१७॥ क्षत्रियलाई केलेखिदियौ हे चित्र गुप्त कोउन कोडिदिउला बाटो ॥२१८॥ क्षेत्रियलाई लेखे मुख्य संग्राम कहिदिए छोडी देउ बाटो ॥२१९॥ वैश्यलाई के लेख्यौ हे चित्र गुप्त कउन छोडी दिएला बाटो ॥२२०॥ वैशेलाई केलेखेउ हे चित्र भावि कहन छोडी दिउला बाटो ॥२२१॥ वैशेलाई लेखे वन्ध बेपार कहिनु छोडीदेउन बाटो ॥२२२॥ शुद्रलाई केलेख्यौ हे चित्र भावि कहन छोडि दिउला बाटो ॥२२२॥ शुद्रलाई खेती किसान कहिउ छोडी देउन बाटो ॥२२३॥ नवौ दिन वितेर दशैतिर माहा कपड शुजानु गई ॥२२४॥ दशै दिन वितेर एघारै दिन माहा नाम कर्म गर्न आटे ताहाँ ॥२२५॥ तचुर्मुखि ब्रम्मगलाई निमन्त्रणा गरे ब्रम्हाजि आईपुगे ताँहा ॥२२६॥ पञ्चगव्य प्रसन ब्रहबाट भयो पशोदाले शिर चडाईन ॥२२७॥ शिन्चीन्ती गरेर भुरशि गरे हाले हो अष्ट दलका रेखि ॥२२८॥ श्रीखण्ड काठका शर्मदा थापे वैशान्द्र प्रजल्य भए ॥२२९॥ नुवारन कोसरजान रोहिणीले गरिन बालख जोगन ल्याए ॥२३०॥ नुवारान कोपरि कमा सबैर भयो नाम राख्न मात्रै रह्यो ॥२३१॥ सूनरसुन सहदेव ज्योतिष एकुहै विनति लेउन ॥२३२॥ जसोदाका बालनको नुवारान भयो नाउ जुराई देउन ॥२३३॥ दिन र हेरुई सुदिन हेरि जुरेनल बालैको नाम ॥२३४॥ मुठि भरि भोगा भोति लेउ ज्योतिष तिमी जुराई देउ बालैको नाम ॥२३५॥ कोरि र कोरि धुलौटो हेरौ जुरेल बालैको नाम ॥२३६॥ साना भरि मुगामोति लेउ ज्योतिष तिमी जुराई देग बालैको नाम ॥२३७॥ आकाश हेरौ पाताल हेऱ्यौ जुरेन वालैको नाम ॥२३८॥ पाथी भरि मुगाको मोति लेउ ज्योतिष तिमी जुराई देउ बालैको नाम ॥२३९॥ भारत पोस्तक सबै र हेरिउ जुरन बालैको नाम ॥२४०॥ डाला भरि मुगा मोति लेउ जो तिस तिमी जुराई देऊ बालैको नाम ॥२४१॥ कोरिर कोरि बेले पात्रो हेरौ श्रीकृष्ण नाम रखाउ ॥२४२॥ तेतिस कोटि देवताले आवति पाए वेध घुमि मगलु गाए ॥२४३॥ तिलक पाती सबैले लाए ब्राहमणले दक्षिणा पाए ॥२४४॥ नुवारानको परिक्रमा जमजशाङ्गै गरी ब्राह्मा गए ब्रक्ह्लोक ॥२४५॥ उठुर कण्ड मुडस दन्त बसे सरस्वतीमाता ॥२४६॥ जित्वै र वशिन शरसोति माता शुभहै वचन बोल ॥२४७॥ वचन बोल महतारी तिम्रा पाउमा हाम्रो माथ लाउँ ॥२४८॥ चिरन्जीवि भए पुत्र हहमरा शुकिर्नि चलाए तिमी ॥२४९॥ शुकिर्तिशुबुद्धी गणपति ब्रम्हा लम्बोदर बदरदाता ॥२५०॥ तमरा द्वारामा लेखन आयौ आज्ञादेउ धरतिमाता ॥२५१॥ अब गतिअगम

अपार पुखि अलेख ज्ञान विचार ॥२५२॥ सितल निर्मल चन्दन पुस्प चडाउ मनोबाल्छे सोफ पाउँ ॥२५३॥ आनुदिन बडोदिन शुदिन लाग्यो लाग्यो है माईको डोर ॥२५४॥ हेजिबारस मधू रश भाके धोहैकन्चन सारे ॥२५५॥ आईजो माई गृहमा बौठे बालक बैठे हो नाना ॥२५६॥ तमरा द्वारमा खेलन आयौ कोहिछौ जान अजान ॥२५७॥ कर जोरी बिन्ती गरौ सब पञ्च उच्चा हो मइलो बारे ॥२५८॥ तमरा दवारमा खेलन आयौ हामीछौ हो आज्ञाकारि ॥२५९॥ खेलको वचन पञ्चलाई दिन मनमा लिएछौ दाउ ॥२६०॥ भैयास बैमिलेख खेलन लाग्यौ धरतिमा लाई हाल्यौ पाऊ ॥२६१॥ तमरा द्वारामा खेलन लाग्यौ तिनै भुवनका दानि ॥२६३॥ हात पाउ मुखले समारी लेउ लेउ हो आफ्नो बोध ॥२६४॥ श्रीरधूनाथको कृतिमा आग्यो हे माइको डोर ॥२६५॥ धन्यजो माता धन्यजो पिता जन्म दियौ एकुबार ॥२६६॥ आदि नित्य नगरिमा लेल्यौ खेल्यौ है हरि जिका दवार ॥२६७॥ माईका गोदमा बालख खेले घट घट खेले प्रमुराम ॥२६८॥ सुरनरमणिजन ब्राहमण खेले बालख खेल हो नाना ॥२६९॥ आदौ वाणपति ब्राहमण खेले खेलेहो विष्णु महेश्वरे ॥२७०॥ गंगार खेले जमुना सहे गोपिनी संगजो विराजे श्रीकृष्ण खेले हो भाई ॥२७३॥ रेवतिरुक्मीणि रोहिणि खेले खेल हो मेनका चम ॥२७४॥ गृहे गृहेमा लक्ष्मी खेलिन सरस्वति खेलन हो राग ॥२७५॥ आदौ पुरिमा देउदेवता खेले सरस्वति खेलिन हो रामग ॥२७६॥ यहि पृथ्वीका कात साह तिमी श्रीस्वति महाराजा ॥२७७॥ पुर्वर जन्मको करम रेखा लेखि दियो हरि हर ॥२७८॥ घट घट ज्ञान कौन प्रभु दिए दिएहो जय जगन्नाथ ॥२७९॥ घट घट ज्ञान कौन प्रभु दिए दिएहो वैज नाथ ॥२८०॥ घट घट ज्ञान कौन प्रभु दिए दिएहो मछिन्द्रनाथ ॥२८१॥ घट घट ज्ञान कौन दिए दिएहो बद्रनाथ ॥२८२ घट घट ज्ञान कौन प्रभु दिए दिएहो केदारना ॥२८३॥ घट घट ज्ञान कौन प्रभु दिए दिएहो पशुपतिनाथ ॥२८४॥ घट घट ज्ञान कौन प्रभु दिए दिएहो गोरखानाथ ॥२८५॥ एहरिखेल सकियो भाइहो औरे भारत खेलौहो ॥२८६॥ इति बनाउनी बालुन समाप्त

## श्रीकृष्ण चरित्र बालुन प्रारम्भ

सुकीर्ति सुवुध्धवी गणपति ब्रहम्हा लम्बो दर बर दाता ॥१॥ लंकाको राजा रावण थियो रामको थियो अरि ॥२॥ लंकाका रावण मारी कंसासुर भयो मथुरामा गैगयो सरि ॥३॥ उग्रसेन राजाकी देवका चेली तिनी दुईको गर्न आटे बिहे ॥४॥ गोकुल नगरिकका वशुदेव राजा तन माग्न आए दिए ॥५॥ विवाहको सरजाम सबैर भयो मथुरामा वरियात ल्याए ॥६॥ वशुदेव र देवकिको विवाह हुदा बजेहो नौमति बाजा ॥७॥ उग्रसेन राजालाई बन्धनमा हाली कंसासूर

भैगो राजा ॥८॥ मुगार मोतिका गहना पैराए दिएहो रत्नका हार ॥९॥ चुरिर बाही सबैका थिए कुण्डल थिए सार ॥१०॥ मथुरा नगरिमा पुबै दिशा भ्याल ताहा लागी गए जुन ॥११॥ वशुदेव र देवकीला अन्माईर विदा ताँहा बसी लागे रुन ॥१२॥ आकाशबाट आकास बाँडी भयो आठौँ गर्घछ तेरो काला ॥१३॥ देवकाको आठौ गर्भ कसरले सुन्यो अघि गैसमायो बाँहा ॥१४॥ बाँहा मा समाति भ्याली पिटायो वशुदेवलाई पिञ्जरामा हाल्यो ॥१५॥ वशुदेवर देवकिलाई पिञ्जरामा हाली पञ्चलाई दियो विदा ॥१६॥ वडा वडा योदधापियादा राखी नित्य गर्न लाग्यो शिदा ॥१७॥ हात्तीर सिर चारै दिशा राख्यो ढोकामा राख्यो सर्प ॥१८॥ देवकि को आठौ गर्भ मारौला भनि मनमा चितायो पाप ॥१९॥ छबैर मास वर्शदिन पछि देवकालाई हो गर्भ रह्यो ॥२०॥ नौ मैना वितर दशै मैना लाग्यो देवकाको गर्भ प्रकट भयो ॥२१॥ पुत्र भयो भनेर खबर पायो पियादा कंस छेउ छायो ॥२२॥ हतियार बाछी निशाना ठोकेर कस आयो राता राती ॥२३॥ ढोका उघारी फेरी ताल्चा लायो कंस ताहा भित्र पस्यो ॥२४॥ खोई बैनि तिम्रो बालख हेरौ काखमा लिकन बस्यो ॥२५॥ उठि कंसासर बाहिर आयो पृथ्वीमा बालख घस्यो ॥२६॥ सातौर गर्भ तेसै गरी मारौ पापले पृथ्वीकामिन ॥२७॥ कामु धेनु रूप गरी बैकुण्ठ गईन ताहथिए कृष्ण राम ॥२८॥ ककमुधेनु रूप गरी केकाम आयौ केहुँदै समचार ल्यायौ ॥२९॥ कंसासुर दैतेले विध्वास गरो सरण जाउ हामी कहाँ ॥३०॥ रामनारायणले हुकुम दिए तेतिस कोटिदेव शबै आओ ॥३१॥ कंसापुर दैतेले विद्यम्सैगरी गोकुलमा जन्म लिन जाउँ ॥३२॥ तेतिसकोटि देवताले प्रार्थना गरे सबैले जोडेहो हात ॥३३॥ देवकीका गर्भमा हामिर जउला दिउलाहो तिमरो सार ॥३४॥ मनमा लक्ष्मण रोहिणिका गर्भबलराम हुन जाउँ ॥३५॥ मायाकि देवी सातै गर्भरोहिणि यशोदाका गर्भमा जाउँ ॥३६॥ पुर्बर जन्म किकेकमीमाता मथुरामा देवका भइृन ॥३७॥ देवकीको गर्भखोली सो छोरा फिजाउला तेसै दिन जन्म लिन जाउँ ॥३८॥ दाया हात संख बाया हात चक्र माथमा मुकुट होला ॥३९॥ भाद्रकृष्ण अष्टमी बुधहै रोहिणी नक्षत्र होला ॥४०॥ इन्द्रहै राजा इन्द्रशन बैठे कैलास बैठे हो भोला ॥४१॥ तेतिस कोटि देवतालाई गोकुल पठाए ठाकुर्जी बैकुण्ठ गए ॥४२॥ देवकिका गर्भमा प्रकत भए आठौ औतार महा ॥४३॥ चर्तुभाव नारायण प्रकट भए सबै परे मुर्छा ताहाँ ॥४४॥ हात्ती र सिह उदै मुख रहदैत्य रह्यो बिलखाई ॥४५॥ कसले लाएका बन्धन फुके सर्प रह्यो बिल खाई ॥४६॥ पिताबर बत्र ओडिनारयाण बशे वशुदेवले काखमा लिए ॥४७॥ योबाल तिम्रो यशोदालाई दिउला देवकीकलाई दिउला बोध ॥४८॥ शंश चक्र पद्ध काखमा राखी पृथ्वीको बाटो सोध ॥४९॥ चर्तुवाहु नारायण गोधमा लिए पुगेको यमुनाका छाल ॥५०॥ कंशको डर

मान्दैर थिए हालेहो यमुनामा झाल ॥५१॥ उठीको यमुना उठै र वहिन बुमीको यमुना रहिना ॥५२॥ पाउ पखालेर यमुनाले लिइन यमुना हो थाहा दिइन ॥५३॥ यामुना तरि परिबाट हेर्दा धेरै थियो निर जल ॥५४॥ नादरपुर पुगी गोकुलतिर हेरे पुगेहै यसोदाका घर ॥५५॥ मुगममोतिट सबैका थिए कसैका थिएनन ढोका ॥५६॥ यसोदामाईलाई निन्द्रा थिएन आफै उघ्र ढोका ॥५७॥ माइयसोदालाई निन्द्र बढाए वशुदेव हो भित्र पसे ॥५८॥ शंख चक्र गद्मा पद्ध काखमा राखी यसोदालाई जन्मिन माया ॥५९॥ बसुदेव उठेर माया समाए लिए हो यमुनाको राहा ॥६०॥ माया पाउमा यमुनाले धुइन यमुनाले हो थाहा दिइन ॥६१॥ यमुनो तारि पारी जो पुगे मथुरा पुरिमा पग्यो ॥६२॥ देवकीका काखमा मायालाई राखे हाले सुस्केरा हो थाके ॥६३॥ नुवाइधुवाई नाल विड्याइन मायाले गरिन हो च्यन ॥६४॥ पुत्र भयो भनेर खबर पाए पालेहरू सबै हो ॥६५॥ हात्ती सिंह उर्दै मुख रच्यो दैत्य रयो मुख भरी ॥६६॥ कंशले लाएका बन्धन थिए बन्धन फेरी सबै लोग ॥६७॥ पुत्र भयो भनेर खबरी अयो कंश राति राति  आयो ॥६८॥ ढोका उधारी फेरी ताल्चा लायो कंश ताहा भित्र पस्यो ॥६९॥ कर जोरी विन्ती गर्छु मेरा दार्जे एक है विनति लेउन ॥७०॥ सातै भाई छोरा सब्र मारी दियौ एउटी छोरी नमारी देउन ॥७१॥ नारीका जातले के विन्ती गर्लि एउटी छोरिन मारी दृउन ॥७२॥ देवकीको वचन कसले सुन्यो एक घडिरयो ताहाँ ॥७३॥ देवकिको रूप गरि छलि मार्ला भनि काख देखि खोशि बाहिर ल्यायो ॥७४॥ भितरदेखि बाहिर ल्याउँदा कसका हातमा परिन ॥७५॥ पाउमा समाति पछारे भन्दा हातदेखि खुस्केर गईन ॥७६॥ आदेखि खुस्केर आकाशतिर गइन मायाकि विजुली भईन ॥७७॥ आकाशबाट आवास बाडी भयो कस त्यही बसि सुन्यो ॥७८॥ तपाजि राक्ससले के गर्न सक्लाश तलाई मार्ने गोकुल माहिझै पुग्यो ॥७९॥ आर्च्य वचन मायाको शुनि कस रह्यो निल खोई ॥८०॥ वशुदेव देवकि बन्धमा थिए चारैदिशा चौकि बसायो ॥८१॥ कसका पुत गोकुलमा पठायो यमुनाका महला तार ॥८२॥ तिन वर्ष देखि उधोका बालख गोकुलमा हो बसै मार ॥८३॥ भानर कृणि प्रकट भए जागो भो जसोदालाई ॥८४॥ यसोदा उठि विध्याउनामा हेरिन नारायणलाई लाग्यो बाहाँ ॥८५॥ नुहाई न धुवाई नाल बेडाई नारायणले गरे हो त्यहाँ ॥८६॥ संखचक्र गर्दा पद्य काखमा राखे दुध लाइन मुखमा ॥८७॥ पुत्र भयो भनेर अतिखुशी भईन चुम्वन गरिन मुख माहा ॥८८॥ तृतिय तिथिमा नुहारन हुन्छ ब्राहमणलाई बोलार्य देउ यहाँ ॥८९॥ यसोदाका पुत्रको नुहारन हुन्छ लोक पाँच सबै आउ ॥९०॥ भगेको सरजाम रोहिणिले गरिन बालक यज्ञमा ल्याउ ॥९१॥ चतुर मुखी ब्राह्मणले चै वेद पढे ब्राह्मणले हो स्तुती गरे ॥९२॥ नौमति वाजा लागे श्रीकृष्ण

नाम रखाए ॥९३॥ यज्ञ साङ्गे गरी अविषेक गरे तीलकपाती सबैले लाए ॥९४॥ गोकुल नगरीकी यसोदा माइ धन्य हो है सतम्रो दया ॥९५॥ चर्तुवाहु नारायण प्रकट भए सबैले दर्शन पाए ॥९६॥ कंशकी दुतिनी पुतना पठायो आइ पुगी यसोदाका घर ॥९७॥ पानीको निहँ गरी पाँछीमा बसी कृष्ण थिइ ढोकामहा ॥९८॥ कृष्ण भगवानलाई काखमा राखी विषधारी दुध माहा ॥९९॥ एक दुध खाई दोस्रो दुध लगाउदा कोप भयो मनमहा ॥१००॥ दोधका रासौ प्रणनिकाले ढुङपारे आगनमाहा ॥१०१॥ कंशलको दुत गोकुलमा गोर शब्दपुग्यो कंशकहा ॥१०२॥ जाउरे भाइ त्रीणवर्त विर कृष्ममार्न गोकुलहोमा ॥१०३॥ वायुको रूपगरी त्रिणपर्त आयो कृष्णाथे एहोकमाहा ॥१०४॥ भुमरीको रूप गरी कोको उडायौ मण्डलमोर आकाशमहा ॥१०५॥ चौधै र भुवनको स्वरूप देख्यो थिचि मारे आगनमहा ॥१०६॥ यसोदालाई भित्रने थिइन शब्द पुग्यो मान महा ॥१०७॥ कोलाह कोलाह भन्दै बाहिर आइन कृष्ण थिए काह्लैमहा ॥१०८॥ सुनन सुन चर्तुमुखे ब्रहान एक है विनति लेउन ॥१०९॥ कृष्ण नारायणको सातो हरायो सातो पो वोलाई देउन ॥११०॥ अस्टाङ्ग मन्त्रले सातो बोलाए ब्राहागए ब्रहमा लोक ॥१११॥ शंखचक्र गद्या पद्ध काखमा राखी नारायणलाई लाग्यो भोक ॥११२॥ कंशका दुत देखि आतियिन भनि नारायणले दुध खाई दिए ॥११३॥ घरका रथमा झ्लेलुङ्गो लाइन कृष्णलाई झोलुङ्गमा लाइन ॥११४॥ शिरर पाउ पाङ्गो अड्याएर कृष्णले रथ ढालि दिए ॥११५॥ वोस सर्दै सर्दै भित्र बाहिर गर्थे नारायणले पाउ सार्न थाले ॥११६॥ माइ यसोदा पधेरा गइन भित्र हाण्ड डुस्ड गर्न थाले ॥११७॥ यसोदालाई पानीबाट आउँदा देखिनदै घरको माम्लो ॥११८॥ माइका मनमा संकोश भयो फुकाइन गोठको दाम्लो ॥११९॥ छातिमा दाम्लोलाई ओखलिमा वाधिन नारायणले माने दुख ॥१२०॥ यसोदा फेरी पधेरा गइन ढालि दिए खरिका रुप ॥१२१॥ यसोदा माई पानीबाट आउँदा नारायणलाई बाटामा भेनि ॥१२२॥ रुखका जरामा कृष्णजी खेल्थे चुम्वन लिदै घर आइन ॥१२३॥ कृष्णका लिला देखाउन लागे नारायणले माटो खाए ॥१२४॥ माई यसोदालाई विस्वरूप देखाए नारायणले मुखालाई दिए ॥१२५॥ स्वगमर्त्य पाताल तिनै भुवन देखिन भाइलाई लाग्यो डर ॥१२६॥ आफुलाई पनि पेटैभित्र देखिन मुन्छो झर्काई हेरिन पर ॥१२७॥ वरपर देखि कसैलाई देखिनन फेरि हेरिन आर्को चोट ॥१२८॥ भाइको अन्त्य कति लिनु भनि जोडिदिए दुवै ओठ ॥१२९॥ गोकुल नगरीका वासुर्दे राजा धन्य हो तमरो दया ॥१३०॥ कंशको डर मान्दैर थिए कृष्ण हिड्न् डुल्ने भए ॥१३१॥ चोर्नाको मन कृष्णलाई भयो गएर्दै गोलिनीका घर ॥१३२॥ झरिको आधार गोठभित्र पसे दहि दुध खाइरहे ॥१३३॥ दहिको चोरी कूले गरयो भनि गोपिन चियो गर्न लागे ॥१३४॥ दोस्रोदिन कृष्ण यसैघर गएगए भित्रनै

पसे ॥१३५॥ डवका समित ठेकी ढल्काए दहि दुध खाइदिए ॥१३६॥ दैलामा लुकेकी ग्वालिनी थियीन कृष्णलाई फेरा पारिन ॥१३७॥ पाखुरामा समाति बाहिर ल्याइन कृष्ण यसोदाका जोरीन ॥१३८॥ हलारकुलका ज्ञानी पुन तिमी किन गर्छौ अर्काको चारी ॥१३९॥ दादेको चारी कृष्णलाई लाग्यो सूताृ उथिन यसोदाभाई ॥१४०॥ यसोदालाई सूर्ताएको देखि कृष्ण जिउ बाृल्न लागे ॥१४१॥ बरका रुखमुनी हामी खेल्दै थियो पाखुरामा समाति ल्याए ॥१४२॥ गोकुलका गोपीनी सबै यही थिए चोरिलाउदा सर्म भयो ॥१४३॥ यतिसाना बालकले कोचोर्ला भनि गापीनीलाजमार्दै गए ॥१४४॥ मुरलि बजाई कृष्णजि खेल्थे गोपीनी सबैलाई देख ॥१४५॥ मधुरामा गोपीनी दहि बेच्न जान्थे जगात लाग्छ भनि छेके ॥१४६॥ केष्णको कुरा गोपीनीले गेर थोरै खाए धेरै पोखे ॥१४७॥ अजिगम गोपीनी यसोदाका गए कृष्णको उपद्रो ठहेएकर वैरी कंश गिरा थियो क्षठ वोह्रो माया वैनि भइन ॥१४९॥ यसोदाकी वचन कृष्णले सुने माताका समाए पाऊ ॥१५०॥ सबैका घरमा नारायण खेल्थे लाजमान्दै ग्वालिनी गए ॥१५१॥ बलभद्र श्रीकृष्ण गोकुमा थिए शुखचन्द्र दैत्य आयो ॥१५२॥ बलभद्रश्रीकृष्ण दुवै भाइदेख्यो बोकनाको पाला लगायो ॥१५३॥ दैत्यको ढुङ्गो घरतिर राख्यो कृष्णज्यूको ढुङ्गोघर कृष्णलाई वोकि देत्यले लग्यो ढुङ्गो नघाइ लग्यो पर ॥१५५॥ वोक्ता र वोक्तै झनगरु भयो दैत्यले आफ्न आट्यो ॥१५६॥ कंशको हुन् भनि कृष्णले जाने ब्रह्माण्डमा मुडकिले हाने ॥१५७॥ कंशको दुतफेरी भस्मासुर आयो चारैदिशा आगो लगायो ॥१५८॥ अगिन्को ताप सबैर भयो गोठाला कृष्णतिर फर्के ॥१५९॥ कसोगरौ भन्दा आख चिम्ल भने अग्नि सबै गरि दिए ॥१६०॥ कंशको दुत अर्को बक्कासुर थियो फेरि अयो वडोविर ॥१६१॥ घटिमा समाति पछारी मारे पुऱ्याए मथुरापुर कंशको दुत वृपशुर आयो कृष्ण थिए वनमहा ॥१६२॥ सिगमास समाति पछारी मारे घलिदिए यमुनामहा वलभद्र श्रीकृढण गोकुलमा थिए अकाशुर दैत्य आयो ॥१६५॥ कृष्ण गोकुल निलन भनि मुखवाइ आयो नारायणले दिए हो वाहा ॥१६६॥ चौथेम वनको पाखुरो दिए कोखोफुटि भन्यो तहा ॥१६७॥ वृन्दावानबाट मालिनी आरन फूल टिपिन गोकुलमाहा ॥१६८॥ फल खोसी कृष्णले माथमा ल्याए मालिनी इन्द्रोशन धाइन ॥१६९॥ इन्द्रशनपुगी गुहार मागिन इन्द्रले हाने मुसल धरे पानी बर्साए ॥१७१॥ इन्द्रको मन कृष्णले जाने गोवर्धन पर्वतले छाए ॥१७२॥ गोरवधन पर्वतको छाहारी गरे गोकुलवासी सबै छाए गोकुल नगरिका पशुप्राणी जोन्छन् कृष्णका सरणमा आए ॥१७४॥ इन्द्र शनबाट इन्द्रले हेरे इन्द्राजि लाजमनिरहे ॥१७५॥ रोहिणीका बालख बलभद्र थिए श्रीकृष्ण थिए हो भाइ ॥१७६॥ गोकुलका गोठाला सबै जनमिली मधुवन लगेगाई ॥१७७॥ चुरीवाँही सबैका थिए कसैका थिएन लाहा ॥१७८॥

ब्रहमालोकबाट ब्रहानि आए चारीलागे गाइका बाछा ॥१७९॥ ब्रह्मले कमाहा कराउथे वाछा मधुवन कराउथे गाई बलभद्र श्रीकृष्ण गोठालो थिए अवहामी कसो गरौ भाई ॥१८१॥ अन्वर ध्यानगरी कृष्णले हेरे देखे ब्रह्मजीको ख्याल ॥१८२॥ जीता जस्ता वाछा अघिका थिए अस्तै वाछा रचे ताहा ॥१८३॥ ब्रह्मलोकबाट ब्रह्मले हेरे कृष्णको चरित्र देखे ॥१८४॥ गौदत्थ लाग्यो भनि ब्रह्ममा कराए गाइका वाछा गोकुलल्याए ॥१८५॥ कृष्णको स्तुति कृष्णले सने एर्क गाइलाई दुई वटा लाए ॥१८७॥ एकै गाइलार्य दु-दुई वाछा कृष्णले ल्याए गाइले पाएनन चाल ॥१८८॥ बलभद्र श्रीकृष्ण गोठाला थिए कालि थियो यमुना माहा ॥१८९॥ गोकुलका गोठाला पानी खान आउादा विष छाडि दियो ॥१९०॥ विषको पानी सबैले खाए मुर्छा परे वगरमाहा ॥१९१॥ आचार्य मानी बलभद्र रहे कृष्ण चढे रूपमाला ॥१९२॥ रूपबाट हेर्दा नागलाई देखे फालहाले यमुनामाहा ॥१९३॥ कृष्णले नागको मथन गरे नागीनीले स्तुति गरिन ॥१९४॥ विष छोडी माने त पानी कोहोस् जानादिवै आफ्ना घर ॥१९५॥ नदीबाट कृष्णले नानलाई देखे नागेहरू सबै भागे ॥१९६॥ बलभद्र श्रीकृष्णको मरेरै भयो गोठाला जगाए ॥१९७॥ गोकुलनगारीमा धेरै उल्का भयो यज्ञगर्न लागे तहा ॥१९८॥ चारै खेद ब्राह्मणले पढे ब्राह्मणले आउती दिए ॥१९९॥ हातमा पानी लिई संकल्प गरे पुरोहितले दक्षिण पाए ॥२००॥ यज्ञ सांगे गरी चतुर्थी गरे तिलक पाती सेलाउन गए ॥२०१॥ गोठालाको रूप गरी छल्नभनी आए एक भागमागी खाए ॥२०२॥ भार उठाई कृष्णज्यूले लगे भर्तेनी पछिपछि लागे ॥२०३॥ कृष्णको स्तती सबैले गरे भर्तेनी भतेरमा रहे ॥२०४॥ साह्र सयोगोपीनी गोकुलमा थिए यमुनामा नुहाउन गए ॥२०५॥ सारी र गहना पाखामा राखी यमुनामा डुबी नुहाए ॥२०६॥ सारी र गहना कृष्णले चोरी कमलका गाछी चढाए ॥२०७॥ कदमका रुखचढी रमिता हेर्दे गोपीनी सबै नाङ्गा थिए ॥२०८॥ नुहाई सकी पाखाका आउदा थिएन गहना साडी ॥२०९॥ करजोली विन्ती ग्वालीनी नगरे फिराई दिए गहना साडी ॥२१०॥ साडी र गहना लगाइका गोपीनी गोकुलमा गए ॥२११॥ कसासुर दैत्यले यज्ञ गर्न आटो पाको मानेर डर ॥२१२॥ बलभद्र श्रीकृष्णका मारौला भनी मत्तो गर्‍यो हो वरपर ॥२१३॥ हासीमुख कसले अक्रुर बोलायो राजाको अरानु गर ॥२१४॥ बलभद्र श्रीकृष्ण दुवै भाईलाई बोलाई ल्याउ हाम्रा घर ॥२१५॥ अक्रासुरका महमाहा शंरा है भयो कसले मार्ला भन्ने डर ॥२१६॥ बलभद्र श्रीकृष्ण यमुनामा खेल्थे अक्रुरलाई देखेपर ॥२१७॥ श्रीकृष्ण र अक्रुर भेटै र भयो अंकमाला गरे हो ताहा ॥२१८॥ हस्तार्ध पादार्ध कृष्णले गरे अक्रुरलाई लगे आफ्ना घर ॥२१९॥ कृष्ण र अक्रासुरका धेरै तातो भए भाईले खाईन कुरा ॥२२०॥ अक्रासुर वक्रासुर सखसुर मारे

कृष्णछन सबैथोकका सुरा ॥२२१॥ बलभद्र श्रीकृष्ण दुवै जान आँटे माइले समातिन जामा ॥२२२॥ गोकुलका गोपिनी झुराउनै लागे अब हाम्रो असमा काहा ॥२२३॥ बलभद्र श्रीकृष्ण रथमा चढे अक्रसुरले लिएहो झारी ॥२२४॥ यसोदा माइलाई विस्वरूप देखाए तेरेहो यमुना पारी ॥२२५॥ कंशहै  राजाको धोविघाट लुट्रे राम्रा राम्रा कपडा लाए ॥२२६॥ आ-आफ्ना चलन सबैले छोडे कृष्ण औतार हेर्न आए ॥२२७॥ बलभद्र श्रीकृष्ण रथमा थिए अक्रासु थिए हो साथी ॥२२८॥ बलभद्र श्रीकृष्णलाई मारौला भनि मतायो कुवलय हात्ती ॥२२९॥ कुवलया हात्ती यसोदाहा थियो समाते हो सुडमहा ॥२३०॥ सुडमा समाति अकाश घुमाए पुऱ्याए मथुरापुर ॥२३१॥ यहाँको कार्य पुगैदै भनि भाञ्जालाई फिराउन गयो ॥२३२॥ मामाको दर्शन नगरिकन फिर्दिन म गोकुल तिर ॥२३३॥ ढोकामा राखेको चन्द्रमुहरी दैत्य ताहा थियो वडो विर ॥२३४॥ चन्द्र मुस्टि दैत्यलाई मुडकिले मारे पुऱ्याए मथुरा पुर ॥२३५॥ कंशकी मालिनीले फूल टीपी ल्याए ढुकाई कंशका घर ॥२३६॥ कस्लाई फूल ल्याइस पनि कृष्णले सोधे गालामा लवटाने पाइ ॥२३७॥ कंशकी चन्दन घोट्ने कुविज थिइ कुविजाले चन्द्रन ल्याई ॥२३८॥ बलभद्र श्रीकृष्ण दुवैभाई थिए बुविजाले दर्शृन पाई ॥२३९॥ कस्लाई चन्दन ल्याइस पनि कृष्णले सोधे कुविजाले चन्दन भढाई ॥२४०॥ कुविजाको गोडामा पाउले टेके चिउडी उठाई दिए ॥२४१॥ सोडस वर्षाकी संयुक्त भई अम्वराहो पदपाई ॥२४२॥ बलभद्र श्रीकृष्ण दुवैभाइलाई देखे कंशमालिन भयो ॥२४३॥ सूवर्णको भारि हातमा लियो मुडुलो भैकन रह्यो ॥२४४॥ आठभाई ब्राह्मण अघिपछिलाई कृष्णका पाउ धुन आयो रर ॥२४५॥ जगटमा समातिपछि मारे कंशले हो चोट पाए ॥२४६॥ हात र हतियार लोहाका थियो सूवर्णका थिए हो वाँही ॥२४७॥ भाञ्जाका हातमा मरनु भयो अब हाम्रो जन्म नाही ॥२४८॥ नौमति वाजा बजाउन लागे काटेहै कंशको सिर ॥२४९॥ वशुदेव र देवकिका बन्धन फुकाए उग्रशेनलार्य थिए हो टिका ॥२५०॥ वासुदेव र देवकीलाई घरमा ल्याए बजाए दाहिनु शंख ॥२५१॥ तालमृदङ्गमेरीन फेरीडो लाए मयुर पखा ॥२५२॥ साधु र शन्तको भेटैर भयो ताहोला वडो प्रिति ॥२५३॥ साघुर शनाको भेटैर भयो ताहा होला वडो प्रति कंशमरि भनि अति खुसशभए चारै दिशा चलाए किर्ति ॥२५४॥ राम अवतारमा रावण मारे कृष्ण अवतारमा कंश ॥२५५॥ कंशका रानी विधवा भए गए हो वाउका घर ॥२५६॥ कृष्ण दुवाई ववा विधवा भयो खौसौहो गुहार हाम्रो ॥२५७॥ कृष्णलाई नमारी पिर्दिन भनि घर भन्दै जरासन्ध तहा आयो ॥२५८॥ तेइस ढल छानी सत्र वेर ल्यायो है त्योको पुगेन वाला ॥२५९॥ वाणले वाणको छेदन गरेको सबै दैत्यको वान ॥२६०॥ बलभद्र जरासन्ध लड्न लागे कृष्णले रमिता हेरे ॥२६१॥ मग

पमसलाई बाधी लोहाए खङ्गली तयार भए ॥२६२॥ पखपख दाज्यू तिमीऐले छैन वेला वन्धन फुकाई देऊ ॥२६३॥ मान्को इच्छा भए फेरि युद्ध गर्ला हासी मुख विदा देउ ॥२६४॥ कंश मर्‍यो भनि कालीले सुन्यो कंशका गुहार आयो ॥२६५॥ वलभद्र श्रीकृष्ण एक मतो गरे गए हो समुद्रकातिर ॥२६६॥ मध्य वार कोस समुन्द्र छेउ पुगे वरपर वड्यो है जल ॥२६७॥ कृष्ण नारायणलाई केश कस्लाग्यो हजार घटि दिए तल ॥२६८॥ पाँचसचय घोड वरुण दिए कृष्णले मान उठाए ॥२६९॥ कैलासमा गएर विस्वकर्म ल्याए द्वारिका पुरी गडाए ॥२७०॥ रात्री विहमै द्वारिकापुरी गडाए तहा हो कोपल सारे ॥२७१॥ बलभद्र श्रीकृष्ण मथुरामा फिरे मथुरामा सुति रदेथे ॥२७२॥ असङ्ख्य कोटिदल कालीका थिए त्यहि थियो वडो विर ॥२७३॥ पिताम्वर ओदि पूर्वोदिशा लागे कालीलाई हो सुन दिए ॥२७४॥ कृष्ण र कालिको महा युद्ध भयो सात दिन सात रात लाग्यो ॥२७५॥ युद्धमा काली मरेन भनि कृष्णज्यू वनतिर भागे ॥२७६॥ कृष्णा पछिपछि कालिने छायो बाटामा मुचुकुन्द थिए ॥२७७॥ बाटमा मुचुकुन्द सुरिथे पिम्वर वस्र ओढाई दिए ॥२७८॥ पिताम्वर बस्र मुचुकुन्दलाई थिए कृष्ण गए गुफा पस्त ॥२७९॥ कृष्ण हुन भनि कालिने ठान्यो मुचुकुन्दलाई लातले दियो ॥२८०॥ काली र मुचुकुन्दको नयन जुहो कालिको भस्म भयो तहा ॥२८१॥ हाम्रो नयन देख्दा डकेको कोहो कहुन हामीलाई नाउँ ॥२८२॥ तिमीलाई देख्दा दमहुनलाग्यो गुफापसि जनिरहु ॥२८३॥ ब्रम्हा र विष्णु सदाशीव तिमी के होला हजुरको नाम ॥२८४॥ सबैनाउ हाम्रो ब्रम्हजान्दैन केजानौला तिमी हाम्रो नाउ ॥२८५॥ वशुदेवका पुत्र श्रीकृष्ण कहाए गोकुलहो हाम्रो गाउँ ॥२८६॥ राजा परिक्षतिले शुकदेवसँग सोधे केकाम सुतेका थियौ ॥२८९॥ कुन कुन बेम्सी कसका चेला कसले बर्दान दियो ॥२८८॥ रघुकुल बम्सी मानधाता राजा मुचुकुन्द तै वडाविर ॥२८९॥ एहिर कयाहा शुकदेव मुनिले व्याख्या गरिगरि कहे ॥२९०॥ चन्द्रमा गएर ताराहरि ल्याए वृहस्पति दैत्यदेउ धाए ॥२९१॥ दैत्येछेउ धाईगुहार लाए असुर तयार भए ॥२९२॥ इन्द्रासनमाहा इन्द्रडराए इन्द्र फेरि ताहा आए ॥२९३॥ इन्द्रसन छोडी इन्द्र किन आयौ कसले केकुरा आयौ ॥२९४॥ कुमहात गरी मान्धारताले बोले कस्को कान्छौ तिमीडर ॥२९५॥ देवताकोजित मुचुकुन्दले गरे इन्द्रसनको रजाईगर ॥२९६॥ इन्द्रकासाथ मुचुकुन्दलाई पठाए खुसी भैइन्द्रजि गए ॥२९७॥ देवकीको गुहार मान्धाताले गरे आफ्ना पुत्र पठाए ॥२९८॥ देवसुरको युद्धमा वडोयुग लाग्यो माहा यद्ध भयो ताहाँ ॥२९९॥ वडा विर मुचुकुन्दको मारे देत्यको दल पठाए ॥३००॥ देवकृपा हुन कृष्ण छेउ गए देवराज भयो ताहा ॥३०१॥ मातापिता पुत्र कोहि छैनन तिम्रा आज जान्छौ तिमी कहाँ ॥३०२॥ राजा दरवारमा स्त्री छैनन तिम्रा तिमी जान्छौ अब कस्का घर ॥३०३॥

जेतिम्रो इच्छात शोहा मिदिउला केको माग्छौ तिमीबर ॥३०४॥ शोबथकाईले बहुत निन्द्रा लाग्यो सुत्नाको मन्सु पगर ॥३०५॥ खडिया विछयाउना कृष्ण लहरै गोर्बधनपर्वतिर गए ॥३०६॥ गोवर्धन पर्वतमा सुति रहथे भस्मको पाए वा ॥३०७॥ निद्रा नपुगि चलाउने कोहो अंगमा अग्नी उठि मर ॥३०८॥ भस्मको बड्मुचुकन्दले पाए गोबर्धन पर्वतमा हुते ॥३०९॥ गोपाडीनीलाई उपदेश दिए ठाकुर जि छाडिकामा गए ॥३१०॥ रुक्मीणि कालिन्द्री आदि भात्रि सत्य मााामा भोत्य मोति लक्षी आठै रानी कृष्ण ज्यूक भए ॥३११॥ १६ हजार कन्य नर्काशुको थिए नर्कासुरलाई मर्न गए ॥३१२॥ सुदरमन चर्कले नकासुरलाई मारे वाणसुरको भरिहात ॥३१३॥ हजार हात काटी दुईहात राखे हज्जार कन्या साथमा लिए ॥३१४॥ १६ हजार कन्या द्वारिकामा लिए एकै रात गरेको विहे ॥३१५॥ हस्तीना पुरमा ५ पाण्डव थिए अस्वमेघ यक्ष सुरु गे ॥३१६॥ बलभद्र श्रीकृष्णसँग द्वारिकामा थिए पाण्डवले निमन्त्रण पठाए ॥३१७॥ १६ सहे आठ रानी साथमिली पाण्डवको निम्तो मान्न गए ॥३१८॥ जरासन्ध राजाका बन्धनमहा दश हजार राजा युना थिए ॥३१९॥ श्रीतो ल्याओ भनि जरा सन्ध भन्छ कृष्णको राखेर आस ॥३२०॥ पाण्डवका चारपाई चारै दिशा राखे भीसमेनलाई साथमालिए ॥३२१॥ जरासन्धा राजा महा योद्ध थियो भिमसनेले च्याति दिए वाहाँ ॥३२२॥ दश हजार राजका बन्धन फुकाए लिई आए आफ्नासाथ ॥३२३॥ पाण्डवका चारै भाईले चारैदिशा जिते आफ्नायज्ञमा आए ॥३२४॥ पञ्चका पाउधुने कृष्णज्यू भए दुर्योधनलार्य भण्डारे पारे ॥३२५॥ कृष्णको उत्तार्नि शीशुपाल गर्थ्यो काटि उडाई दिए सीर ॥३२६॥ यज्ञसाङ्गे चरी चतुर्थी गरे तिलकपाती सेलाउन गए ॥३२७॥ पाण्डवका पाँच भाई सँग विदा कृपागरी ठाकुर्जिदा रीकामा गए ॥३२८॥ पाण्डवका यज्ञमा पदेली लाए हातिकासुड जत्रो धारो ॥३२९॥ घिउर चरुले उपच भयो अगिलाईए भयो गारो ॥३३०॥ औषधि माग्न कृष्ण छेऊ गए अर्सनसँग जाउ भनी कहे ॥३३१॥ खाण्डत्रकवजमा अर्जुनजि गए तहा अग्नि प्रज्वल भए ॥३३२॥ खाण्डवकानमा प्रज्वले भए खाण्डका भुकाइरहे ॥३३३॥ इन्द्रासनबाट इन्द्रले हेरे देखि इन्द्र रिसारेताहा ॥३३४॥ चारैमा मेघ इन्द्र छोडे मुसल्धारे पानी बर्साए ॥३३५॥ इन्द्रको मन अर्जुनले पाए आसतिर छोडिदिएवाज ॥३३६॥ अर्जुनले वाण आकासतिर छोडे खाण्डवको वन सबै छाए ॥३३७॥ दैत्यको माया विश्वकर्म थियो । अर्जुनका हो पिछा गर्‍यो ॥३३८॥ मायार दैत्यले पराक्रम गर्‍यो युधिस्टीरलेसभा बनाए ॥३३९॥ राजा युघिस्टीरको सभामा हेरन भनि राजा दुर्योधन आए ॥३४०॥ रमजा दुर्योधन भितर पसे पुर्पुरामा ठोकियो थाम ॥३४१॥ जलजस्तो जल जल जस्तो थल माया दैत्यले बनायो ॥३४२॥ थमा कपदू उभोतिर सरि जमा कपदू भिजाए ॥३४३॥ राजा दूर्योधन बुडोकोदेखि थपडि

मारेर हासे ॥३४४॥ नहास भनेर युधिस्टीरले भने अध्यारो मुख लगाए ॥३४५॥ झोर्कामा बसिदौपदि हासिन दूर्योधनले औठो देख ॥३४६॥ दूर्योधनको औठो भिमसेनले देख भिमसेन गर्दा उठाए ॥३४७॥ कलको बिज ख्यालहो भनि कृष्ण मन रमाई बहे ॥३४८॥ मनजिति दाउ सकुनिको थियो भिमसनेको थियो हाँक ॥३४९॥ हार्नुर जित्नु कसैको थिएन दूर्योधनको परेक ताक ॥३५०॥ दुस्ट वचन गरी दूर्योधनले बोले भिमसेनको हुयाए हाक ॥३५१॥ मनचिताई दाउ शकुनीको थियो पाण्डवलाई बाजी लगाउ ॥३५२॥ दौपदिको चिरहरण दुशासनले गरो कृष्णको राखेर आश ॥३५३॥ बार वर्ष हरि गुप्तवास गए गएहो बैशटका देश ॥३५४॥ शबारिको काम भिमसेनले लिए अर्जुनजि थनउरे भए ॥३५५॥ शैलन्द्री तुर्ल्या दौपदीलाई राखे नकुल गोठाला भए ॥३५६॥ आ-आफ्नो चलन सबैले छाडे भेस फेरि रहे ताहाँ ॥३५७॥ विराटका गाई लुटन दुशासन आयो शैलेन सबै गोठ घेरो ॥३५८॥ १२ वर्ष विति १३ वर्ष लाग्यो सहदेवले हो पात्रो हेरे ॥३५९॥ विराटका सिहासनमा सूदिन लाग्यो हस्तीनापुरमा रहे ॥३६०॥ उत्तरकुमारी विराटकी चेली अर्जुनका चेलालाई दिए ॥३६१॥ उत्तर कुमारी विराटकी चेली अर्जुनका चेलालार्य ॥३६२॥ हामीलाई रोच्छेउकी सैनेलाई रोच्छेउ भनेर कृष्णले सोधे ॥३६३॥ कौरवका सेनारित बलभद्ररहे कृष्ण पाण्डवतिर रहे ॥३६४॥ कुरुक क्षेत्रमा भारत गर्न लागे दलमुक्ति बलभद्र रहे ॥३६५॥ धनुकी वाणकी वैशकि पुत्र कृष्णज्यू छल गर्न लागे ॥३६६॥ सबैसेनेलाई आशिर्वाद दिई बलभदै भए ठाउँ गए ॥३६७॥ पुडोसरी विद्र जनिहेला गर विद्रले होमुर्छा खाए ॥३६८॥ बलभद्रलाई ब्रम्ह हत्या लाग्यो गएहो कृष्ण ज्यूका भर ॥३६९॥ यो ब्रम्ह हत्या छुट्याउनलाई दाजुले् पञ्चतिर्थ गर ॥३७०॥ पञ्चतिर्थ गर्न बलभद्र गए पाण्डवले भारत उठाए ॥३७१॥ अग्नी वाण बज्रवाण शक्तिवाण छाडे काटेको हो दुर्योधनको दल ॥३७२॥ सातदिनमा भारत गरिसकि बलराम फर्किताहाँ आए ॥३७३॥ मर्दको जाछमाच्ने लोदाहाकोहो पृर्थिविमा हलो अड्याउ ॥३७४॥ बलभद्रलाई माहाकोप भयो गिताको अर्थलगाउ ॥३७५॥ हस्तीनापुरमा परि क्षीतलाई राखे पाँच पाण्डव सोगारोहण भए ॥३७६॥ कुरुक्षेत्रमा यडबाम्सी रहे देवता मात्रे रहेताहाँ ॥३७७॥ ५६ कोटी यदुबम्सी मिली श्रीगरिशि छेउ गए ॥३७८॥ नारीका कपडू परार्यकन केपाउली भनेर सोधे ॥३७९॥ अन्तरध्यान गरी रिशि लेछेरेदेखेहो छलको ख्याल ॥३८०॥ तिनै श्रगरिषी लेशराप गरे ५६ कोटीको काल ॥३८१॥ साम्बका जिउकोकपडा खोलेर छेदा निस्कोयो लोहाको मुसल ॥३८२॥ घोटी बगाउ भनि एक मतोगरि गएहो समुन्द्रमाछा ॥३८३॥ फलामको मुसल घोटीबगाए समुन्द्रमाछा लिए शेष ॥३८४॥ अब श्रृगरिषिको सराप टारो आना मानी फेरौ भेस ॥३८५॥ लोहाकोशेष माछाले खायो परिगयो

अजम्बरका हात ॥३८६॥ लोहाको शेष छेउमा लाग्यो उमृयो तराका पाता ॥३८७॥ ५६ कोटी यडबम्सी साथमा लिप्रभास क्षेत्रमा गए ॥३८८॥ दधिकामण खेल्दा खेल्दै लागगि गयो मात पदसपरमा माहा युद्ध भयो ॥३८९॥ फुलन हक्षता हान्दा हान्दै सकिए उखेले तारका पात ॥३९०॥ तारका पातका माहादुग्ध भयो छिनेहो सबैका साथ ॥३९१॥ ५६ कोटी संगाहार गरी कृष्णज्यू एकला गए ॥३९२॥ थपक बसि उपर खुट्टी लाए कृष्ण ज्यू उदेकाई रहे ॥३९३॥ बालीको छोरो अंगद थियो अजम्वर व्याघ ताहा आयो ॥३९४॥ लोहाकाशेषको अचुक वाण बनायो अजम्बर व्याधा ताहा आयो ॥३९५॥ मृगको कान भनि पाउलाई ठान्यो अचुक वाणछाड्यो ताहा ॥३९६॥ रामराम भनेर कृष्णले भने अजम्बर आत्तिदै ताहा आयो ॥३९७॥ करजोरी विन्ती अजम्बरले गऱ्यो एकु विराम भयो ताहाँ ॥३९८॥ अजम्बर व्याधा भन्न लाग्यो ताहा कृष्ण ज्यूका सामु माछा ॥३९९॥ रामऔतारमा वालीलाई मारयौ उनकै पुत्र अंगदमहु ॥४००॥ त्यैरिष फेर्न योरूपलीए भाचिदिन्छु धनुवाण ताहाँ ॥४०१॥ यतिवात गरी परिक्रमा गरी भाचीदियो धनुवाण ताहाँ ॥४०२॥ आकाशबाट पुष्प वृष्टी भयो दुन्दुवि बाजा बज्न लागो ॥४०३॥ व्याधाको रूप अजम्बर लेगरयो अइद बैकुण्ठ गयो ॥४०४॥ पूर्वैर जन्मा दिएको थियो यो मत हाल गंगा माहाँ ॥४०५॥ उभैबयो मृतहरिद्वारा पुग्यो तैबाटो बैकुण्ठ गयो ॥४०६॥ पछिर गुनि भनिको सुनि रामचन्द्र विप्रलेकहे ॥४०७॥ तर्नाको बाटो विप्रले बनाए बैकुण्ठ होलाकी वाश ॥४०८॥ यो भारत ऐभात बनाए सकाल राखे १७ सहे १३ ॥४०९॥ यो भार खेल्ने खेलाउने हेर्ने सुन्ने ॥४१०॥ सबै पार पञ्च सबैको बैकुण्ठवाश

कृष्ण चरित्र बालुन ईति भार बालुन समाप्त

(अथ बर्नाउनी प्रारम्भ) आशिका

काहाहो तमरो जनम भूमि काहाहो तम्रो रजस्थान ॥१॥ उत्तिमपुरकि जनम भूमि सच्चारहो रजस्थान ॥२॥ कौनेहै राजाकी हौ तिमी बुहारी कौनेहै राजाकी चेलि ॥३॥ जसोमति राजाकी बहु बुहरगी तसोमति राजाकी चेली ॥४॥ कौनेहै राजाकी भान्जी मालिकै कौनेहै राजाकी नातिजी ॥५॥ बास्मति राजाकी भान्जी मालीकै गोविन्द राजाकी नातिनी ॥६॥ उचाहै पर्वतकि मालिकै माता हिमाल चुली तिम्रो रजस्थान ॥७॥ कतिहै लागे बन्चरा मलिकै कतिहै लागे हो कर्मि ॥८॥ ३००० सहे साठी बन्चरा मालीकै सहे साठी लागी गए कर्मी ॥९॥ मालीकै माताको घामैजो बनाउँदा कति हज्जा लाग्यो खर्च ॥१०॥ मालीकै माताको घामैजो बनाउँदा १ लाख हज्जार लाग्यो खर्चा ॥११॥ केउ पिटिपिटि इट बनायौ कहा हो मालिकैको मोठ ॥१२॥

मट्टि पिटिपिटि ईट बनायौ यहाहो मालीकेको मोड ॥१३॥ केऊ कुँदि कुँदि गारो बसायौ कहाँ हो मालिकैको मोठ ॥१४॥ ढुङ्गा कुँदि कुँदि गारो लगायौ त्यहाँ हो मालिकैको मोठ ॥१५॥ केउ पिटिपिट खम्बा गडायौ कहाहो मालिकैको मोठ ॥१६॥ केउ पिटिपिटि निदाल राख्यौ कहाहो मालिकैको मोठ ॥१७॥ तावो पिटिपिटि निदाल राख्यौ त्यही हो मालिकैको मोठ ॥१८॥ केउ पिटिपिटि छानु लगायौ कहाहो मालिकैको मोठ ॥२०॥ चाँदि पिटिपिटि छानु लगायौ त्यही हो मालिकैको मोठ ॥२१॥ केउ पिटिपिटि गजुर निकाल्यौ कहाहौ मालिकैको मोठ ॥२२॥ सुन पिटिपिटि गजुर बसायौ त्यहिहो मालिकको मोठ ॥२३॥ ऋषि ऋषि स्वर देवदेवता मिलि गए हे मालिकैको थान ॥२४॥ मालिकै माताका चारैरमा ढोका उघारे हो चारै ढोका ॥२५॥ चारैर ढोका उघारदै हुदि तिनले वर दान पाए ॥२६॥ मालिकै माताका मोठैजोपरि जोजारै जोरका वेल ॥२७॥ मालिकै माताले वरदान दिन्छीन च्याँहा गर्ने समोचा ॥२८॥ वसनत भाइहो धरमी लोमालिकैमाता जुहारौ ॥२९॥ उठतन भाइ हो घरकी लोड मालिकै माता जुहार्न जाँउ ॥३०॥ मालिकै जुर्हाहुदि केउहै केवर दिन्छीन ॥३१॥ क्षेत्रीयलाई वर दिन्छीन मालिकै माता क्षेत्रसेन हासन्को वर ॥३२॥ क्षेत्रसिहासनको वर मालिकैले दिज्छीन त्यो वसि ॥३३॥ राज काज गर वसनन ॥३४॥ उठतन ॥३५॥ ब्रामणलाई वरन्छिीन मालिकै माता चारहै वेदको वर ॥३६॥ वारैवेदको वर मालिकैले दिन्छीन तहा वसि पाडपुजार गर वसनन ॥३८॥ उठतन ॥३९॥ मदेस्वरलाई वरदिन्छीन मालिकै माता चार है घामको वर ॥४०॥ चारैघामको वर मालिकैले दिन्छीन तहावसी तिर्थवैत गर ॥४१॥ वसतन ॥४२॥ उठतन ॥४३॥ वैश्यलाई वर दिन्छनि मालिकैमाता बन्द व्यापारको वर ॥४४॥ वेपारको वर मालिकैले दिन्छीन तहा वसि वेपार गर ॥४५॥ वसतन ॥४६॥ उठतन ॥४७॥ शुद्रलाई वरदिन्छीन मालिकैमाता खेलीकीसानको वर ॥४८॥ खेती किसानको वर मालिकैले दिन्छीन तहाँ बसी खेती किसान गर ॥४९॥ वसतन ॥५०॥ उठतन ॥५१॥ हात्ती घोडा नहुनेलाई वर दिन्छीन मालिकै हस्तिघोडा वर ॥५२॥ हात्तीघोडाको वर दिन्छीन तहा वसी सवरा गर ॥५३॥ वसतन भाईहो ॥५४॥ उठतन भाईहो ॥५५॥ गाईभैसी नहुनेलाई वर दिन्छीन मालिकैमाता गाई र भैसीको वर ॥५६॥ गाई भैसीको वर मालिकैको दिन्छीन ताहाँ बसी सयर गर ॥५७॥ बसतन ॥५८॥ उठतन ॥५९॥ अल्पाईलाई वर दिन्छीन मालिकै माता विस सहे आयूको वर ॥६०॥ विसासहे वर मालिकै लेदिन्छीन युगयुग चिरजीवी वर ॥६१॥ वसतन ॥६२॥ उठतन ॥६३॥ विवाह नहुनेलाई बर दिन्छीन मालिकै माता दुवैलाई विवाहको वर ॥६४॥ विवाहको वर मालिकै लेदिन्छीन खुशीभै विवाह गए ॥६५॥ बसतन ॥६६॥ उठतन ॥६७॥ छोरा छोरी नहुनेलाई वर दिन्छीन मालिकै माता

५/५ पुत्र पुत्रीकी बर ॥६८॥ छोरा छोरीको बर माली कै लेदिन्छीन घरै वशी अडाई घोडा काशनतामा सुन चादी कमल कपडा धन द्रव्य अन्न पानी कुल कुटुम्ब मावली शशुराली फुपु चेला मामा चेला भान्जा भान्जी इष्टमित्र दाजु भाई दिदी बैनी आमा बाबु केही पनि कल्पै नहुनेलाई वर दिन्छीन मालिकै माता ताहा बसि हेर चार सवार थोन्को मुन्को लवाई खवाई इन्त बोली चाली दिनु लिनु विहेदान धर्मकर्म पालन पोषण खुशी भई गर ॥७२॥ लालरु पातरु घरु छैवाहो परिगए सुनका बलिन्द्र हो ॥७३॥ इन ईन बलिन्द्रले ईनै वालै चन्द्रलाई राम लक्ष्मण भरत सत्रुग्धन रामी सिता सबै नुहाई हो परिगए सुनका बलिन्द्र हो ॥७४॥ गर्जि मेघ वर्शिगए बुद ओलरि पोलरी सुवर्ण कि छाया हो । वास्न थाले कुखुरा घुर्न थाले परेवा लेउन सिता भागजई गंगा जलको चोखो पानी जाउनमा बुजु लेउन लेउन हो हो हो ईनै बाले चन्द्रलाई नुहाई धुवाई आर्शीवाद दिजौ हौ होहोहो आर्शीवाद दिजौ हो ॥७५॥ घरुनिले घरु शैयाहो पुतली नुवाई हो उनै ल्याउलिन सिता भाउजै लगनको चोखो पानी हो ॥७६॥ लालरु पातरु घरु ॥७७॥ ईन ईन बलिन्द्रले नन्द जसोदा बलराम रोहिणी श्रीकृष्ण आठरानी छपन्न कोी यदुबसी कालीकाा मालीका भवनी ईन्द्र अग्नी यमनिरिति वरुण वायू कुवेर शिवजी आकासका चन्द्र सूर्य पातालका अष्ट नाग मद्ये मण्डलका विष्णु भगवान अठाषि हज्जार रिषि रिषेस्वर नौलाख तारा सबै नुहायौ हो परि गए ॥७८॥ यिन यिन बलिन्द्रले पुर्वदिका परशुराम ब्रम्हपुत्र कामरु कामक्षेमाई खार समुद्र छिर समुन्द्र निर समुन्द्र सप्त टिष्टा माई वडा रङ्गी छोटा रङ्गी माहा माँई जोगमाई कनकाई माई पुष्ण माई रत्न माई शिवलाई सप्त सन्सारी माई पुर्वदिशाका लौरे निशाने देविदेउराली सबै नुहाई हो परि ॥७९॥ ईन ईन बलिन्द्रले दक्षिण दिशा ॥८०॥ ईन ईन बलिन्दैले पश्चिम दिशाका ॥८१॥ ईन ईन बलिन्द्रले उत्तर दिशाका ॥८२॥ ईन ईन बलिन्द्रले आकाशकेरेका नौलाख तारा चन्द्रसूर्य पातालकेरेका ॥८३॥ ईन ईन बलिन्द्रले ग्रामेत्थी देवीदेउराली ई सबै नुहायौ हो ॥८४॥ ईन ईन बलिन्द्रले सूर्यकुण्ड ००॥ पाभ पाण्डव ००॥ सपरिवार नुहाई हो ॥८५॥ ईन ईन बलिन्द्रले ९ नाथ परिवार नुहाई हो ॥८६॥ ईन ईन बलिन्द्रले गाई भैसी ॥ ॥॥ बडाबाकाक सबै भने ॥८६॥ मातापिता ई सबै भन्ने ॥८७॥ राम लक्ष्मण हनुमान विर उठायौ बालैको शिर ॥८८॥ केलेहै उज्यालो मालिकैको गोठ केलेहै उज्याली माथ ॥९१॥ पिपले उज्यालो मालिकैको गोठ सिन्दुरले उज्यालो माथा ॥९३॥ केलेहै भरिन्छ मालीकैको गोठ केलेहै भरिन्छ माथ ॥९४॥ चन्दन अक्षता ले भरिन्छ मानिसको माथ सिन्दुर अक्षताले भरिन्छ साथ ॥९५॥ केलेहै उज्यालो मालिकैको मोठ केलेहै उज्यालो काख ॥९६॥ अक्षेत पातिले भरिन्छ मालिकैको मोठ

छोरा छोरीले भरिन्छ काखा ॥९७॥ केलेहै उज्यालो मालिकैको मोठ केलेहै उज्यालो घर ॥९७॥ अक्षेतु पातिले भरिन्छ मालिकैको मोठ छोराछोरी बुबा आमाले त्ररिन्छ घडा ॥९८॥

(वारीखेत भन्दै लाने)

कौने दिशा गयौ वाले काहा परो कौन हो देवताको घाम ॥१०४॥ पूर्वे दिशा गयौ मातु विचै परयो डेरा इन्द्रहै देवताको घाम ॥१०५॥ कौन दिशा गयौ बालै ॥१०६॥ आग्नय दिशा गयौ अग्नी देवता घामक ॥१०६॥ कौने दिशा गयौ बालै ॥१०७॥ दक्षिण गयौ सरस्वति देवताको घाम ॥१०८॥ कौने दिशा गयौ बालै ॥१०९॥ नैरित निरिहै देवताको घाम ॥११०॥ कौने दिशा गयौ बालै ॥११२॥ पश्चिम वरुण देवताको घाम ॥११३॥ कौने दिशा । उत्तर दिशा कुवेर लक्ष्मी ॥११४॥ कौने दिशा ॥११५॥ ईसान दिशा सदा सिव देवता हो घाम ॥११७॥ कौन दिशा पूर्व रिग वेद : ॥ कौने दिशा : दक्षिण दिशा जर्जुर वेद रिग वेद : ॥:। पश्चिम सामवेद देवता ॥:॥ कौनेदिशा : उत्तर दिशा अथर्वबेद देवताको घाम ।:॥ कौने दिशा गयौ बालै काहा बस्यौ बाश काहा बाट फेरयौ शास केखायौ गास केबाट फेरयौ साा को थिए साथ कौने देवता का घाम ॥:॥ एसै मर्ते मण्डलमा बस्यौ नातु डेरा ईहि बस्यौ बाश विष्णु थिए साथ अमृत खायौ गास नाकबाट फेरौ साथ विष्णु है देवताको घाम ॥००॥ विष्णु है देवताको घाम जस्तो थिरैरहे बालै जोग जोग चिरजिवी भए । (यो जोग जोचिरजिवि चाहि जुन दिशाको खेला हुन्छ त्यो भनिरहने लेखाईमा छैन मिलाएर गर्नुपर्छ)

धूवैतारा जस्तो अटल रहे बालै जुग जुग जिरजिवी भए

क्रमाङ्गत

राम लक्ष्मणजस्तो सत्ती रहे बालै : वायु देवताको जस्तो शक्तिरहे बालै ..............

हिमाल चुली ................. दुवो मौलेजस्तो ................. भिमसेनको जस्तो

शक्ति रहे ................. अर्जुनको जस्तो धनै रहे ................. कुवरेको जस्तो

धनै रहे ................. कर्णको जस्तो दानै रहे ................. सिताजिको जस्तो

अईभात रहे ................. केरागाजेजस्तो गाजीरहे बालै .................

कसले आयो फुलकि कसलेगाभ्यो फूल ॥१६०॥ सिताले लाईन पुलकी बारी मालिनीले गाथीन हो फुन ॥१६१॥ कसले लायो नारङ्ग उखु कसले गाड्यो फूल ॥१६२॥ अक्रुरले आए नारिङ्ग उखु ब्रम्हजिले गाडेको फुल ॥१६३॥ उसले लगायो कदलि बारी कसले खेलायो सार ॥१६४॥ रामज्यूले लगाए कदली बारी कर्ताले खेलायो सार ॥१६५॥ कसले लायो सुन्ला बारी कसले खेलेहो सार ॥१६६॥ लक्ष्मणले लगाए सुन्तला बारी पञ्चले खेलेहो सार ॥१६७॥ कसले लगायो बारी विरुवा कसले उखल्यो फुल ॥१६८॥ रावणले लगायो बारीवीरवा हनुमानले खउले फुल ॥१६९॥ कसले बोके मालिकैमाता कतारि सेलाउन लगे ॥१७०॥ कर्ताले बोके मालिकै माता समुद्र सेलाउन गए ॥१७१॥ सुनन सुन चतुरमुखी ब्रम्हा एकूहै विनती ल्यौना ॥१७२॥ धुप र दीप अक्षता र पाती मालीनी गरी देऊन ॥१७३॥

इती कृष्ण चरित्र बालुन आसीका ॥समाप्त॥

परिशिष्ट 'ख'

रामायण बालुन

श्री गणेशाय नमः श्री सरस्वत्यै नमःाअथः रामायण बालुन लिष्येते ॥ॐ॥ सते सुकिर्ति गणपति ब्रम्ह ताम्वी है दरवारदा ॐ॥ औं श्रीरिराम ॐ श्रीरिराम भजौ है राम को नाम ॥१॥ सतेसुकिर्ति गणपति ब्रहम लंवोदर वारदाता ॥२॥ तृता जुग आदिका सुर्ज बसी भुपराजा जादील्लर्प धर्मिकषुष ॥३॥ तीनका पुत्र अजार नवरथभनी ॥नीतिका पुराथीये पनि ॥४॥ दिल्ली पराजा पुत्र दसरथ अजुदेमा भै यो जन्म ॥५॥ दैते राजा माहावली वृषा प्रवधीयो ॥ ती नै लोक वस्गारि लीये ॥६॥ सबै राजाहरूले करितुभरि नामरहयो बाथे दैतेलाई सबैले मान्थे ॥७॥ अजुदेकार राजा दसरथ पनि नामरहयो चक्रवर्ती भनी ॥८॥ कौसीला सुमीत्रा डेवइ रानी सात सहेति तोती माहा ॥९॥ सन्तान छैनन् भनेर सुर्ताउँमा गरी राजा डेल्थे तीनै लोक भरि ॥१०॥ वृषाप्रव दैते दशरथलाई देवी भन्या अजुध्देव जाइएं ॥११॥ कि राजा तिमी श्रीतु भरिषा उनकी राजा जुजे पो देऊ ॥१२॥ राजा भन्छन् दसरथ श्रीतुभरि षान्नु (खान्न) मान्न तेराघर जान्न ॥१३॥ सार्मथ्य छ भने संग्रो गरी जीति लैजा मेरो राज्य हरी ॥१४॥ यस्तो जवाफ सुनेर फौजतयो गऱ्यो ती दुर्यको माहा संग्राम पऱ्यो ॥१५॥ धनु र वाण रथ घोडा मकुट कवच के कै रानी लागि साथ ॥१६॥ ये कुरा वाचा दोसरा वाचा वधायो तेसरो वाचा ॥१७॥ ये कुर वण दैतले छाड्यो रथको ठेणी भाँची गयो ॥१८॥ केकई रानी साथमाथि इ अंगुली ठेडी दीई ॥१९॥ दोसरी वान दैतेले छाड्यो रथको आगलो भाँच्यो ॥२०॥ केकई रानी साथमा थिईन पाखुरी आँगलो दिइन् ॥२१॥ तेसरो वाण दत्यले छाड्यो रथ षल्वल्यायो ॥२२॥ केकई रानी साथमा थिइन पवनले रथ बँधाइन ॥२३॥ ये कु र वाण दशरथले छाडे दैतेको दल सबै माऱ्यो ॥२४॥ दोसरो वाण दसरथले छाडे दैतेलाई भुतुक्कै पाऱ्यो ॥२५॥ तेसरो वाण दसरथले छाडे दैतेको संगारै पाऱ्यो ॥२६॥ दसरथ राजा चक्रव्रर्ती भए फर्केर अजुधेमा गये ॥२७॥ सबै राजा जीतेर सन्तोष भयो सन्तान वीना विसन्तोष भयो ॥२८॥ सिकारका दसरथ दिनदिनै जान्थे मृगमारि पकुवा षान्थे ॥२९॥ येक वैसे अंधा अंधी भै सधैं वस्थे लवनवास रई ॥३०॥ येक छोरामात्र थिये, बाबुआमालाई वस्थ्यो फलजन ख्वोई ॥३१॥ सिकार खेल्थे दसरथ वन वन सरोवर तलाउ देख्ता भये ॥३२॥ वरका गाछ मुनी वस्ता भये जाइषेल्दै थिये जल षाई ॥३३॥ सितलु हाथ वर्न्ई अषाताली लाये जल भर्न अन्धा पुत्र गयो ॥३४॥ पटुकीमा जल भर्दा गुडगुड गऱ्यो, राजाका कानमा पऱ्यो ॥३५॥ लोलीयका राजाले मृग भनि ठाने झटपट

अचुक्वाण हाने ॥३६॥ अंधा पुत्र बैंसेलाई वान लाँग्न गयो ग्रीदो भयो अचे भई ॥३७॥ क्या हो भनी राजाले सुध्यायेताहाँ सुस्मवीस्तार कई भयो ताहाँ ॥३८॥ दाछवोकी लगेर अंधा-अधीलाई तिम्रो छोरो मऱ्यो भनी जाई ॥३९॥ भोरपरि माऱ्येको वीस्तार सुनी भन्न लागे अंधाअंधी पनि ॥४०॥ छोरा मारि दियौ राजा हामी पनि मछौ बालीद्यौ अग्नी प्रवेश गछौं ॥४१॥ यति भनी अंधाअंधी अग्नी प्रवेश गरे, राजालाई सराप्दीई मऱ्ये ॥४२॥ छोराको सुर्ता गरी हामी गञ्जुऊ मरि तिमी मर्नु पुत्र सोक परि ॥४३॥ हर्ष र विष्मते दुवै भयो सराप सुन्दा महाँ ॥४४॥ छोरा मेरा हुने भए सरापले भनी दरवार फिऱ्यो राजा पनि ॥४५॥ गूरुब्रम्हा देवीको पूजा गरी षाथे नृमल सेलाउन जाथे ॥४६॥ दसरथ राजाले नृमल सेलाई दीये भगेरुले अछेतु षायो ॥४७॥ षायो भनी राजाले हाँ भनी दीये भगेरुले अैस्ववताये ॥४८॥ अपुत्राको अन्न षानु छैन भनी उडि गए भंगेरु पनि ॥४९॥ भगेराका वचन राजाले सुने भन्दा भये रानीहरूलाई पनि ॥५०॥ अपुत्राको वचन कै सेपनहरू दरपन ल्येउ झिकी हेरौ ॥५१॥ दर्पनौ छायौ हेर दैरउदी सेतै भैगायो माथ ॥५२॥ सेतै भयो माथ वृदै भयो गाथ तरवारले उधसी मर्छु ॥५३॥ तरवारधासि धसी जनी भर प्रभु तिमी हामी जाऊ गुरुधाम ॥५४॥ वारैखरी सकी सौवारे औसी सरजीनुवाउनै जाऊ ॥५५॥ पुर्षाले पुजेका वसीसृगुरु पाऊमा डंडवत लाऊँ ॥५६॥ यति भनी राजारानी सरजीउमा गये गुरुसँग हो भेला भे ॥५७॥ वृर्द भञ्यु अर्म्यचना हाम्र सन्तान छैनन् छोरा पाउन उपदेश देउन ॥५८॥ राजाको हुकु गुरुले सने मनमा जेग्रो गर्नु हुने ॥५९॥ जेग्गे गर महाराजा श्रीरीगऋषी ल्याऊ हिमालमा लीप ठाउँ ॥६०॥ यति भनी भेला भई जेग्गे गरे अनी अग्नीले प्रसादल्याये पनि ॥६१॥ यो पायेस रानीलाई षाव भनी देऊ छोरा हुना भनी जानीलेऊ ॥६२॥ यो वर दिएर अग्नी भये लुप्य, राजालाई हर्ष भयो षुव ॥६३॥ पायेस्का दुई भाग रानीले पारिन केकैलाई येक भाग सारिन ॥६४॥ तेस वेला सुमित्रा, छमछ आईन दुईभागको खाधघार आधा षाइन ॥६५॥ कौशिला, सुमित्रा, केकई रानी गर्भवती भनेर जानी ॥६६॥ राजा षुसी रहे, पुत्र पैदा भये श्रदान गर्न भनी गयो ॥६७॥ चैत्रमास सुक्ल पक्ष नवमीका दिन पुर्नवसु नछेत्रलीन ॥६८॥ कौसिलापुत्र और्ताभये राम तिष्येका भरथ भनी जान ॥६९॥ भरथपुत्र भये केकईका अर्नि लछयोमिन मन सत्रुधन पनि ॥७०॥ जम्ल्याहापुत्र भये सुमित्राका उस्तै पायेस्कै अनुसार जस्तै ॥७१॥ रामकासँग वस्थे लछयोमन भाई सुत्रधन भरथलाई ॥७२॥ नछोडी षेल्दथे दिनदिन माहा भाई सत्रुधन ताहाँ ॥७३॥ रामकासँग बस्थे लछयोमन राममागी लगे गौतमका धाम ॥७४॥ ताडका राक्षी बाटैमा मरिई अइल्याको सरापटारी ॥७५॥ जनकपुर गयेर विवागरी दिये चार कन्थे जनकपुरमा थि ॥७६॥ सीता रस

झक्क ती जनकपुरको कन्थे उर्मीला माडवी भन्ने ॥७७॥ जनषका भएका दुई कन्थे थिये चार भाइलाई चारकन्थे दिये ॥७८॥ विवाहगरी सकेर बाटामा आए, परसुरामले देषन पाए ॥७९॥ पर्सुरामको गर्भ तोडी अज्जुधेमा आए, सबैलॆ सन्तोष पाये ॥८०॥ रामलाई रजाई अब दिन्छ भनी दशरथको मुन सुव गरे अनी ॥८१॥ भुर्भाहन औतार थियो, रामकोकाम भरथले ता केकै नाम ॥८२॥ स्वरूप र स्वभावका राजा वसथीये ती बार्को वाचा गरी लिए ॥८३॥ भरथलाई राजयै दिनु हव राजै सिताराम वन जाउन आजै ॥८४॥ यस्तो वाचा गराई दशरथलाई लटयोमन साथ गए भाई ॥८५॥ सीताराम लछयोमन वन जाँदा भए भरथ लीइन मामा काँ गये ॥८६॥ दशरथ राजाले प्राणत्याग गरे ताहाँ पछि भरथ आये ॥८७॥ बाबुको क्रीया सकी ठूलो क्रोध गरी मथुराको मूल सातो हरी ॥८८॥ केही वार्तामा तिरस्कार गरी भरथ गए प्रस्थान गरी ॥८९॥ चित्रकुट नगरीमा सीताराम थिये तेरैस भरथले लिये ॥९०॥ गंगाजीमा गुहा कोमल थिये सीतारामलाई कै दिए ॥९१॥ सोधी षोजी भरथ चित्रकुट गए, सीतासँग भेला भये ॥९२॥ राजाको सब क्रिया रामजीले गरे भरथ पाउमा पऱ्ये ॥९३॥ जाउँ दाजै अज्युध्येमा राज्यले तिमी चार्कगरी वस्तछौ हामी ॥९४॥ यस्तो विलाप धेरै गरी भरथपाउ परे राजीले हुकुम गरे ॥९५॥ चौधवर्ष वनीवास तैले गर्नु भनी, भरथले राज्ये गर्नु पनि ॥९६॥ पीताज्यूको हुकुम भयो पुरा गर्छु भाई बसी रहु अज्युध्येमा जाई ॥९७॥ येति भनी सीताराम वावास गये, षराउ मागी मतथफिर्दा भये ॥९८॥ पञ्चवटी गयेर सीताराम बसे मृग मार्न वगर बनमा षसे ॥९९॥ राउन्ने की बहिनी सुपर्नेमा थिई आइपुगीन तेइ बाटो लिइन ॥१००॥ भन्न लागिन राछेसीनी त तिम्री हुन्छ, नमाने तिम्री रानी षान्छु ॥१०१॥ यति भनि सीता षानु मुषवाई नाक्कान काटे तेसलाई ॥१०२॥ चौदहर्जा राछेसी वनभित्र थिये नाक्काटी लिई देषि लिर्ए ॥१०३॥ राक्षसको मालिक तृसीर्षण थियो, सीतारामलाई आई धेरा दियो ॥१०४॥ राछेसबै रामले दिनु भयो मारी नाककाटी गई समुन्द्र पारी ॥१०५॥ नाकाटीकी वैनी देषि रावण गयो विस्तार सबै सोद्धो भयो ॥१०६॥ सीतारामको समाचार नाकाटीले कही मारिचलाई रावन भन्छ गई ॥१०७॥ सीतारामको माडेली मागमृग भैजाऊ सीता हर्छु अनि आऊ ॥१०८॥ मान्दैनथ्यो करलाई जल्दीप गयो मृग भै मारिय आयो ॥१०९॥ सुनको मृग भोलीमिली षुप सीताले देख्नु भयो रूप ॥११०॥ पक्री ल्याऊ त्यो मृग खेलाउछु मैले नल्याए हत्ये गरी मर्छु अहिल्यै ॥१११॥ सीताको वचन सीर गरी हिड्नु भयो भस्मरे धरी ॥११२॥ आयो राउन्ने त्यस वखत भिक्षु रूप गरी हऱ्यो सीता रथमा धरी ॥११३॥ आकास मार्ग गरी राउन्ने गैरो जट्टायुले देख्तो भैगो ॥११४॥ जटायु गरुडले सीता षोस्दु भनी रथ टुगा परिदियो पनि ॥११५॥ पखेटाा

काटेर राउन्नेले गयो जटायु ऊ ग्रिदो भयो ॥११६॥ लङ्का लागि सीतालाई बगैचामा छाडी राउन्ने दरवारमा गयो ॥११७॥ राक्षसी केटीले सेवा गरी रहे लछयोमन राम फिदौ भये ॥११८॥ देखेनन् सीता र विलाप गरिगरि रोइ रहे त्यस रात भरि ॥११९॥ भोली वेर उठेर वनवनै गये जटायु देख्ता भये ॥१२०॥ कबन्ध राक्षसमारी मुक्ति पारी जानु भयो आफै हरि ॥१२१॥ वानर वाली सुग्रिव दुई भाई थिया आफू आफू विरोध गरी लिया ॥१२२॥ वालीका डरले लुकी श्रुग्रिव वस्थे ऋषे मुख गरी वन पस्थे ॥१२३॥ रामलछयोमनसँग भेट भई राम सुग्रिव मित्र हुनु भयो ॥१२४॥ वाली मारी रजाई सुग्रिवालाई दिई वानरको सेनाफौजलिई ॥१२५॥ सुग्रिवका सेवक हनुमान थिए सिता षेन्जपठाई दिये ॥१२६॥ रामज्यूको औठी लिई हनुमान गये लङ्कामा सीता भेट्ता भये ॥१२७॥ सीता भईलाई पैले सन्तास पारी राउन्नेको छोरी मारी ॥१२८॥ राउन्नेका रिसले लङ्का सहर पोली सीतासँग खुसामद वोली ॥१२९॥ फर्केर हनुमान ऋषये मुख गये सिताको समाचार कहे ॥१३०॥ वानरको फौज जति समुन्द्र गयै सामगु बनाई लङ्का जाँदा भये ॥१३१॥ समुन्द्रका तिरका विभिषण आये, रामज्यूको सरण पाये ॥१३२॥ समुन्द्र तरेर त्रिकुट पवर्त गये लंका रमिता हेर्दा भये ॥१३३॥ सुकदुत पठाये र समचार दिये राउन्नेको गर्भ तोडि लिए ॥१३४॥ लर्छसभने चाँडो आइज भाई छोरालाई ज्येमलोकको सनादिई ॥१३५॥ समाचार सुक देख पायो भाइछोरा लिइकन आयो ॥१३६॥ लछयोमणइन्द्रजीत तिमी दुई लरइन्द्र जालमार्ने जुक्ति गर ॥१३७॥ राउण कुम्भकर्णसँग म रौ लर्छु जस्तो पर्छ उस्तै काम गर्छु ॥१३८॥ हुमु दिएर रणस्थलमा गया, इन्द्रजिलछयोमन लर्दा भये ॥१३९॥ विश्वमित्र ऋषिले लछ्योमनलाई मन्त्रदिए जनकपुर जाई ॥१४०॥ भोक र निन्द्रा बाह्रै वर्ष समम हिडेको दिन्देखी खायेनन् सुतेनन् ताहाँ ॥१४१॥ राउन्नेको पुत्रइन्द्रजितलाई सबैवस्थीय वरपाई ॥१४२॥ वारवर्ष नखाने त्यस्तो पुरुस्भई अनि मरौलाभनि वर मागी ॥१४३॥ (थप रामायण बालुन परिशिष्ठमा राखिएको छ )

अन्त्यमा
ओमश्री जगदम्बा पार्वतमाता रछ गर सिद्धिदाता दुर्गाहार भवानी
राधिकामाई रक्षे गरहै सबैलाई । ब्रहम, विष्णु, महेश्वर, सूर्ज्ये, सावित्री लछिमी ॥
ओम आकासमा तेत्तिसकोटी पातालका नानगगेनी, लौ भाई हो अष्टसिद्धि माग । परमात्मा परब्रम्हा सबै देउदेउताहरू सबै लै रक्षे गर ।
अरु भाईलाई दण्डवत मनले गरी हातले चरनधरि माताको कितन सबैले गाई ध्यान गरौ भगवतिलाई । ओम श्री दुर्गा ओम श्री, ओम श्री दुर्गा ओम श्री सबैजसो दुर्गालाई । .........
(यस्तै गरेर आषिश दिने)

सन्दर्भ सामग्री

१. आचार्य, कृष्णप्रसाद, पूर्व, आधुनिक नेपाली साहित्य, लोकसाहित्य, आधुनिक नेपाली निबन्ध, काठमाडौं : क्षितिज प्रकाशन २०६३ ।
२. उपाध्याय कृष्णदेव, लोकसाहित्यकी रूपरेखा, इलाहावादः लोक भारती प्रकाशन १९८८ ई ।
३. कन्दङ्वा काजीमान, नेपाली जनसाहित्य, काठमाडौंः रोयल नेपाल एकेडेमी, २०२० ।
४. कार्की रणबहादुर, इलाम दर्शन, काठः कलर एक्सप्रेस प्रा.लि. २०५८ ।
५. गीरि जिवेन्द्रदेव, लोकसाहित्यको अवलोकन, काठमाडौंः एकता प्रकाशन २०५७।
६. गैर इश्वरीप्रसाद, लोकसाहित्य र पूर्वआधुनिक नेपाली साहित्य, कीर्तिपुरः विद्यार्थी पुस्तक भण्डार, २०६० ।
७. गौतम धरणी, इलामको परिचय र इलामको साहित्य, काठमाडौंः मुनलाइट प्रकाशन २०६५ ।
८. थापा धर्मराज, हंशपुरे सुवेदी, नेपाली लोकसाहित्यको विवेचना, काठमाडौंः पा.वि.के. २०४१ ।
९. पौडेल राजेन्द्रप्रसाद, कमला खोचको लोकगीतको संकलन, वर्गीकरण र विश्लेषण, अप्रकाशित शोध प्रबन्ध, त्रि.वि.वि. २०४३ ।
१०. भण्डारी यादव र राजन भट्टराई नेपाली साहित्य र समालोचना, काठमाडौंः हजुरको प्रकाशन २०६२ ।
११. भरतमुनि, नाट्यशास्त्र ।

१३. वृहद नेपाली शब्दकोष साझा प्रकाशन

१४. शर्मा मोहनराज र खगेन्द्र लुइटेल, लोकवार्ता विज्ञान र लोक साहित्य, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

१५. सतेन्द्र, लोकसाहित्य विज्ञान, आगराः शिवलाल अग्रवाल एण्ड कम्पनी, १९७१ ई

१६. तिम्सीना शरद, सन्दकपुर दैनिक, २०६७ इलाम ।